स्थानीय पाठ्यक्रम

# मिक्लाजुङ दर्पण २०८०

## आधारभूत तह (कक्षा १-८)





## मिक्लाजुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मिक्लाजुङ, मोरङ

# हाम्रो भनाइ

शिक्षाको गुणस्तर मापन सिकारुले सिकेको सिप र सँस्कार सहितको ज्ञानले मात्र गर्न सकिन्छ भन्ने मान्यतालाई अङ्गिकार गरेको मिक्लाजुङ गाउँपालिकाको आधारभूत तह कक्षा १—८ को यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासको मार्गदर्शनको रूपमा लिइएको छ । यस पाठ्यक्रमको निर्माणका क्रममा मिक्लाजुङ गाउँपालिका भित्रका महत्वपूर्ण प्राकृतिक, ऐतिहाँसिक, परम्परागत, साँस्कृतिक, भाषिक तथा धार्मिक विषय क्षेत्रहरु समेटेर जीवनोपयोगी तथा व्यवहार कुशल सिपहरूलाई सहित विषय वस्तुको क्षेत्र र क्रममा मिलाउने प्रयास गरिएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन आधारभूत शिक्षालाई तीन तहमा राखी कक्षा १—३, कक्षा ४—५ र कक्षा ६—८ का तहगत सक्षमताहरूलाई समेत समावेश गरिएको छ ।

स्थानीय विषयवस्तुमा आधारित यस पाठ्यक्रमको निर्माण प्रकृयामा स्थानीय विषय क्षेत्र, सक्षमता तथा उद्देश्यको निर्धारण गर्न निरन्तर लाग्नु भएका तथा पाठ्यक्रमको आधार तयार गर्न सक्रिय सहभागिता जनाउनु हुने सामाजिक विकास समिति संयोजक, गाउँ कार्यपालिका प्रतिनिधि, क्याम्पस प्रमुख, प्रधानाध्यापक, शिक्षक, कला साहित्य लगायत विभिन्न क्षेत्रका सबै व्यक्तिहरूप्रति कृतज्ञता व्यक्त गर्दै पाठ्यक्रम विकासमा प्रविधिक सहजीकरण गर्नुहुने शिक्षा सेवाका पूर्व उपसचिवहरु श्री अशोककुमार कालाखेती, श्री तुलसीनारायण अधिकारी, श्री बोलराज खनाल तथा श्री शम्भुप्रसाद भट्टराईमा हार्दिक कृतज्ञतासहित धन्यवाद व्यक्त गर्दछौं । स्थानीय पाठ्यक्रमको विकासका क्रममा प्रमुख सल्लाहकारको रुपमा निर्णायक भूमिका खेल्नुहुने गाउँपालिका अध्यक्ष श्री बविकुमार राई, उपाध्यक्ष श्री दिने पौडेल तथा प्रमुख प्रशासकीय अधिकृत श्री डम्मरु वल्लभ वराल प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

मिक्लाजुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक तथा सरोकारवालाबाट सकारात्मक सहयोग र रचनात्मक सुझावको अपेक्षा गरिएको छ।

**– पाठ्यक्रम निर्माण समिति**

# भूमिका

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्णरुपमा समेट्न सक्दैन भन्ने मान्यताको आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल एक बहुभाषी, बहुजाति, बहुधार्मिक र बहुसांस्कृतिक मूलुक हो । हरेक ठाउँका आवश्यकता र चाहना फरक फरक हुन सक्छन् । त्यसैले स्थानीय आवश्यकताका विषयवस्तुलाई मनन गरी त्यहींका नागरिकको अपनत्व हुनेगरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु हुनु पर्दछ । जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीय स्तरमा रहेका आवश्यकता र चाहनालाई सम्वोधन गरी भोलिका राष्ट्रका संवाहक आजका बालबालिकाहरुमा स्थानीय महत्त्वपूर्ण क्षेत्रको पहिचान गरी आफ्नोपनको महसुस गराउन सक्नुपर्दछ । यसरी निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई केन्द्रीय पाठ्यक्रमको खुड्किलोका रुपमा पनि लिन सकिन्छ ।

नेपालको संविधान २०७२ मा शिक्षा तथा भाषा तथा संस्कृति सम्बन्धि हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । विद्यालय तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकार मातहतमा रहने व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐनले स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरिएको छ । स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवाला पक्षले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले त्यस समाजका आवश्यकताहरुलाई संवोधन गर्दै सिकारुलाई सिकाइप्रति उत्प्रेरित गर्दछ । सिकाइमा स्थायित्व र व्यावहारिकता प्रदान गर्दछ । सिकारु र शिक्षक बिच सामिप्यता ल्याउँछ । समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । स्थानीय परम्परा, मूल्य, मान्यता र संस्कृतिलाई जर्गेना गर्छ । नयाँ सिप र प्रविधिलाई अन्तराष्ट्रिय बजारसम्म जोड्नका लागि सहयोग गर्छ । समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुर्याउँछ ।

स्थानीय आवश्यकतालाई उचित रुपमा संबोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने प्रयास विश्वव्यापी रुपमा भइरहेको छ । केन्द्रीय पाठ्यक्रमले विश्वव्यापीकरणतर्फ जोड दिने र स्थानीयतहलाई पूर्णरुपमा समेट्न नसकेको आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै स्थानीय विषय समेत समावेश गर्न सकिने प्रावधान रहेकाले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय सँस्कार र सस्कृतिको संरक्षण गर्दै स्थानीय आवश्यकताको अनुरुप, यहींको माटो सुहाउँदो मानव स्रोत उत्पादन गर्ने लक्ष्य मिक्लाजुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम ले "मिक्लाजुङ दर्पण" लिएको छ । पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरुको मेरुदण्ड हो । यसले कुनै पनि शैक्षिक गर्न पूर्ण कार्यक्रमलाई संगठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्तिसहयोग गर्दछ । यसमा विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरु समावेश हुन्छन् । सो अनुरुप मिक्लाजुङ गाउँपालिकाको ले पनि विद्यार्थीहरुमा समयसापेक्ष विधि र प्रविधिको प्रयोग "मिक्लाजुङ दर्पण" हितको ज्ञानलेगर्दै सँस्कार र सस्कृति स मात्र शिक्षा गुणस्तरीय हुनसक्छ भन्ने मान्यतालाई मुल आधारका रुपमा लिई, आधारभूत तहकालागि १०० पूर्णाङ्कको यो पाठ्यक्रम निर्माण गर्ने सतत प्रयास गरेको छ । स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्त्व बोकेका स्थलहरुको संरक्षण र संवद्धन गर्ने यत्न गरिएको छ । यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरुका लागि अझ उपयोगी बनाउन तत्पर रहेको छ । आफ्नो क्षेत्रमा रहेका महत्त्वपूर्ण वस्तुहरुको परिचय गराई उनीहरुमा आफ्नो ठाउँ, कला, सँस्कार र संस्कृतिसँग परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, स्वावलम्बी बन्ने धारणाको विकास गराउनु यस पाठ्यक्रमको मुल धेय रहेको छ ।

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | १ |
| २.१. | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ | १ |
| २.२. | आधारभूत शिक्षा (कक्षा १—८) का तहगत सक्षमता | २ |
| ३. | स्थानीय पाठ्यक्रमको सन्दर्भ | ३ |
| ४. | स्थानीय पाठ्यक्रम विकासको औचित्य | ४ |
| ५. | स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया | ५ |
| ६. | स्थानीय विषय (कक्षा १—८) का विषयवस्तुको क्षेत्रः | ६ |
| ७. | मिक्लाजुङ दर्पण विषयका सक्षमताहरू | ७ |
| ७.१. | कक्षा १—३ का सक्षमताहरू | ७ |
| ७.२. | कक्षा ४—५ का सक्षमताहरू | ७ |
| ७.३. | कक्षा ६—८ का सक्षमताहरू | ८ |
| ८. | कक्षागत सिकाइ उपलब्धि | ९ |
| ८.१. | आधारभूत तह, कक्षा १ — ३ | ९ |
| ८.२. | आधारभूत तह, कक्षा ४ — ५ | ११ |
| ८.३. | आधारभूत तह, कक्षा ६ — ८ | १३ |
| ९. | कक्षागत क्षेत्र र क्रम | १६ |
| ९.१. | कक्षा १ — ३ | १६ |
| ९.२. | कक्षा ४ — ५ | १९ |
| ९.३. | कक्षा ६ — ८ | २० |
| १०. | विषयवस्तुको विस्तृतीकरण | २४ |
| १०.१. | कक्षा १ | २४ |
| १०.२. | कक्षा २ | २९ |
| १०.३. | कक्षा ३ | ३४ |
| १०.४. | कक्षा ४ | ३९ |
| १०.५. | कक्षा ५ | ४६ |
| १०.६. | कक्षा ६ | ५४ |
| १०.७. | कक्षा ७ | ६१ |

| | | |
|---|---|---|
| १०.८. | कक्षा ८ | ६९ |
| ११. | सिकाइ सहजीकरण प्रक्रियाः | ७८ |
| १२. | विद्यार्थी मूल्याङ्कन प्रक्रियाः | ७८ |
| १३. | तालिका | |
| १३.१. | तालिका १ : आधारभूत शिक्षा (कक्षा १—३) को पाठ्यक्रम संरचना | ३ |
| १३.२. | तालिका २ : आधारभूत शिक्षा (कक्षा ४—५) को पाठ्यक्रम संरचना | ३ |
| १३.३. | तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६—८) को पाठ्यक्रम संरचना | ४ |
| १४. | अनुसूची १ : विशिष्टिकरण तालिका | ८७ |
| १५. | अनुसूची २ : स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार र स्थानीय पाठ्यक्रम विकास कार्यदल | ८८ |

# मिक्लाजुङ गाउँपालिकाको स्थानीय विषयको पाठ्यक्रम-२०८०

## मिक्लाजुङ दर्पण

### १. परिचयः

पाठ्यक्रम विकासका सन्दर्भमा देखापरेका विविध अवधारणाहरूमध्ये स्थानीय पाठ्यक्रम पनि एक नवीनतम् अवधारणा हो । "विश्वव्यापी रूपमा सोच राखी स्थानीय रूपमा कार्यान्वयनमा ल्याऊँ" (Think Globally Act Locally) भन्ने अवधारणालाई आत्मसात गर्दै स्थानीय ज्ञान, सिप तथा प्रविधिको प्रयोगबाट सिकारुमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउने गरी तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय आवश्यकता अनुसार तयार गरिएको यस्तो पाठ्यक्रमले शैक्षिक विकेन्द्रीकरणको प्रवर्द्धन समेत गर्दछ।नेपाल भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक विविधताले भरिपूर्ण मुलुक हो। विविधतामूलक सामाजिक संरचनामा मानिसहरूका आवश्यकता र चाहना पनि फरक फरक हुन्छन्। केन्द्रीय पाठ्यक्रमले मात्र समाज तथा मानिसहरूका फरक आवश्यकतालाई सम्बोधन नगर्न सक्छ। यस स्थितिमा स्थानीय पाठ्यक्रमले सिकारुमा स्थानीय ज्ञान तथा सिप सहितको मानसिक संरचना तयार गर्दछ, जसले गर्दा भविष्यमा सामाजिक आवश्यकतालाई परिपूर्ति गर्ने ढोका खुल्दछ । नेपालको शासकीय स्वरूप सङ्घीय प्रणालीमा गइसकेपछि स्थानीय तहका आवश्यकतालाई स्थानीय साधन र स्रोतकै खोजी एवम् परिचालन गरी परिपूर्ति गर्ने अधिकार पनि स्थानीय तहलाई नै प्राप्त भएको छ। शैक्षिक योजनाको विकेन्द्रीकरणलाई नेपालको संविधानले सुनिश्चित गरेको छ। साथै राष्ट्रिय पाठ्यक्रम प्रारूपले समेत मुलुकको शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्न विद्यालय तहमा मातृभाषा वा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ। हरेक विद्यालय आफैंले स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने मूल मर्म पाठ्यक्रम प्रारूपको हो तर पनि स्थानीय तहका साझा आवश्यकता र विद्यालयका विशिष्टीकृत आवश्यकतालाई समेत मध्यनजर गरी मोरङ जिल्ला मिक्लाजुङ गाउँपालिका क्षेत्रका सबै विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म लागू गर्ने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ ।

### २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

#### २.१. राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुनेछन्:

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने।

ख. सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने।

ग. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने।

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने।

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने।

च. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने।

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने।

ज. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने।

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने।

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने।

ट. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानवसिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने।

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

## २.२. आधारभूत शिक्षा (कक्षा १—८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो। यस तहको शिक्षा प्राप्त गरीसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् ।

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १—८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन्:

१. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग।
२. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग।
३. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग।
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग।
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता।
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग।
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास।

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग।
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग।
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार।
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान।

## ३. स्थानीय पाठ्यक्रमको सन्दर्भः

पाठ्यक्रमलाई निरन्तर विकास र परिमार्जनका रूपमा लैजाने क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७६।५।२० मा स्वीकृत भएको हो। यस प्रारूपलाई विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जनको मुख्य दस्तावेजको रूपमा लिइन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत शिक्षा (कक्षा १-८) सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था गरेको छ।

**तालिका १ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठगाउँपालिकाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ।।)

**तालिका २ : आधारभूत शिक्षा (कक्षा ४—५) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातभाषा/स्थानीय विषय | ४ | १२८ |
| ८. | जम्मा | ३२ | १०२४ |

तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६—८) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | | | पाठ्य घण्टा |
|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा गुरुकुल वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार मदर्सा शिक्षा | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ |
| ३. | गणित | गणित | गणित | ५ |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ |
| ६. | स्वास्थ्य तथा शारीरिक | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ |
| ७. | मातृभाषा/स्थानीय विषय | वेद वा नीतिशास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ |
| ८. | जम्मा | | | ३२ |

## ४. स्थानीय पाठ्यक्रम विकासको औचित्य

स्थानीयस्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्टयको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो। केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव नहुन सक्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएका छन्।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन:

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु ।
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्द्धन गर्नु ।

- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु ।
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्नसक्ने भएकाले स्थानीय सोकारवालालाई जिम्मेवारी बोध गराउनु ।
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु ।
- स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु ।
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु ।
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु ।
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु ।
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु ।
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु ।
- विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु ।
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु ।
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु ।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्णरूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ। नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनसमुदायले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ।

## ५. स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया

मिक्लाजुङ गाउँपालिकाअन्तर्गत सञ्चालन भएका विद्यालयहरूमा कार्यान्वयन गर्नका लागि आधारभूत तह (कक्षा १-८) को स्थानीय विषयको पाठ्यक्रम विकासका सन्दर्भमा मिक्लाजुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको अगुवाइमा मिति २०८० वैशाख १० गते गाउँपालिका अध्यक्ष श्री बविकुमार राईको अध्यक्षतामा गाउँपालिका उपाध्यक्ष, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका पूर्व अध्यक्ष तथा उपाध्यक्ष, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, गाउँ शिक्षा समिति सदस्य, विद्यालय व्यवस्थापन

समितिका अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षकका पेसागत संस्थाका प्रतिनिधि, स्थानीय शिक्षा प्रेमी, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरू, प्रा.स. एवम् अन्य कर्मचारी वर्ग, नागरिक समाजका प्रतिनिधि तथा पत्रकारलगायत सरोकारवालाहरू सहभागी रहेको गाउँस्तरीय अन्तरक्रिया तथा सुझाव सङ्कलन कार्यक्रमबाट आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रममा मिक्लाजुङको समग्र पहिचान झल्कने विषयवस्तुहरू समावेश गरी तयार गर्नुपर्ने राय सुझाव प्राप्त भएका थिए। सुझावहरू लिखित तथा मौखिक रूपमा प्राप्त भएका थिए ।यही भेलाबाट पाठ्यक्रम विकासका लागि मिक्लाजुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा १४ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण मस्यौदा समिति गठन गरियो।

स्थानीय पाठ्यक्रम निर्माण मस्यौदा समिति र प्राविधिक समितिको मिति २०८० वैशाख २० गतेको बैठकबाट प्राप्त २४ ओटा विषय क्षेत्रहरूलाई एकीकृत गरी ७ ओटा विषय क्षेत्र निर्धारण गरियो । स्थानीय पाठ्यक्रम निर्माण मस्यौदा समिति र प्राविधिक समितिको पटक-पटकको छलफल अन्तरक्रिया र विषयविज्ञहरूसँगको छलफलको परिणामस्वरूप **मिक्लाजुङ दर्पण** विषयको स्थानीय पाठ्यक्रम तयार गरिएको छ।

## ६. स्थानीय विषय (कक्षा १ - ८) का विषयवस्तुको क्षेत्रः

क. चिनारीः (भौगोलिक अवस्था, ऐतिहासिक, प्राकृतिक, जनसङ्ख्या संरचना)

ख. जनजीवनः (जातजाति, भाषा, धर्म, संस्कार, संस्कृति, सामाजिक सांस्कृतिक रीतिरिवाज)

ग. आर्थिक क्रियाकलापः (रोजगारी पेसा व्यवसाय, भविष्यको मार्ग निर्धारण, स्थानीय उत्पादन, खाद्य तथा नगदेवाली, आधुनिक तथा परम्परागत सिप, पर्यटन)

घ. प्राकृतिक स्रोत सम्पदाः (नदीनाला, तालतलैया, झर्ना, वनजङ्गल, प्राकृतिक विविधता)

ङ. सङ्घ संस्थाः (शैक्षिक, सांस्कृतिक तथा धार्मिक, वित्तीय, सामाजिक संस्था तथा क्लब)

च. आचरणः (सामाजिक संस्कार, सिप र सिकाइ, मर्यादा, सामाजिक तथा नैतिक मूल्य मान्यता र शिष्टाचार, अधिकार र कर्तव्य)

छ. स्वास्थ्यः (खाद्य सुरक्षा, पर्यावरणीय सुरक्षा, योग, स्थानीय परम्परागत खेलहरू र सरसफाइ)

विषयवस्तुहरूका क्षेत्रहरूको पाठ्यभार निम्नअनुसार निर्धारण गरिएको छः-

| क्र.सं. | विषय क्षेत्र | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ |
|---|---|---|---|---|
| १. | चिनारी | २५ | १८ | १९ |
| २. | जनजीवन | २२ | २१ | १७ |
| ३. | आर्थिक क्रियाकलाप | २२ | १७ | २० |
| ४. | प्राकृतिक स्रोत सम्पदा | २६ | २० | २० |
| ५. | सङ्घ संस्था | २२ | १४ | १८ |
| ६. | आचरण | २२ | १९ | १७ |
| ७. | स्वास्थ्य | २१ | १९ | १७ |
| जम्मा | | १६० | १२८ | १२८ |

७. <u>मिक्लाजुङ दर्पण विषयका सक्षमताहरू</u>

आधारभूत तहको अध्ययनपश्चात् विद्यार्थी मिक्लाजुङ दर्पण विषयका निम्नलिखित सक्षमताहरू प्राप्त गर्न सक्षम हुनेछन्:-

७.१. <u>कक्षा १—३ का सक्षमताहरू</u>

१. आफ्नो गाउँको भौगोलिक तथा प्राकृतिक अवस्थाको सामान्य जानकारी ।
२. आफ्नो गाउँको महत्त्वपूर्ण स्थानहरूसँग परिचित ।
३. आफू, आफ्नो परिवार र छिमेकका जातजातिले अपनाएका संस्कार र संस्कृतिबारे सामान्य परिचय ।
४. आफू, आफ्नो परिवार र छरछिमेकमा बोलिने भाषा, लगाइने भेषभूषा र रीतिरिवाजको सामान्य परिचय।
५. आफ्नो गाउँघरमा मनाइने चाडपर्व, बनाइने परिकार र मेलाका बारेमा परिचय।
६. आफ्नो परिवार र छरछिमेकीका कृषिजन्य उत्पादन पेसा व्यावसायिक सिप रोजगारी पशुपन्छी तथा पर्यटकीय स्थलहरूको चित्र तथा नक्साका आधारमा सामान्य जानकारी ।
७. आफ्नो गाउँघरमा रहेका वनस्पति, जनाबर, चराचुरुङ्गी, झरना, ताल/पोखरी, खोला/नदी, पहाड आदिका नामसँग परिचित ।
८. विद्यालयमा भएका बालक्लब, सदन, रेडक्रस जस्ता समूहहरूको परिचय ।
९. आफ्नो गाउँटोलका आमा समूह, बचत समूह, क्लब, तथा धार्मिक संस्थाहरूको परिचय ।
१०. आफ्नो धर्म, संस्कार, सामाजिक चालचलन र परम्परा सम्बन्धी सामान्य जानकारी ।
११. आफ्नो घर र विद्यालयका असल चरित्र तथा व्यवहारको सामान्य जानकारी ।
१२. आफ्नो गाउँघरमा पाइने खानेकुराका बारेमा सामान्य परिचय ।
१३. आफू र आफ्नो वरपरको सरसफाइ बारे सामान्य जानकारी ।
१४. शरीर स्वस्थ राख्न विभिन्न योग, कसरत तथा खेल सम्बन्धी सामान्य जानकारी ।

७.२. <u>कक्षा ४—५ का सक्षमताहरू</u>

१. आफ्नो वडाको सामाजिक, भौगोलिक तथा प्राकृतिक अवस्थाको जानकारी ।
२. आफ्नो वडाको महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थानहरूसँग परिचित ।
३. आफू, आफ्नो परिवार र स्थानीय जातजातिले अपनाएका संस्कार र संस्कृतिबारे परिचित भई त्यस्ता संस्कार र संस्कृतिका सबल पक्षको अनुसरण।
४. स्थानीयस्तरमा मनाइने चाडपर्व तथा लाग्ने मेलाको पहिचान तथा महत्त्व ।
५. आफ्नो वडामा बोलिन प्रमुख भाषा, तिनका लिपि र साहित्यको परिचय ।
६. स्थानीयस्तरमा बसोबास गर्ने प्रमुख जातजाति, भेषभूषा तथा जातिगत मौलिक विशेषताको परिचय ।
७. मौसम अनुसारका कृषि उत्पादनको वर्गीकरण तथा पशुपन्छी पालनको आधारभूत आवश्यकता ।
८. स्थानीय पेसा, व्यावसायिक सिपको संरक्षण र विकास ।
९. स्थानीय पर्यटकीय स्थल तथा पर्यटन व्यवसाय र ऐचोपैचो अर्मपर्मबारे सामान्य जानकारी ।
१०. स्थानीयस्तरमा रहेका प्राकृतिक स्रोत र सम्पदाहरूसँग परिचित भई तिनको महत्त्व, संरक्षण र संवर्द्धनतर्फ अग्रसरता।

११. आफ्नो गाउँटोल, वडा र विद्यालयमा भएका संस्थाहरूको परिचय, उद्देश्य तथा गतिविधि ।
१२. आफ्ना परिवारका नाता सम्बन्धको पहिचान ।
१३. अधिकार र कर्तव्यप्रति सचेतता, स्थानीय असल आचरण तथा नियमको परिपालना।
१४. आआफ्नो धार्मिक ग्रन्थहरूको सामान्य परिचय ।
१५. विभिन्न खाद्य समूहबाट पौष्टिक खानाहरू छानेर खाने बानी बसाल्न।
१६. आफ्नो घर र विद्यालयको वातावरण स्वच्छ राख्न, वातावरणीय सरसफाइसम्बन्धी आधारभूत ज्ञान।
१७. दैनिक जीवनमा योग साथै स्थानीय परम्परागत खेलहरू खेल्न र आफ्नो शरीरको नियमित सरसफाइसम्बन्धी ज्ञान ।

७.३. <u>कक्षा ६—८ का सक्षमताहरू</u>

१. गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिको खोजी ।
२. मिक्लाजुङ गाउँपालिकाको भौगोलिक अवस्थितिको सिमाङ्कन, रेखाङ्कन र नक्साङ्कन सिपको प्रदर्शन।
३. गाउँपालिकाको जनसङ्ख्या, जातजाति तथा धार्मिक स्थलहरूको अवस्था विश्लेषण ।
४. स्थानीयस्तरमा मनाइने चाडपर्व तथा लाग्ने मेला तथा जात्राको संरक्षण र संवर्द्धन ।
५. मिक्लाजुङ गाउँपालिकामा बोलिने प्रमुख भाषा, तिनका लिपि र साहित्यबारे परिचय र तिनको जगेर्नामा अग्रसरता ।
६. स्थानीयस्तरमा प्रचलित मौलिक कलाका बारेमा जानकारी र मौलिक कलाको सम्मान, संरक्षण र प्रबर्द्धन।
७. स्थानीयस्तरमा बसोबास गर्ने प्रमुख जातजाति र तिनका भेषभूषा तथा जातिगत मौलिक विशेषताको परिचय र तिनको संरक्षण ।
८. कृषिकार्य र कृषिजन्य उत्पादन र पशुपन्छी पालनमा सहभागीता, प्रयोग र समस्या समाधानका खोजी।
९. स्थानीय पेसा, व्यावसायिक सिपको सम्मान तथा समयानुकूल व्यवसायको अबलम्बनको खोजी ।
१०. स्थानीय पर्यटकीय स्थल तथा पर्यटन व्यवसायको महत्त्व, आवश्यकता र सम्भावनाको खोजी ।
११. स्थानीय आर्थिक विकासका सम्भावना रोजगारी सिर्जना र जिवीकोपार्जनका उपायहरूको खोजी ।
१२. स्थानीयस्तरमा रहेका प्राकृतिक स्रोत र सम्पदाहरूको पहिचान गरी तिनका आवश्यकता, महत्त्वबारे स्पष्ट भई सम्पदाको संरक्षण, संवर्द्धन र विकासमा योगदान दिन।
१३. पालिकाभित्र रहेका विभिन्न सङ्घसंस्थाहरूको काम, कर्तव्य, महत्त्व र त्यसबाट समाजमा पर्ने प्रभाव।
१४. सामाजिक सङ्घसंस्थाहरूमा सहभागिता, योगदान र संरक्षणका उपाय ।
१५. सामाजिक मूल्य र मान्यतानुसार आफ्नो आचरण निर्माण ।
१६. असल आचरणको विकास, संरक्षणका उपायहरू तथा सम्भावनाहरूको पहिचान र योगदान ।
१७. जीवन उपयोगी तथा व्यवहार कुशलसिप विकासको अभ्यास र परिपालना ।
१८. सन्तुलित आहार तथा खाद्य सुरक्षाको ज्ञान र प्रयोग ।
१९. वातावरणीय सरसफाइ, संरक्षण र संवर्द्धन तथा पर्यावरणीय सुरक्षा सचेतना।
२०. दैनिक जीवनमा योग र स्थानीय खेलको महत्त्व तथा व्यवहारमा प्रयोग ।

८. कक्षागत सिकाइ उपलब्धि

आधारभूत तह, कक्षा १—३

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| चिनारी | -नक्शा हेरी आफू बसेको वडाको पहिचान गर्न। -आफ्नो वरपर रहेका धार्मिक स्थलहरूक नाम बताउन । -आफ्नो घर नजिक लाग्ने मेला, हाटबजारको नाम भन्न। | -नक्साको माध्यमबाट मिक्लाजुङ गाउँपालिकाको सामान्य परिचय दिन । -आफ्नो नजिक रहेका वनजङ्गल र खोलानालाको नाम बताउन । -स्थानीय मेला र हाटबजारमा किनबेच गरिने सामानहरूको नाम बताउन । -आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थानहरूको नाम बताउन । | -आफ्नो र वरपर रहेका गाउँ टोलहरूका नाम लेख्न । -आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थानहरू तथा खोलानाला र वनजङ्गलको नाम उल्लेख गर्न । -आफ्नो नजिक लाग्ने मेला हाटबजारमा किनबेच गरिने सामानहरूको नाम लेख्न । |
| जनजीवन | -परिवारका सदस्यबीच आदर, सम्मान र माया देखाउन । -आफ्नो परिवारको जात र भाषाबारे बताउन । -आफ्नो परिवारले मान्ने मुख्य चाडपर्व, संस्कार, चाडपर्वमा खाइने परिकार र लगाउने भेषभूषाको नाम भन्न । -आफ्नो परिवारले मान्ने धर्मको नाम बताउन । | -आफ्नो परिवार र छरछिमेकले अपनाएका नामाकरण, विवाह र मृत्यु संस्कारबारे परिचित हुन । -आफ्नो गाउँटोलमा रहेका ५ जातजाति, तिनका भाषा र भेषभूषाको नाम भन्न र लेख्न। -आफ्नो गाउँटोलमा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू र ती पर्वमा खाइने परिकारहरूको नाम भन्न र लेख्न । | -आफू बस्ने समुदायका मानिसले अपनाएका संस्कार र संस्कृतिबारे परिचित हुन । -आफ्नो समुदायमा बसोबास गर्ने जनजाति, आदिबासी तथा अरू जातजाति, तिनले बोल्ने भाषा र भेषभूषाबारे परिचित हुन । -आफ्नो समुदायमा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरूका बारे परिचित हुन -आफ्नो समुदाय वरपर लाग्ने मेलाहरूसँग परिचित हुन । |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको नाम भन्न। -खेतवारीमा प्रयोग गरिने औजारहरूको पहिचान गरी नाम भन्न । - विभिन्न पेसा व्यवसायमा लागेका मानिसहरूको वर्गीकृत नाम भन्न । | -स्थानीय पर्यटकीय स्थलहरूको पहिचान गरी नाम भन्न र लेख्न । -स्थानीय कृषि उत्पादनहरूको पहिचान र नाम बताउन । - कृषि सामग्रीहरूको नाम बताउन र चित्राङ्कन गर्न । | -स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन -घर परिवारको पेसामा सहयोग गर्न। -कृषि कार्यमा सहभागी हुन । -स्थानीय खाद्य तथा नगदे बालीको पहिचान गर्न। - कामको आधारमा |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | | | मानिसहरूको पेसा व्यवसायको वर्गीकरण गर्न। |
| प्राकृतिक स्रोत र सम्पदा | -चित्र हेरी घर छेउछाउका ताल, झरना, पहाड, वनस्पतिको पहिचान गर्न<br>-घर छेउछाउमा रहेका बोटविरुवा, जनाबर, पन्छीको नाम बताउन | -चित्र हेरी स्थानीय खोला/नदी, ताल, झरना, पहाड, वनस्पतिको पहिचान गरी नाम भन्न र लेख्न<br>-स्थानीय क्षेत्रमा रहेका बोटविरुवा, जनाबर, पन्छीको नाम भन्न र लेख्न | -स्थानीय क्षेत्रमा पाइने महत्त्वपूर्ण बोटविरुवा, जनाबर, पन्छी, पहाड, ताल, झरना, खोला/नदी, आदिको सूची बनाउन ।<br>-स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको नाम लेखी चित्र बनाउन । |
| सङ्घसंस्था | -चित्र हेरी व्यक्ति र समूह छुट्याउन ।<br>-कक्षाकोठाभित्र गरिने विभिन्न सामूहिक क्रियाकलापमा सहभागी हुन<br>-आफ्नो विद्यालयको नाम भन्न। | -आफ्नो घरका सदस्यहरू संलग्न भएका समूहहरूको नाम बताउन ।<br>- विद्यालयमा गठन भएका समूहहरूको नाम बताउन । | - विद्यालयमा हुने समूहहरूको काम सामान्य रूपमा बताउन।<br>- आफ्नो गाउँटोलमा भएका विभिन्न सङ्घसंस्था र समूहहरूको नाम बताउन ।<br>- छिमेकी विद्यालयहरूको नाम बताउन । |
| आचरण | -समयको पालना गर्न।<br>-आफ्नो सामानको जतन गर्न र भेटेको सामान फिर्ता गर्न।<br>-अभिवादन तथा शिष्टता प्रदर्शन गर्न ।<br>-आफ्नो पालोमा बस्न। | -सबै उमेरका मानिससँग अभिवादन तथा शिष्टता प्रदर्शन गर्न ।<br>-अरूले गरेको सहयोग वापत आभार व्यक्त गर्न र सहयोग गर्न<br>-राष्ट्रिय गानको सम्मान गर्न।<br>-विद्यालय पोसाक लगाएर विद्यालय आउन।<br>-आफूभन्दा सानालाई माया गर्न। | -छिमेकी, अतिथि आदिको स्वागत सत्कार गर्न ।<br>-आफूले दैनिक प्रयोग गर्ने सामानको हिफाजत गर्न ।<br>-आफूभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न<br>-कक्षाका सबै साथीहरूसँग मिलेर बस्न र असल व्यवहार गर्न । |
| स्वास्थ्य | -आफूले खाने गरेका खाने कुराहरू चिन्न र नाम बताउन।<br>-हात, खुट्टा र मुख धुने तरिका बताउन र धुन<br>-स्थानीय खेलहरूको नाम | -स्थानीयस्तरमा पाइने खानेकुराको नाम भन्न।<br>-व्यक्तिगत सरसफाइ गर्न।<br>-आफूले खेल्ने खेलहरूको नाम बताउन।<br>-लामो श्वास लिएर लामो श्वास | -आफू सुत्ने कोठा र कक्षा कोठाको सरसफाइ गर्न ।<br>-स्वस्थकर र अस्वस्थकर खानेकुराहरू छुट्याउन ।<br>-स्थानीय खेलहरूको सूची बनाउन र खेल्न |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | बताउन र खेल्न<br>-ढाड सिधा बनाई आँखा चिम्लेर बस्न। | छाड्न । | -पलेटी कसेर बस्न र लामो श्वास लिई केहीबेर रोकेर छाड्ने अभ्यास गर्न । |

<u>कक्षागत सिकाइ उपलब्धि आधारभूत तह, कक्षा ४—५</u>

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| चिनारी | -आफ्नो वडाभित्र रहेका सडकहरूको नाम लेख्न ।<br>-आफ्नो वडाभित्र रहेका महत्त्वपूर्ण स्थानहरूको महत्त्व बताउन ।<br>-आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरूको पहिचान गरी तिनको महत्त्व बताउन । | -गाउँपालिकाभित्रका वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफल बताउन ।<br>-वडाभित्रका चार किल्ला सिमाना आफ्नो र छिमिकी वडाको भौगोलिक अवस्था क्षेत्रफल र सिमानाबारे बताउन ।<br>-वडाभित्रको जनसङ्ख्या, क्षेत्रफल बताउन ।<br>-वडाभित्र रहेका प्राकृतिक स्रोतहरू र सम्पदाहरूको पहिचान गरी फाइदा उल्लेख गर्न ।<br>-वडाहरूभित्रका मुख्य मुख्य धार्मिक स्थल तथा मठ मन्दिर नदीनाला तथा अन्य ऐतिहासिक स्थलको नाम र ठेगानाको सूची बनाउन ।<br>-वडाभित्र रहेका मुख्य मुख्य सडकहरूको नाम बताउन र नक्साङ्कन गर्न । |
| जनजीवन | -आफ्नो वडामा बसोबास गर्ने विभिन्न जातजातिको सांस्कृतिक एवम् धार्मिक परम्परा र रीतिरिवाजका बारेमा बताउन ।<br>-आफ्नो वडामा बोलिने विभिन्न भाषा र जातिगत भेषभूषाका विशेषता बताउन ।<br>-स्थानीय चाडपर्व, जात्रा, मेला, उत्सव आदिका बारेमा बताउन । | -आफ्नो वडामा प्रचलनमा रहेका स्थानीय जातिगत लोककथा, लोकगीत, लोकबाजा तथा स्थानीय कलाहरू उल्लेख गर्न ।<br>-आफ्नो वडामा बसोबास गर्ने विभिन्न जातजाति र भाषाको महत्त्व बताउन ।<br>-स्थानीयस्तरमा मनाइने विभिन्न चाडपर्व, लाग्ने मेला, उत्सव तथा जात्राको आवश्यकता र महत्त्व बताउन। |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र भ्रमण गर्न।<br>-कृषि उपजको पहिचान गरी खेतीपातीको तरिकाबारे बताउन ।<br>-पशुपालनबाट हुने फाइदा बताउन । | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र संरक्षण गर्न<br>-स्थानीय बालीनालीको परिचय दिन र कृषियोग्य जमिनको पहिचान ।<br>-पशुपालनको महत्त्व बताउन र समस्याहरूको |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | -स्थानीय पेसा व्यवसाय र सिपहरूको सूची बनाई प्रस्तुत गर्न ।<br>-छरछिमेकका बिच हुने ऐचोपैचो र अर्मपर्मको महत्त्व बताउन । | पहिचान गर्न ।<br>-पेसा व्यवसाय, सिप तथा अर्मपर्मको महत्त्व बताउन र संलग्न हुन । |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिको महत्त्व बताउन ।<br>- स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोत संरक्षणका उपाय बताउन । | -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोत संरक्षणका उपाय तथा महत्त्व बताउन।<br>-स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिटी, बालुवा, माटो जस्ता प्राकृतिक वस्तुहरू पाइने स्थलको सूची बनाउन। |
| सङ्घसंस्था | -आफ्नो वडामा भएका विद्यालयहरूको नाम बताउन ।<br>-आफ्नो वडाभित्र रहेका मन्दिर, गुम्बा, सामुदायिक भवनको गतिविधि बताउन ।<br>-विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउटको गतिविधि बताउन । | - आफ्नो वडाको वडा कार्यालयले प्रदान गर्ने सेवाहरूको बारेमा बताउन ।<br>-आफ्नो वडाभित्र रहेका स्वास्थ्य संस्था र कृषि तथा बचत सहकारी संस्थाहरूको गतिविधि उल्लेख गर्न ।<br>-विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउटको गतिविधि उल्लेख गर्न । |
| आचरण | -आफ्नो धर्म/सम्प्रदायको मूल ग्रन्थको नाम बताउन ।<br>-आफ्नो काम आफैं गर्ने बानीको विकास गर्न<br>-सामूहिक काममा सहभागी हुन ।<br>-क्षमा माग्न र दिन । | -आआफ्नो इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना गर्न ।<br>-घरमा आएका आफन्तहरूसँग नाता पहिचान गरी व्यवहार गर्न ।<br>-वस्तु आदानप्रदान गर्दा शिष्टाचार प्रदर्शन गर्न<br>-धैर्यपूर्वक अरूको कुरा सुन्न र आफ्नो कुरा भन्न<br>-शिष्ट र नम्र बोल्न । |
| स्वास्थ्य | -आफ्नो शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने गाउँघरमा पाइने खाद्य वस्तुको जानकारी लिई खाने बानी बसाल्न ।<br>-आफ्नो घर र विद्यालय वरिपरिको सरसफाइ गर्न ।<br>-व्यक्तिगत सरसफाइको फाइदा बताई सरसफाइ गर्न।<br>-योगको सामान्य परिचय दिई सवासनको अभ्यास गर्न । | -आफ्ना वरपर पाइने आफ्नो शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खाद्य वस्तुहरूको सूची बनाउन ।<br>-शरीरलाई अहित हुने खाद्य वस्तुहरू नखाने बानी बसाल्न ।<br>-आफ्नो घर र विद्यालय वरिपरिको सरसफाइको फाइदा बताई सरसफाइ गर्न ।<br>-फोहोर व्यवस्थापन गर्ने बानी बसाल्न ।<br>-पद्मासनमा बसी भस्त्रिका प्राणायामको अभ्यास गर्न |

## कक्षागत सिकाइ उपलब्धि आधारभूत तह, कक्षा ६–८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| चिनारी | -गाउँपालिकाभित्रका वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफल उल्लेख गर्न ।<br>-पालिकाभित्रका चार किल्ला, सिमाना आफ्नो र छिमेकी वडाको भौगोलिक अवस्था, क्षेत्रफल र सिमानाको सामान्य विवरण तयार गर्न।<br>-पालिकाभित्रको जनसङ्ख्या, क्षेत्रफल उल्लेख गर्न ।<br>-पालिकाभित्र रहेका प्राकृतिक स्रोत र सम्पदाहरूको पहिचान गरी तिनको महत्त्व र फाइदा उल्लेख गर्न। | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिको जानकारी गराउन ।<br>-मधुमल्लालगायतका यस गाउँपालिकामा अन्य ऐतिहासिक हाटबजारको परिचय उल्लेख गर्न।<br>-मिक्लाजुङ गाउँपालिकाको भौगोलिक अवस्थितिको सिमाङ्कन, रेखाङ्कन र नक्साङ्कनको सिप प्रदर्शन गर्न ।<br>-गाउँपालिकाको जनसङ्ख्या, जातजाति, ऐतिहासिक तथा धार्मिक स्थलहरूको विश्लेषण गर्न । | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिबारे विश्लेषणात्मक विवरण तयार गर्न।<br>-मधुमल्लालगायतका यस गाउँपालिकामा रहेका अन्य ऐतिहासिक बजारको महत्त्व र भूमिका उल्लेख गर्न ।<br>-गाउँपालिकाको वडागत नक्सा तयार गरी महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा प्रशासनिक स्थलहरू सङ्केत गर्न ।<br>-गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको वितरण र जनसङ्ख्याको विश्लेषण गर्न |
| जनजीवन | -स्थानीयस्तरमा प्रचलित लिपि, लोककथा, लोकगीत, लोकसाहित्य, लोकबाजा तथा स्थानीय कलाबारे परिचित हुन ।<br>-स्थानीयस्तरमा प्रचलित धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाजबारे परिचित हुन।<br>-स्थानीयस्तरमा प्रचलित कलाको व्यावहारिक प्रयोगका लागि आधारभूत सिप विकास गर्न । | -यस क्षेत्रमा प्रचलनमा रहेका स्थानीय जातिगत लोककथा, लोकनृत्य, लोक बाजा तथा स्थानीय कलाको महत्त्व र उपयोगिता उल्लेख गर्न र तिनको संरक्षण र संवर्द्धन गर्न ।<br>-यस क्षेत्रमा बसोबास गर्ने विविध जातजाति एवम् भाषा तथा भेषभूषाको सामाजिक तथा सांस्कृतिक महत्त्व र आवश्यकताबारे बताउन र समभाव विकास गर्न ।<br>-स्थानीयस्तरमा प्रचलित विभिन्न चाडपर्व, जात्रा, उत्सव तथा मेलाका | -स्थानीय कला, भाषा, साहित्य तथा लिपि र त्यसको मानव जीवनसँगको सम्बन्धबारे उल्लेख गर्दै तिनको संरक्षण र संवर्द्धन गर्न ।<br>-स्थानीयस्तरमा प्रचलित जातिगत, धार्मिक तथा सामाजिक संस्कार, संस्कृति, चाडपर्व एवम् मूल्यमान्यताको सम्मान गर्दै सहिष्णुता र सहअस्तित्व कायम राखी जीवनशैली अपनाउन । |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | | सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बुझी तिनको जगेर्ना गर्न । | |
| आर्थिक क्रियाकलाप | -पर्यटनको परिभाषा दिन तथा स्थानीय पर्यटकीय स्थलहरूको संरक्षण र संवर्द्धन गर्न ।<br>-स्थानीय कृषि तथा पशुपालनका समस्याबारे सचेत भई समाधानका उपायहरू खोजी गर्न ।<br>-स्थानीय परम्परागत पेसा र सिपको खोजी र संरक्षण गर्न।<br>-विभिन्न व्यावसायिक क्रियाकलापहरूको वर्गीकरण गरी तिनको महत्त्व बताउन । | -स्थानीय पर्यटनको विकास र सम्भावना बारेमा उल्लेख गर्न ।<br>-स्थानीय कृषिजन्य उद्योगको अवस्था बताउन र संभाव्यताको खोजी गर्न<br>-स्थानीय कृषि प्रणालीका विशेषताहरू भन्न र आधुनिक कृषि विकासको सम्भावना उल्लेख गर्न।<br>-स्थानीय विभिन्न व्यवसायीसँग अनुभव र लगानीबारे छलफल गरी उल्लेख गर्न । | -स्थानीय पर्यटकीय स्थलहरूको भ्रमण गर्न र तिनको विकास, संरक्षण र संवर्द्धन गर्न ।<br>-कृषि तथा पशुपन्छी पालन व्यवसाय र स्थानीय जनजीवन बिच अन्तरसम्बन्ध उल्लेख गर्न र व्यावसायिक सम्भावना उल्लेख गर्न साथै विकासको खोजी गर्न।<br>-स्थानीय पेसा व्यावसायिक सिपको वर्तमान अवस्था र महत्त्व बताउन।<br>-स्थानीय आर्थिक विकासका सम्भावना, रोजगारी सिर्जना र जिवीकोपार्जनका उपायहरूको खोजी गर्न । |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय क्षेत्रमा रहेका चुली पोखरी, कोलुङ झरना, मिक्लु, मावा, लावा, बक्राहा खोला, रानीटार (Queen Tar),मिक्लाजुङ, डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसार जस्ता स्थलहरूको परिचय, महत्त्व तथा विशेषता बताउन ।<br>-स्थानीय क्षेत्रमा पाइने | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिसँग मानिसको अन्तरसम्बन्ध प्रस्तुत गर्न ।<br>-स्थानीय क्षेत्रका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिको वर्तमान अवस्था बताउन ।<br>-स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व र विशेषता बताउन। | -प्राकृतिक विविधताको परिचय र संरक्षणका उपाय बताउन<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति, जीवजन्तु तथा चराचुरुङ्गीको परिचय, महत्त्व र संरक्षणका उपाय बताउन<br>-प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्वर्धनमा योगदान दिन ।<br>-स्थानीय क्षेत्रका जडीबुटीको संरक्षण, प्रयोग र सम्भावनाको खोजी गर्न। |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | जडीबुटीको पहिचान गर्न | | |
| सङ्घसंस्था | -विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउट तथा समुदायको बचत सहकारीमा सहभागी हुन ।<br>-पालिकाका सामाजिक सङ्घसंस्था, वडा कार्यालय, स्वास्थ्य कार्यालय, हुलाक तथा क्लबका गतिविधिहरू उल्लेख गर्न । | -विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउट तथा समुदायको बचत सहकारीमा भूमिका निर्वाह गर्न ।<br>-पालिकाका सामाजिक सङ्घसंस्था, वडा कार्यालय, स्वास्थ्य कार्यालय, हुलाक तथा क्लबहरूको महत्त्व उल्लेख गर्न । | -सङ्घसंस्थाले प्रवाह गर्ने सेवा सुविधाहरूको जानकारी लिई अभ्यस्त हुन ।<br>-पालिकाका शैक्षिक, धार्मिक, सामाजिक तथा वित्तीय संस्थाहरूमा सहभागी भई योगदान र संरक्षणका उपायहरू उल्लेख गर्न ।<br>-पालिकाको शिक्षा शाखाका बारेमा बताउन । |
| आचरण | -अनुशासित हुन र सकारात्मक सोचाइको विकास गराउन ।<br>-असल चारित्रिक गुणहरूको विकास गर्न ।<br>-सामाजिक सम्बन्ध र असल आचरणका विशेषताहरू उल्लेख गर्न<br>-सामाजिक मूल्यमान्यतालाई पालना गर्न तथा सांस्कृतिक कार्यहरूमा पहिचानसहित सहभागी हुन। | -श्रमप्रति सम्मान गर्न र श्रम गर्ने बानीको विकास र अभ्यास गर्न<br>-सामाजिक सम्बन्ध र असल आचरणको महत्त्व उल्लेख गर्न र संरक्षण गर्न ।<br>-सामाजिक तथा परम्परागत मूल्यमान्यताको संरक्षणका लागि सामाजिक संस्थाहरूको भूमिका उल्लेख गर्न ।<br>-चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र व्यवहारमा उतार्न । | -घरायसी तथा सामाजिक कार्यहरूमा सहभागिता जनाउन ।<br>-सामाजिक सम्बन्ध र असल आचरणको अवलम्बन, आचरण सुधारमा नयाँ सम्भावनाको खोजी र स्वःविकासमा योगदान दिन<br>-आपसी सहयोग र सहकार्य गर्न, अन्तरवैयक्तिक सम्बन्ध स्थापना गर्न साथै विवाद सिर्जना हुँदा समझदारी कायम गर्न ।<br>-अनुशासनका प्रभावका बारेमा बताउन ।<br>-आफूमा मानवीय आचरण र विशेषताहरू भए नभएको खोजी गर्न । |
| स्वास्थ्य | -दैनिक जीवनमा शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र | -दैनिक जीवनमा शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने | -खाद्य सुरक्षाका उपायहरू उल्लेख गर्न। |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- |
| | सुरक्षा दिने सन्तुलित आहारको वर्गीकरण गर्न<br>-आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्ने आवश्यकता उल्लेख गर्न ।<br>-बज्रासन, मण्डुकासन तथा अनुलोमविलोम प्राणायामको अभ्यास गर्न । | सन्तुलित आहारको महत्त्व बताउन<br>-आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्ने उपायहरू उल्लेख गर्न<br>-उत्तानपादासन, त्रिकोणासन तथा कपालभाती प्राणायामको अभ्यास गर्न । | -स्थानीय पर्यायवरणको सुरक्षामा योगदान दिन ।<br>-सूर्यनमस्कार,नौकासन र भ्रामरी प्राणायामको अभ्यास गर्न । |

९. <u>कक्षागत क्षेत्र र क्रम</u>

<u>कक्षा १—३</u>

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
| --- | --- | --- | --- | --- |
| चिनारी | -पालिकाको नक्शा ।<br>-घर वरपर रहेका धार्मिक स्थलहरू<br>-आफ्नो गाउँघरमा लाग्ने हाटबजारको नाम । | -मिक्लाजुङ गाउँपालिकाको नक्सा ।<br>-आफ्नो नजिक रहेका खोलानाला र वनजङ्गलका नाम ।<br>-स्थानीय मेला बजारमा किनवेच गरिने सामानको नाम जस्तैः मह, अम्लिसाको कुचो, डोको, नाङ्लो आदि ।<br>-आफ्नो घर वरपर रहेका महत्त्वपूर्ण स्थानहरूको नाम जस्तैः विद्यालय, वडा कार्यालय, मठ, मन्दिर आदि | -आफ्नो र वरपरका गाउँ टोलहरूका नामहरू ।<br>-आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थान, खोलानाला र वनजङ्गल<br>-नजिक लाग्ने मेला, हाटबजारमा किनबेच हुने सामानहरू । | २५ |
| जनजीवन | -शिष्टाचार, सम्मान, नमस्कार, सेवा, सेवारो, फ्याफुल्ला, जोजोलोप्पा, प्यार, स्नेह, मिजोर आदि। | -घर परिवार र छरछिमेकको नामाकरण, विवाह र मृत्यु संस्कार ।<br>-राई, लिम्बू, तामाङ, मगर, नेवार आदिको भाषा । | -आफू बस्ने वरपरका मानिसहरूको जन्म, मृत्यु, संस्कार आदि ।<br>-राई, लिम्बू, मगर, गुरुङ, तामाङ, परियार, विश्वकर्मा, | २२ |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| | -स्थानीय जातजातिः राई, लिम्बू, तामाङ, मगर, परियार, ब्राह्मण, क्षेत्री, विश्वकर्मा, आदिको भाषा।<br>-दशैं, तिहार, उँधौली, उँभौली, ल्होसार आदि<br>-मासु, सेलरोटी, खिच्रो(खिचडी), वाचिपा, तरुल, लड्डु आदि।<br>-गुन्यु, चोली, दौरा, दौरा सुरुवाल, पटुका, टोपी आदि | -दौरा सुरुवाल, पटुका, टोपी, गुन्युचोली, सिलामसाकमा आदि ।<br>-दशैं, तिहार, माघी, चण्डी पूर्णिमा, वुद्ध जयन्ती, आदि ।<br>-धार्मिक एवं सांस्कृतिक चाडपर्व र सो अवसरमा खाइने परिकारहरूःमासु, लड्डु, तरुल, सेलरोटी आदि | चर्मकार, ब्राह्मण, क्षेत्री, नेवार जातिले बोल्ने भाषा र परम्परागत पोसाकहरू ।<br>-आफू र आफ्नो समुदायमा मनाइने दशैं, तिहार, चण्डी पूर्णिमा, जनै पूर्णिमा, माघे सङ्क्रान्ति जस्ता धार्मिक तथा सांस्कृतिक चाडपर्वहरू<br>-आफ्नो समुदाय वरपर लाग्ने मेला, जात्रा तथा हाट वजारहरू । | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूका चित्रहरू।<br>-खेतवारीमा प्रयोग गरिने औजारहरूका चित्रहरू<br>-किसान, शिक्षक, व्यापारी, कर्मचारी आदि पेसामा लागेका व्यक्तिहरूको चित्रहरू। | -पर्यटकीय स्थलहरूको चित्र<br>-स्थानीय कृषि उत्पादनः धान, मकै, कोदो, गहुँ, सागसब्जी, फलफूल आदि।<br>-कृषि सामग्रीहरू जस्तैः हलो, कोदालो, हँसिया, खुकुरी, पावर टिलर, ट्याक्टर, थ्रेसर आदिका चित्रहरू । | -स्थानीय पर्यटकीय स्थलहरूको नाम ।<br>-घर परिवारको पेसामा सामान्य सहयोग ।<br>-धान, मकै, कोदो, गहुँ, फापर जस्ता खाद्य बाली तथा जुट , कपास, चिया, तोरी, सुर्ती आदि नगदे बाली ।<br>-किसान, शिक्षक, व्यापारी, प्रहरी, डाक्टर, कर्मचारी, नर्स, ड्राइभर आदि । | २२ |
| प्राकृतिक स्रोत र सम्पदा | -घर वरिपरिका बोटविरुवा, ताल, झरना, पहाड तथा खोलाको नाम।<br>-घर पालुवा जनावरः | -घर र विद्यालय वरपर पाइने वनस्पति, खोला, नदी, ताल, झरना, पहाड, जनाबर, पन्छी | -स्थानीय क्षेत्रमा पाइने साल, खयर, सिसौ, सिमल, क्यामुना, चिलाउने, ऐसेलु, चुत्रो, चिउरी आदि ।<br>-कुलुङ झरना, चुली पोखरी | २६ |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| | गाई, भैंसी, बाख्रा, सुँगुर पन्छी कुखुरा, परेवा, हाँस आदि। | | आदि ।<br>-चिल, कालिज, गड्डुर, चिभे, भँगेरा आदि ।<br>-मृग, खरायो, दुम्सी, बँदेल आदि | |
| सङ्घसंस्था | -विद्यालयको नाम, एकल वा समूह (हुल, ताँती, वथान, झुप्पा, बगाल आदि।<br>-सामूहिक क्रियाकलाप। | -आमा समूह, बचत समूह<br>-विद्यालयमा गठन हुने बालक्लब, सदन, रेडक्रस, स्काउट आदि। | -विद्यालयमा गठन हुने सदन, बालक्लब रेडक्रस, स्काउट आदिको काम ।<br>-गाउँटोलमा भएका विभिन्न आमा समूह, बचत समूह, क्लब<br>-छिमेकी विद्यालयहरूको नाम | २२ |
| आचरण | -समयको पालना, सामानको जतन, अभिवादन, शिष्टता, पालो आदि । | -अभिवादन, शिष्टाचार ।<br>-आभार (धन्यवाद), सहयोग आदि ।<br>-राष्ट्रिय गानको सम्मान<br>-विद्यालय पोसाकको पालना ।<br>-सानालाई माया । | -छिमेकी तथा अतिथिको स्वागत, सत्कार, शिष्टाचार, सामानको हिफाजत, ठूलालाई आदर सत्कार र सानालाई माया।<br>-सबै साथीहरूसँग मिलेर बस्न, सिक्न र व्यवहार | २२ |
| स्वास्थ्य | -खानेकुराहरूःदाल, भात, तरकारी, रोटी, मकै<br>-साबुन, पानी, धारा<br>-कक्षा १ का नानीहरूले खेल्ने विभिन्न स्थानीय खेलहरू ।<br>-सुखासन । | -घरगाउँमा खाइने खानाः दाल, भात, तरकारी, अचार, रोटी, फलफूल, दही, दुध, साग, माछा, मासु ।<br>-साबुन, पानी, तौलिया, नङ काट्ने, काइँयो ।<br>-कक्षा २ का बालबालिकाहरूले खेल्न सक्ने विभिन्न स्थानीय खेलहरूः टोपी लुकाइ, बल फाल्ने, तातो आलु, म्युजिकल चेयर आदि ।<br>-प्राणायामको चित्र । | -आफू सुत्ने कोठा र कक्षा कोठाको सरसफाइ ।<br>-स्वस्थकर खानेकुराः दाल, भात, तरकारी, दुध, दही, घिउ, रोटी, माछा, मासु, फलफूल, साग आदि ।<br>-कक्षा ३ का विद्यार्थीले खेल्न सक्ने विभिन्न खेलहरूः टोपी लुकाइ, तातो आलु, म्युजिकल चेयर, भित्र बाहिर, सिन्को लुकाइ आदि ।<br>-कुम्भक प्राणायामका चित्र र अभ्यास । | २१ |

## कक्षागत क्षेत्र र क्रम कक्षा ४–५

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|
| चिनारी | -आफ्नो वडाभित्र रहेका सडकहरू ।<br>-आफ्नो वडाभित्र रहेका महत्त्वपूर्ण स्थलहरू (ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, धार्मिक र प्रशासनिक) ।<br>-आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरू (सिमसार, वन, खोला, पोखरी, डाँडा आदि) ।<br>-स्थानीय मेला तथा हाटबजार । | -आफ्नो पालिकाको नाम अवस्थिति र क्षेत्रफल।<br>-आफ्नो वडाको सिमाना, अवस्थिति र क्षेत्रफल।<br>-वडाभित्रको जनसङ्ख्या र क्षेत्रफल ।<br>-पालिकाभित्र रहेका ऐतिहासिक नदीनाला मठमन्दिर आदि ।<br>-वडाभित्र रहेका प्राकृतिक स्रोत सम्पदा<br>-वडाभित्र रहेका मुख्य मुख्य सडकहरू र नक्साङ्कन । | १८ |
| जनजीवन | -आफ्नो वडामा बसोबास गर्ने जातजातिको विभिन्न सांस्कृतिक र धार्मिक परम्परा, रितिरिवाज (जन्म, विवाह, अन्न प्रासन्न, छेवर, देउसी भैलो, धान नाच, साकेला नाच, हुर्रा नाच, मृत्यु संस्कार आदि) ।<br>-आफ्नो वडामा बोलिने राई, लिम्बू, मगर, तामाङ, नेपाल, आदि भाषा ।<br>-स्थानीय चाडपर्व, जात्रा, मेला उत्सव आदि । | -प्रचलनमा रहेका लोक कथाः सुनकेशरा रानी, मधुमालती आदि ।<br>-लोक गीतः वारी तुवाँलो बरै पारी तुवाँलो आदि।<br>-लोकबाजाः पञ्चे बाजा, बिनायो, चम्मर, डम्फू, मुर्चुङ्गा, ढोल, मादल, ढ्याङ्ग्रो, सारङ्गी झ्याम्टा, आदि।<br>-आदिबासी, जनजाति र विभिन्न जातजातिका भाषा, चाडपर्व, मेला, बजार, उत्सव, जात्रा । | २१ |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको सूची ।<br>-कृषि उपज जस्तैः अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहन आदि।<br>-बाली लगाउने तरिका।<br>-गाई, भैसी, बाख्रा, सुगुर, खरायो आदि पशुहरूबाट हुने फाइदाहरू ।<br>-स्थानीय पेसा व्यवसाय जस्तैः व्यापार, खेतीपाती, कुटानी पिसानी मिल, समिल, डालो, नाङ्लो, कुचो, डोरी, चित्रकला, हस्तकला, मूर्तिकला आदि पेसा व्यवसाय र सिपहरू (सिकर्मी, डकर्मी) | -स्थानीय पर्यटकीय स्थलको महत्त्व र संरक्षण ।<br>-स्थानीय बालीनालीः अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहन र ती बाली लगाउने पकेट क्षेत्र ।<br>-पशुपालनको महत्त्व<br>-पशुमा लाग्ने रोगहरू र अन्य जोखिमहरू<br>-स्थानीय कला (नाङ्लो, टोपी,तान, डालो, कुचो, डोरी, चित्रकला, हस्तकला, मूर्तिकला, वास्तुकला), निर्माणः (सिकर्मी तथा डकर्मी) खेती किसानी, व्यापार, | १७ |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|
| | -छरछिमेकका बिच हुने अर्मपर्म तथा ऐँचोपैँचो। | कुटानी, पिसानी मिल, सःमिल, आदि । | |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति, पन्छी आदि ।<br>-वनजङ्गल तथा पानीका स्रोतहरू । | -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोतहरू ।<br>-स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, वालुवा, माटो जस्ता प्राकृतिक वस्तुहरूको स्रोत । | २० |
| सङ्घसंस्था | -आफ्नो वडाभित्रका विद्यालयहरूको नाम<br>-आफ्नो वडाभित्र रहेका सामुदायिक भवन, मन्दिर, गुम्वा आदि ।<br>-विद्यालयका सदन, बालक्लब, रेडक्रस, स्काउट | -वडा कार्यालयले प्रदान गर्ने सेवाहरूः सिफारिस, पञ्जीकरण, राजस्व सङ्कलन, विकास निर्माण आदि ।<br>-स्वास्थ्य संस्था, कृषि तथा बचत सहकारी संस्थाहरूको गतिविधि।<br>-बालक्लब, रेडक्रस, सदन र स्काउटको गतिविधि । | १४ |
| आचरण | -आफ्नो सम्प्रदायको मूल ग्रन्थ (वेद, मुन्दुम, त्रिपिटक, कुरान आदि) ।<br>-आफ्नो काम आफै गर्न, सामुहिक काममा सहभागिता, क्षमा माग्ने र दिने। | -इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना।<br>-आफन्तहरूसँग नाता पहिचान गरी व्यवहार।<br>-वस्तु आदानप्रदान गर्दा शिष्टाचार प्रदर्शन।<br>-अरूको कुरा सुन्ने र आफ्नो कुरा भन्ने। | १९ |
| स्वास्थ्य | -शरीरलाई शक्ति दिनेः भात, खिर, रोटी आदि, वृद्धि गर्नेः मासु, दाल, घिउ, अण्डा माछा, आदि र सुरक्षा दिनेः साग, फलफूल आदि खानेकुराहरू ।<br>-घर र विद्यालयको सरसफाइ ।<br>-व्यक्तिगत सरसफाइः नुहाउन, नङ काट्न, कपाल कोर्न, लुगा धुन आदि।<br>-सवासनको चित्र र अभ्यास । | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खाद्यवस्तुहरूको सूची।<br>-घर र विद्यालयको सरसफाइ र फाइदा।<br>-फोहोर व्यवस्थापन ।<br>-पद्मासन र भस्त्रिका प्राणायामको चित्रहरू, श्रव्यदृश्य सामग्री र अभ्यास । | १९ |

## कक्षागत क्षेत्र र क्रम कक्षा ६—८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | काघ |
|---|---|---|---|---|
| चिनारी | -आफ्नो पालिकाको नक्सा, अवस्थिति र क्षेत्रफल। | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि । | -गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि। | १९ |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | काघ |
|---|---|---|---|---|
| | -आफ्नो पालिकाको वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफल।<br>-आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको सामान्य जातिगत विवरण र क्षेत्रफल।<br>-पालिकाभित्र रहेका प्राकृतिक स्रोत र सम्पदा | -मधुमल्लालगायतका ऐतिहासिक बजारको परिचय ।<br>-मिक्लाजुङ गाउँपालिकाको भौगोलिक अवस्थिति, सिमाङ्कन, रेखाङ्कन र नक्साङ्कन ।<br>-गाउँपालिकाको जनसङ्ख्या, जातजाति, ऐतिहासिक तथा धार्मिक स्थलहरू | -ऐतिहासिक बजारको महत्त्व र भूमिका ।<br>-गाउँपालिकाको वडागत नक्सा र महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा प्रशासनिक स्थलहरू ।<br>-गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिहरूको वितरण र जनसङ्ख्याको विश्लेषण | |
| जनजीवन | -स्थानीय लोकसाहित्य, लोककथा, लोकगीत, लोकबाजा, लिपि श्रीजङ्घा, देवनागरी आदि) तथा स्थानीय कला।<br>-स्थानीय धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाज ।<br>-स्थानीय कलाको अभ्यास (डोको, नाम्लो, डोरी, थुन्से, नाङ्लो, चित्र, वास्तु, हस्तकला) आदि । | -स्थानीय जातिगत लोककथा, लोकनृत्य, लोक बाजा तथा स्थानीय कलाको महत्त्व, उपयोगिता, संरक्षण र संवर्द्धन<br>-विभिन्न जातजाति एवम् भाषा तथा भेषभूषाको सामाजिक, सांस्कृतिक महत्त्व, आवश्यकता र समभाव विकास ।<br>-विभिन्न चाडपर्व, जात्रा, उत्सव तथा मेलाका सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व र जगेर्ना । | -स्थानीय कला, भाषा, साहित्य, लिपि र सोको मानव जीवनसँगको सम्बन्ध तथा संरक्षण र संवर्द्धन।<br>-जातिगत, धार्मिक, सामाजिक संस्कार, संस्कृति, चाडपर्व, मूल्यमान्यताको सम्मान, सहिष्णुता, सहअस्तित्त्व र जीवनशैली । | १७ |
| आर्थिक क्रियाकलाप | -पर्यटनको परिभाषा । स्थानीय पर्यटकीय स्थलहरू चुली पोखरी, कोलुङ झरना, मिक्लाजुङ, रानीटार, डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसार।<br>-स्थानीय कृषि तथा पशुपालनका समस्या, समाधानका उपायहरू। | -स्थानीय पर्यटनको विकास र सम्भावना (चुली पोखरी, कोलुङ झरना, मिक्लाजुङ, रानीटार, डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसार) ।<br>-स्थानीय कृषिजन्य उद्योगको अवस्था र सम्भावनाको खोजी (डेरी फर्म, मौरी, कुखुरा, वङ्गुरपालन आदि) ।<br>-स्थानीय कृषि प्रणालीका | -स्थानीय पर्यटकीय स्थलहरूः डाँडा, झरना, सिमसार, पोखरी आदि<br>-कृषि तथा पशुपन्छी पालन व्यवसाय र स्थानीय जनजीवन बिच अन्तरसम्बन्ध ।<br>-व्यावसायिक सम्भावना र विकासको खोजी ।<br>-स्थानीय पेसा व्यावसायिक | २० |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | काघ |
|---|---|---|---|---|
| | –-स्थानीय परम्परागत पेसा र सीपः लुगा सिलाउने, माटाका भाँडा बनाउने, जुत्ता सिलाउने, हँसिया, खुकुरी बनाउने, केश काट्ने, कपडा, डोको, नाङ्लो, कुचो, भकारी बुन्ने आदि ।<br>–विभिन्न व्यावसायिक क्रियाकलापहरू खेती, व्यापार, डेरी फर्म, पशु, पन्छी तथा मौरी पालन, फर्निचर, क्रसर उद्योग आदि। | विशेषताहरू (अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहन आदिको खेती गर्ने परम्परागत तरिका) तथा आधुनिक कृषि विकासको सम्भावना, उन्नत वीउ विजन, मल, सिंचाइ तथा औजार आदिको प्रयोग गरी व्यावसायिक खेती गर्ने सम्भावना ।<br>–स्थानीय विभिन्न व्यवसायी (परम्परागत सिप, खेती, व्यापार, उद्योग, पशुपन्छी) सँगको अनुभव र लगानी | सिप (कृषि, व्यापार, घरेलु उद्योग, सिलाइ, बुनाइ, चित्र, हस्त, वास्तुकला आदि) ।<br>–स्थानीय आर्थिक विकासका सम्भावना, रोजगारी सिर्जना र जीविकोपार्जनका उपायहरूको खोजी । | |
| प्राकृतिक स्रोत र सम्पदा | –स्थानीय चुली पोखरी, कोलुङ झरना, मिक्लु, मावा, लावा, बक्राहा खोला, मिक्लाजुङ, रानीटार (Queen Tar), डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसारको परिचय, महत्त्व र विशेषता ।<br>–स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरू (भूमिराज, पाखनवेत, ठूलो ओखती, हाडजोडा, निम, तुलसी, सजिवन, कुरिलो, करिपत्ता) आदिको पहिचान, महत्त्व र विशेषता । | –स्थानीय ताल, पोखरी, झरना, खोला, पहाड, सिमसार, जीवजन्तु, वनस्पतिसँग मानिसको अन्तरसम्बन्ध तथा वर्तमान अवस्था ।<br>–स्थानीय क्षेत्रका प्राकृतिक स्रोत तथा जीवजन्तु, वनस्पति आदिको वर्तमान अवस्था<br>–स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरू । | –प्राकृतिक विविधताको परिचय र संरक्षण ।<br>–स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति, जीवजन्तु तथा चराचुरुङ्गीको परिचय, महत्त्व र संरक्षण ।<br>–प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्वर्धन ।<br>–स्थानीय क्षेत्रका जडीबुटीको संरक्षण, प्रयोग र सम्भावनाको खोजी । | २० |
| सङ्घसंस्था | –सदन, बाल क्लब, | –सदन, बालक्लब, रेडक्रस, | –पालिकाका शैक्षिक, धार्मिक, | १८ |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | काघ |
|---|---|---|---|---|
| | रेडक्रस, स्काउट तथा समुदायिक बचत सहकारी संस्थाहरू।<br>-पालिकाभित्र सामाजिक संघसंस्थाःटोल संगठन, वन उपभोक्ता समिति, मेलमिलाप केन्द्र आदि<br>-स्वास्थ्य संस्था, हुलाक, वडा कार्यालय, तथा विभिन्न क्लबहरू । | स्काउट, समुदायका बचत सहकारी तथा सङ्घसंस्थाहरूमा संलग्नता।<br>-कृषि तथा बचत सहकारी, क्लबहरू, वन उपभोक्ता समिति, टोल संगठन, वडा कार्यालय, स्वास्थ्य संस्था, हुलाक आदिको वडापत्र अध्ययन र महत्त्व । | सामाजिक तथा वित्तीय संस्थाहरूमा सहभागिता, योगदान र संरक्षण ।<br>-पालिकाको शिक्षा शाखाको परिचय । | |
| आचरण | -अनुशासन, सकारात्मक सोच।<br>-असल चारित्रिक गुणः परोपकार, सहयोग, सेवा, सहकार्य आदि ।<br>-सामाजिक सम्बन्ध र असल आचरणः मेलमिलाप, सहयोग आदानप्रदान, सामाजिक सेवा तथा वस्तुहरूको संरक्षण विकास ।<br>-सामाजिक मूल्य मान्यताको पालनाः सदाचार, समझदारी, मित्रता, सत्कार आदि।<br>-सांस्कृतिक कार्यहरूः विवाह, व्रतवन्ध, पूजा, नाचगान, वार्षिकोत्सव आदिमा सहभागिता । | -श्रमप्रति सम्मान र अभ्यास ।<br>-सामाजिक सम्बन्ध र असल आचरणको संरक्षण ।<br>-सामाजिक तथा परम्परागत मूल्य मान्यताको संरक्षणमा संस्थाहरूको भूमिका।<br>-चरित्र विकासका विभिन्न नमुना र व्यवहार । | -घरायसी, सामाजिक कार्यहरू, सामाजिक सम्बन्ध, असल आचरणको अवलम्बन, सम्भावनाको खोजी, सहभागिता र स्वःविकासमा योगदान ।<br>-आपसी सहयोग, सहकार्य, अन्तरवैयक्तिक सम्बन्ध, समझदारीको विकास र अनुशासनको पालना।<br>-मानवीय आचरण र विशेषताहरू (दया, माया, सहयोग, सद्भाव, सहानुभूति, क्षमा, परोपकार आदि) । | १७ |
| स्वास्थ्य | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खानेकुरा (सन्तुलित | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने सन्तुलित आहारको महत्त्व । | -खाद्य सुरक्षाका उपायहरू ।<br>-स्थानीय पर्यायवरणको सुरक्षामा योगदान । | १७ |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | काघ |
|---|---|---|---|---|
| | आहार)को वर्गीकरण। -आफ्नो घर, परिवार, विद्यालय, समुदायको वरिपरिको वातावरणको स्वच्छता । -बज्रासन,अनुलोमविलोम मण्डुकासन,प्राणायामको अभ्यास । | -घर, परिवार, विद्यालय, समुदाय वरिपरिको वातावरण स्वस्थ राख्ने उपायहरू । -उत्तानपादासन, त्रिकोणासन तथा कपालभाती प्राणायामको अभ्यास । | -सूर्यनमस्कार, नौकासन र भ्रामरी प्राणायामको अभ्यास। | |

१०. <u>विषयवस्तुको विस्तृतीकरण</u>

<u>कक्षा १</u>

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -नक्शा हेरी आफू बसेको वडाको पहिचान गर्न। -आफ्नो वरपर रहेका धार्मिक स्थलहरूक नाम बताउन -आफ्नो घर नजिक लाग्ने मेला, हाटबजारको नाम भन्न। | -पालिकाको नक्शा -घर वरपर रहेका धार्मिक स्थलहरू -आफ्नो गाउँघरमा लाग्ने हाटबजारको नाम। | -पालिकाको नक्शा देखाएर तिम्रो घर कुन वडामा पर्छ भनी सोधेर पत्ता लगाउन लाउने । -तिम्रो घर वरपर कुन कुन मठ, मन्दिर, गुम्वा, चर्च, मस्जिद, माङ्खिम, माङ्हिम छन् भनी सोधेर बताउन लगाउने र पाटीमा लेख्ने । -घर वरपर लाग्ने मेला, बजार कुन कुन छन् सोधी पाटीमा लेख्ने साथै तिमी कुन मेला बजार गएका छौ भनी सोध्ने । | -तिमी कुन वडामा बस्छौ भनी सोध्ने। -तिम्रो घर वरपर कुन देवी देवताको थान (मन्दिर, गुम्वा, चर्च, मस्जिद, माङ्खिम, माहिम मध्ये) के के छन् भनी सोध्ने । -घर वरपर लाग्ने मेला, हाटबजारको नाम भन्न लगाउने । | २५ |
| जनजीवन | -परिवारका सदस्यबीच आदर, सम्मान र माया | -शिष्टाचार, सम्मान, नमस्कार, सेवा, सेवारो, | -आदर, सम्मान, र माया गरेको भाव झल्कने चित्र आदि देखाउँदै चित्रमा के भएको रहेछ भनी प्रश्न गर्दै आफ्ना घरका सदस्य | -आदर, सम्मान र माया गरेका चित्र देखाई चिन्न लगाउने । | २२ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | देखाउन । -आफ्नो परिवारको जात र भाषाबारे बताउन । -आफ्नो परिवारले मान्ने मुख्य चाडपर्व, संस्कार, चाडपर्वमा खाइने परिकार र लगाउने भेषभूषाको नाम भन्न । -आफ्नो परिवारले मान्ने धर्मको नाम बताउन । | फ्याफुल्ला, जोजोलोप्पा, प्यार, स्नेह, मिजोर आदि । -स्थानीय जातजातिः राई, लिम्बू, तामाङ, मगर, परियार, ब्राह्मण, क्षेत्री, विश्वकर्मा, आदिको भाषा । -दशैं, तिहार, उँधौली, उँभौली, ल्होसार आदि -मासु, सेलरोटी, खिच्रो(खिचडी), वाचिपा, तरुल, लड्डु आदि। -गुन्यु, चोली, दौरा, दौरा सुरुवाल, पटुका, टोपी आदि । | र नयाँ मानिससँग भेट हुँदा गरिने प्रतिक्रिया बारेमा जानकारी गराउने । -विद्यालयमा शिक्षकहरूसँग भेट हुँदा गरिने क्रियाकलापहरू बताइदिने । -पालैपालो आफ्नो नाम थर के हो भनी सोध्ने । थरसँगै जातजातिको बारेमा प्रारम्भिक जानकारी बताउने साथै तिमीहरूले रेडियो, टि.भि. तथा मोवाइलहरूमा के कस्ता गीत सुनेका छौ नेपाली, अङ्ग्रेजी जस्तै अरू कुन कुन भाषामा कुराकानी हुन्छ होला ? नेपाली बाहेक आफ्नो घरमा बोलिने भाषा कुन कुन होला भनी प्रश्न सोध्दै आएका उत्तरका आधारमा सम्बन्धितका भाषाका नाम बताइदिने । -चाडपर्व, भेषभूषा र खानेकुराको चित्र तथा श्रव्य दृश्य सामग्री प्रस्तुत गर्दै तिम्रो घरमा केकस्ता खानेकुरा बनाइन्छ भनी प्रश्न गर्दै चाडपर्वको धारणा दिन तिहार, माघे सङ्क्रान्ति तथा ल्होसारको उदाहरण दिई त्यस्तै अरू के के चाडपर्वहरू तिम्रो परिवारमा मनाइन्छ भनी प्रश्न सोधेर उक्त अवसरमा मुख्य कुरा के के खाइन्छ र के कस्ता पहिरन | -आफ्नो नाम, थर, जात र भाषाको नाम बताउन लगाउने । -चाडपर्व झल्कने चित्र र खाइने खानेकुराको जोडा मिलाउन लगाउने। -आफूलाई धेरै मनपर्ने चाडपर्व र उक्त पर्वमा खाइने खानेकुराको नाम बताउन लगाउने | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | लगाइन्छ भनी प्रश्न गर्दै निष्कर्षमा पुऱ्याउने । | | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको नाम भन्न।<br>-खेतबारीमा प्रयोग गरिने औजारहरूको पहिचान गरी नाम भन्न ।<br>- विभिन्न पेसा व्यवसायमा लागेका मानिसहरूको वर्गीकृत नाम भन्न । | -स्थानीय पर्यटकीय स्थलहरूका चित्रहरू।<br>-खेतवारीमा प्रयोग गरिने औजारहरूका चित्रहरू<br>-किसान, शिक्षक, व्यापारी, कर्मचारी आदि पेसामा लागेका व्यक्तिहरूको चित्रहरू। | -स्थानीय पर्यटकीय स्थलका चित्रहरू देखाई पालैपालो उत्तर लिने।<br>-कृषि औजारहरूका चित्रहरू देखाई नाम सोध्ने ।<br>-तिम्रो घरमा पैसा कमाउने को को हुनुहुन्छ, केकाम गरेर पैसा कमाउनु हुन्छ भनी सेतो पाटीमा लेख्दै अन्तरक्रिया गर्ने र यसरी पैसा कमाउने मानिहरू के काम गरेका देखेका छौ भनी सोध्ने र यी यस्ता काम गर्ने मानिसहरूलाई के भन्छन् भनी सोध्ने ।<br>-किसान, शिक्षक, व्यापारी, कर्मचारी आदि पेसामा लागेका व्यक्तिहरूका चित्र देखाई यी मानिसहरू को हुन भनी सोध्ने। | -पर्यटकीय स्थलको चित्र देखाई कुन ठाउँ हो भनी सोध्ने।<br>-कृषि औजारका चित्र देखाई यो केको चित्र हो र के काम गर्छ भनी सोध्ने।<br>-यो चित्र कुन पेसा गर्ने मानिसको हो भनी सोध्ने ।<br>-तिम्रो बा, आमा के काम गर्नुहुन्छ भनी सोध्ने। | २२ |
| प्राकृतिक स्रोत र सम्पदा | -चित्र हेरी घर छेउछाउका ताल, झरना, पहाड, वनस्पतिको पहिचान गर्न ।<br>-घर छेउछाउमा रहेका बोटविरुवा, जनाबर, पन्छीको नाम | -घर वरिपरिका बोटविरुवा, ताल, झरना, पहाड तथा खोलाको नाम ।<br>-घर पालुवा जनावरः गाई, भैंसी, बाखा, सुँगुर पन्छी कुखुरा, परेवा, हाँस आदि । | -चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीयस्तरमा पाइने चराचुरुङ्गी, जनाबर, झरना, पोखरी, वनस्पतिको पहिचान गराउने, प्रश्नोत्तर गराउने ।<br>-घर वरिपरि अवलोकन गराई आसपासका बोटविरुवाहरू, घर पालुवा जनाबरहरू तथा पन्छीहरूको नाम भन्न लगाउने, प्रश्नोत्तर गराउने । | -फोटो र नाम हेरी जोडा मिलाउन लगाउने ।<br>-उपयुक्त शब्द छानी खालीठाउँ भर्न लगाउने ।<br>-जनाबरको नाम जस्ताको त्यस्तै सार्न लगाउने ।<br>-घर वरपर भएको कुनै तीनओटा | २० |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | बताउन | | | विरुवा, पशु तथा पन्छीका नाम भन्न लगाउने । | |
| सङ्घसंस्था | -चित्र हेरी व्यक्ति र समूह छुट्याउन । -कक्षाकोठाभित्र गरिने विभिन्न सामूहिक क्रियाकलापमा सहभागी हुन -आफ्नो विद्यालयको नाम भन्न। | -विद्यालयको नाम, एकल वा समूह (हुल, ताँती, वथान, झुप्पा, बगाल आदि। -सामूहिक क्रियाकलाप। | -मानिस, जनाबर र पन्छीको एउटामात्र भएको र ३/४ ओटा चित्रभएको चित्र प्रदर्शन गरी यो के को चित्र हो ? कतिओटा छन् आदि प्रश्न गर्ने । -विद्यार्थीका पाठ्यपुस्तक एउटा र २/३ ओटा देखाएर गन्न लगाउने । -एकजना विद्यार्थीलाई एकातिर र अरू ३/४ जनालाई अर्कोतिर उभिन लगाएर एउटा र धेरैओटाको धारणा दिएर ताँती, हुल, बगाल, समूह आदि जस्ता कुराको धारणा स्पष्ट गरिदिने । -कक्षाकोठाभित्र र वरिपरिको वातावरणमा भएका सामग्रीहरूको पनि अवलोकन गराई एउटा र धेरै ओटाको गणना र धारणा बताइदिने । | -चित्र प्रदर्शन गरी सङ्ख्या बताउन लगाउने। -पुस्तक र आफ्ना साथीहरूको गणना गर्न लगाई थाक, हुल, बथान, समूह जस्ता प्रश्न सोध्ने -कक्षाकोठाभित्र र बाहिर के के सामग्री देख्यौ जस्ता प्रश्न गरी सङ्ख्याका बारेमा पनि बताउन लगाउने । | २२ |
| आचरण | -समयको पालना गर्न। -आफ्नो सामानको जतन गर्न र भेटेको सामान फिर्ता गर्न। -अभिवादन तथा शिष्टता प्रदर्शन | -समयको पालना, सामानको जतन, अभिवादन, शिष्टता, पालो आदि । | -विद्यार्थीलाई विद्यालय आउने र जाने समय कति हो भनेर सोध्ने -१० देखि ४ वजेको समय विद्यालयमा बस्ने हो भने विहान बेलुका के के गर्छौ भनेर सोध्ने -जुनसुकै काम पनि समयमा गर्नुपर्ने धारणा प्रस्ट गरिदिने । -विद्यार्थीसँग के के सामान छ सोधेर आफ्नो सामान घरमा | -कुन समयमा के के काम गर्नुपर्छ र विद्यालयको समय कति वजेदेखि कति वजेसम्मको भनेर सोध्ने । -आफूले प्रयोग गर्ने गरेका | २२ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | गर्न ।<br>-आफ्नो पालोमा बस्न। | | दैनिक प्रयोगमा आउने सामानको जतन गर्ने तरिका बताइदिने ।<br>-आफूले नमस्कार गरेर देखाई शिष्ट र नम्र भएर बोलने अभ्यास गराउने ।<br>-विभिन्न काम पालो पालो गर्ने र पङ्क्ति (लाइन)मा बस्ने अभ्यास गराउने ।<br>-भेटेको सामान के गर्छौ ? भनी सोधेर फिर्ता गर्नुपर्छ भन्ने धारणा दिने । | सामानहरूको किन जतन र सुरक्षा गर्नुपर्छ भनि सोध्ने, प्राप्त जवाफलाई राम्ररी सुनेर शिष्ट भाषामा धन्यवाद दिने ।<br>-शिष्ट, नम्र भएर बोल्ने, अभिवादन गर्ने साथै लाइनमा बसेर पालो पर्खेको अवलोकन गरी आवश्यक सुझाव दिने | |
| स्वास्थ्य | -आफूले खाने गरेका खाने कुराहरू चिन्न र नाम बताउन<br>-हात, खुट्टा र मुख धुने तरिका बताउन र धुन<br>-स्थानीय खेलहरूको नाम बताउन र खेल्न<br>-ढाड सिधा बनाई आँखा चिम्लेर बस्न। | -खानेकुराहरू:दाल, भात, तरकारी, रोटी, मकै<br>-साबुन, पानी, धारा ।<br>-कक्षा १ का नानीहरूले खेल्ने विभिन्न स्थानीय खेलहरू ।<br>-सुखासन । | -विद्यार्थीहरूलाई विभिन्न खानेकुराहरूको चित्र देखाउने। तिमीहरू के के खानेकुरा खान्छौ भनी छलफल गर्ने र निष्कर्ष दिने<br>-धारामा लगी साबुन लगाएर हात खुट्टा मुख धुन सिकाउने ।<br>-स्थानीय खेल जस्तै रुमाल लुकाइ, गट्टा, तातो आलु आदि खेल्ने तरिका सिकाई खेल्न लगाउने ।<br>-आँखा चिम्लेर ढाड सिधा गरी सजिलो तरिकाले पलेटी कसेर बस्ने अभ्यास गराउने । | -दैनिक खाने खानेकुराको नाम सोध्ने<br>-हात खुट्टा मुख किन धुनुपर्छ भनी सोध्ने।<br>-खेलिएका खेलहरू मध्येबाट खेल कसरी खेलिन्छ भनी सोध्ने ।<br>-सुखासनमा बसेर देखाऊ भनी बस्न लगाउने । | २१ |

कक्षा २

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -नक्साको माध्यमबाट मिक्लाजुङ गाउँपालिकाको सामान्य परिचय दिन । -आफ्नो नजिक रहेका वनजङ्गल र खोलानालाको नाम बताउन -स्थानीय मेला र हाटबजारमा किनबेच गरिने सामानहरूको नाम बताउन -आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थानहरूको नाम बताउन | -मिक्लाजुङ गाउँपालिकाको नक्सा । -आफ्नो नजिक रहेका खोलानाला र वनजङ्गलका नाम । -स्थानीय मेला बजारमा किनवेच गरिने सामानको नाम जस्तैः मह, अम्लिसाको कुचो, डोको, नाङ्लो आदि । -आफ्नो घर वरपर रहेका महत्त्वपूर्ण स्थानहरूको नाम जस्तैः विद्यालय, वडा कार्यालय, मठ, मन्दिर आदि । | -पालिकाको नक्सा प्रदर्शन गर्दै हाम्रो पालिकामा कति ओटा वडाहरू छन् भनी प्रश्नोत्तर गर्ने । -आफ्नो नजिक कुन कुन खोला बग्छन्, वनजङ्गल कहाँ कहाँ छन् आदि प्रश्न सोधी अन्तरक्रिया गर्ने । -स्थानीय मेला बजारमा के के सामानहरू किनबेच हुन्छ बताउन लगाउने र पाटीमा टिपोट गर्ने । -तिम्रो वरपर के कस्ता महत्त्वपूर्ण स्थान छन् भनी सोधेर साथीहरूसँग सल्लाह गरेर बताउन लगाउने (शिक्षकले महत्त्वपूर्ण स्थानबारे पहिले परिचित गराउने) । | -मिक्लाजुङ गाउँपालिकामा कतिओटा वडा छन् तिमी कुन वडामा बस्छौ जस्ता प्रश्न सोध्ने । -तिम्रो घर नजिकको खोलाको नाम के हो तिम्रो घर नजिकको जङ्गलको नाम के हो जस्ता प्रश्न सोध्ने । -तिमी मेला, हाटबजार गएका छौ ? छौ भने त्यहाँ किनबेच गरिने सामानहरू के के हुन् भनी बताउन लगाउने । -तिम्रो घर वरपर रहेका महत्त्वपूर्ण ठाउँहरूको नाम बताऊ भनी सोध्ने। | २५ |
| जनजीवन | -आफ्नो परिवार र छरछिमेकले अपनाएका नामाकरण, विवाह र मृत्यु संस्कारबारे | -घर परिवार र छरछिमेकको नामाकरण, विवाह र मृत्यु संस्कार । -राई, लिम्बू, | -आफ्नो परिवारमा नयाँ वच्चा जन्मिएपछि, विवाह र मृत्यु हुँदा केके क्रियाकलापहरू गरिन्छन् आदि प्रश्न गर्दै आएका उत्तरलाई पाटीमा टिपोट | -बुवा, आमा वा दाजु, दिदीलाई सोधी आफ्ना घरमा गरिने जन्म तथा विवाहका संस्कारका बारेमा सोधेर लेख्न | २२ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | परिचित हुन ।<br>-आफ्नो गाउँटोलमा रहेका ५ जातजाति, तिनका भाषा र भेषभूषाको नाम भन्न र लेख्न।<br>-आफ्नो गाउँटोलमा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू र ती पर्वमा खाइने परिकारहरूको नाम भन्न र लेख्न । | तामाङ, मगर, नेवार आदिको भाषा ।<br>-दौरा सुरुवाल, पटुका, टोपी, गुन्युचोली, सिलाम साक्या आदि ।<br>-दशैं, तिहार, माघी, चण्डी पूर्णिमा, बुद्ध जयन्ती, आदि ।<br>-धार्मिक एवं सांस्कृतिक चाडपर्व र सो अवसरमा खाइने परिकारहरूःमासु, लड्डु, तरुल, सेलरोटी आदि । | गर्दै धर्म तथा जातका आधारमा जन्म, विवाह र मृत्यु संस्कारका बारेमा जानकारी गराउने ।<br>-आफ्नो घर छेउछाउ छिमेकमा रहेका घरहरूका मानिस कुन कुन जातका छन्, तिनको भाषा के होला र के कस्ता पहिरन लगाउँछन भनी सोधनी गर्दै विभिन्न भेषभूषा झल्कने चित्रसमेत देखाउँदै छलफल गराउँदै मुख्य बुँदाहरू पाटीमा टिपोट गर्ने।<br>-छरछिमेकमा बसोबास गर्ने मानिसहरूले मान्ने धार्मिक तथा सांस्कृतिक चाडपर्व के के होलान भनी प्रश्न सोध्ने र ती पर्वहरूमा गरिने क्रियाकलापहरू तथा बनाइने परिकारका बारेमा प्रश्नोत्तर गर्ने, पर्वहरूमा गरिने क्रियाकलाप झल्कने किसिमका श्रव्यदृश्य सामग्रीसमेत प्रयोग गर्ने । | लगाउने ।<br>-छरछिमेकमा रहेका र आफ्ना कक्षामा पढ्ने साथीहरूमध्ये कुनै ४ जातजातिका नाम र तिनको भाषाको नाम लेख्न लगाउने ।<br>-प्रमुख धार्मिक र सांस्कृतिक चाडपर्व र उक्त समयमा खाइने परिकारको जोडा मिलाउन लगाउने । | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको पहिचान गरी नाम भन्न र लेख्न। | -पर्यटकीय स्थलहरूको चित्र<br>-स्थानीय कृषि उत्पादनः धान, मकै, कोदो, गहुँ, सागसब्जी, | -चित्र हेरी कुन ठाउँ हो भनी सोध्ने साथै लेख्न लगाउने<br>-तिमीले के के खाने गरेका छौ भनी सोध्ने र सेतो पाटीमा वर्गीकृत नाम टिप्न र अन्तमा यी अन्न, | -आफूले जानेका कुनै ३ पर्यटकीय स्थलहरूको नाम लेख्न लगाउने ।<br>-कुनै ५ ओटा अन्न/सागसब्जी/ | २२ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | -स्थानीय कृषि उत्पादनहरूको पहिचान र नाम बताउन । - कृषि सामग्रीहरूको नाम बताउन र चित्राङ्कन गर्न | फलफूल आदि। -कृषि सामग्रीहरू जस्तैः हलो, कोदालो, हँसिया, खुकुरी, पावर टिलर, ट्याक्टर, थ्रेसर आदिका चित्रहरू । | सागसब्जी, फलफूल हुन भनी बताई दिने । -खेती गर्दा प्रयोग गरिने औजारहरूको नाम सोधी सेतो पाटीमा लेख्ने । -कृषि औजारहरूको चित्र बनाउन लगाउने । | फलफूलको नाम भन्न लगाउने । -कुनै पाँच कृषि औजारहरूको नाम सोध्ने । | |
| प्राकृतिक स्रोत र सम्पदा | -चित्र हेरी स्थानीय खोला/नदी, ताल, झरना, पहाड, वनस्पतिको पहिचान गरी नाम भन्न र लेख्न । -स्थानीय क्षेत्रमा रहेका बोटविरुवा, जनाबर, पन्छीको नाम भन्न र लेख्न | -घर र विद्यालय वरपर पाइने वनस्पति, खोला, नदी, ताल, झरना, पहाड, जनाबर, पन्छी । | -विद्यालय वरिपरि अवलोकन गराई आसपासका बोटविरुवाहरूको नाम भन्न र लेख्न लगाउने, आवश्यक प्रश्नोत्तर गराउने । -चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीयस्तरमा पाइने चराचुरुङ्गी, जनाबर, झरना, पोखरी, वनस्पतिको पहिचान गराई लेख्न लगाउने । -विद्यालय वरिपरिबाट पाँच प्रकारका विरुवाको पात सङ्कलन गर्न लगाउने । | -विद्यालय वरपर भएको कुनै तीन तीनओटा विरुवा र चराको नाम लेख्न लगाउने -फोटो हेरी खालीठाउँमा नाम लेख्न लगाउने -उपयुक्त अक्षर र शब्द छानी खाली ठाउँ भर्न लगाउने । | २६ |
| सङ्घसंस्था | -आफ्नो घरका सदस्यहरू संलग्न भएका समूहहरूको नाम बताउन -विद्यालयमा गठन भएका समूहहरूको | -आमा समूह, बचत समूह -विद्यालयमा गठन हुने बालक्लब, सदन, रेडक्रस, स्काउट आदि | -आफ्नो घरका सदस्यहरू गाउँ समाजका कुन कुन समूहका वा सङ्घसंस्थाका सदस्य रहेका छन् ? जस्ता प्रश्न गरी छलफल गराउने। -आमा, भजन, कीर्तन, बचत समूह जस्ता समूहको बारेमा | -आफ्नो घरका सदस्यहरू समाजमा भएका कुन कुन समूहमा सहभागी भएका छन् जस्ता प्रश्न गरी बताउन लगाउने । -आमा, भजन, कीर्तन | २२ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | नाम बताउन | | कसलाई कति थाहा छ ? बताउन लगाई विभिन्न समूह सम्बन्धी धारणा स्पष्ट गरिदिने ।<br>-विद्यालयमा भएका बालक्लब, सदन, रेडक्रस, स्काउट जस्ता समूह गठन भएको नभएको र विद्यार्थी सहभागी भए नभएको प्रश्नोत्तर, छलफल गरी आफूलाई जानकारी भएका संस्थाका बारेमा बताउन लगाई छलफल गराउने । | तथा बचत जस्ता समूहको बारेमा बताउन लगाउने ।<br>-विद्यालयमा कुन कुन समूह छन् र तिमीहरू कुन कुन समूहमा समावेश भएका छौ ? भनी सोधेर बताउन लगाउने । | |
| आचरण | -सबै उमेरका मानिससँग अभिवादन तथा शिष्टता प्रदर्शन गर्न ।<br>-अरूले गरेको सहयोग वापत आभार व्यक्त गर्न र सहयोग गर्न ।<br>-राष्ट्रिय गानको सम्मान गर्न ।<br>-विद्यालय पोसाक लगाएर विद्यालय आउन।<br>-आफूभन्दा सानालाई माया | -अभिवादन, शिष्टाचार ।<br>-आभार (धन्यवाद), सहयोग आदि ।<br>-राष्ट्रिय गानको सम्मान<br>-विद्यालय पोसाकको पालना<br>-सानालाई माया | -अभिवादन, शिष्टाचार, नम्र बोलीको राम्रो अभ्यास गराएर धन्यवाद तथा आभार व्यक्त गर्न र एक अर्कालाई सहयोग गर्न पटक-पटक अभ्यास गराउने ।<br>-विद्यालय आउँदा सधैं विद्यालयको पोसाकमा आउने र राष्ट्रिय गानको अभ्यास साथै सम्मान गर्नुपर्ने कुरा पटक पटक सिकाएर प्रस्ट गरिदिने ।<br>-आफूभन्दा साना अर्थात् कक्षा-१ का भाइ बहिनीहरूलाई र घरका भाइ-बहिनीलाई पनि माया गर्नुपर्ने कुरा बताएर अभ्यास | -विद्यार्थीले गरेको व्यवहार र सहयोगको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>-राष्ट्रिय गानको सम्मान किन गर्नु पर्दछ र विद्यालय आउँदा सबैले एकै खालको पोसाक किन लगाउनु पर्दछ जस्ता प्रश्न गर्ने ।<br>-आफूभन्दा सानालाई किन माया गर्नु पर्छ जस्ता प्रश्न गरी माया गर्ने गरे नगरेको सोधी अवलोकन गरी | २२ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | गर्न। | | गराउने । | मूल्याङ्कन गर्ने। | |
| स्वास्थ्य | -स्थानीयस्तरमा पाइने खानेकुराको नाम भन्न।<br>-व्यक्तिगत सरसफाइ गर्न।<br>-आफूले खेल्ने खेलहरूको नाम बताउन।<br>-लामो श्वास लिएर लामो श्वास छाड्न | -घरगाउँमा खाइने खानाः दाल, भात, तरकारी, अचार, रोटी, फलफूल, दही, दुध, साग, माछा, मासु ।<br>-साबुन, पानी, तौलिया, नङ काट्ने, काइँयो<br>-कक्षा २ का बालबालिकाहरूले खेल्न सक्ने विभिन्न स्थानीय खेलहरूः टोपी लुकाइ, बल फाल्ने, तातो आलु, म्युजिकल चेयर आदि ।<br>-प्राणायामको चित्र | -समूह बनाई गाउँघरमा सधैंजसो खाइने खानाहरूको नाम भन्न लगाउने। त्यसपछि कहिलेकाहीँ खाइने खानाहरूको नाम भन्न लगाउने।<br>-हातमुख धुनु, केश कोर्नु, दाँत मोल्नु, कानेगुजी सफा गर्नु, नङ काट्नु, सफा र इस्त्री लगाएका लुगा मिलाएर लगाउनु, जुत्तामा पोलिस लगाएर लगाउनु, बस्ने र सुत्ने ठाउँ सफा राख्नु व्यक्तिगत सरसफाइ हो भनेर बताउने र सोअनुसार गरे गरेनन् अवलोकन गरी आवश्यक सहयोग गर्ने वा निर्देशन दिने।<br>-बालबालिकाले खेल्नसक्ने खेलहरू पहिचान गरी खेल खेल्ने विधि बताई खेल्न लगाउने ।<br>-लामो श्वास लिने र बिस्तारै छाड्ने प्राणायाम गरेको चित्र वा भिडियो देखाउने र नियमपूर्वक प्राणायाम गराउने। | -आफूले खाने गरेका खानेकुराहरू भन्न र लेख्न लगाउने ।<br>-व्यक्तिगत सरसफाइ भनेको के हो भनी सोध्ने ।व्यक्तिगत सरसफाइको अवलोकन गरी अभिलेख राख्ने।<br>-खेलेका खेलहरू खेल्ने विधि बताउन लगाउने ।<br>-प्राणायाम गर्न लगाउने र अवलोकन गरी आवश्यक निर्देशन दिने । | २१ |

कक्षा ३

| विषयवस्तु | सिकाइ | विषयवस्तुको | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -आफ्नो र वरपर रहेका गाउँ टोलहरूका नाम लेख्न । -आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थानहरू तथा खोलानाला र वनजङ्गलको नाम उल्लेख गर्न । -आफ्नो नजिक लाग्ने मेला हाटबजारमा किनबेच गरिने सामानहरूको नाम लेख्न । | -आफ्नो र वरपरका गाउँ टोलहरूका नामहरू । -आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थान, खोलानाला र वनजङ्गल । -नजिक लाग्ने मेला, हाटबजारमा किनबेच हुने सामानहरू । | -तिमी बस्ने टोलको नाम के हो भनी सोध्ने र कपिमा लेख्न लगाउने । आफ्नो वरपर रहेका पाँचओटा टोलहरूको नाम लेख्न लगाउने । -आफ्नो वरपर रहेका महत्त्वपूर्ण स्थानहरू कुन कुन हुन् साथीहरूसँग सल्लाह गरी लेख्न लगाउने । -आफ्नो वरपर रहेका खोलानाला र वनजङ्गलहरूको नाम साथीहरूसँग सल्लाह गरी लेख्न लगाउने । -आफ्नो घर नजिक लाग्ने मेला, हाटबजारमा किनबेच गरिने सामानहरूको नाम लेख्न लगाउने । | -आफू बस्ने टोलको नाम के हो लेख्न लगाउने । -आफ्नो घर वरपर रहेका महत्त्वपूर्ण स्थानहरूको सूची तयार गर्न लगाउने -घरबाट विद्यालय आउँदा बाटोमा खोला तर्नु पर्ने नपर्ने लेख्न लगाउने। -विद्यालय आउँदा बाटोमा वनजङ्गल पर्छ पर्दैन भनी सोधेर लेख्न लगाउने। -आफ्नो घर नजिक लाग्ने मेला, हाटबजारमा किनबेच हुने सामानको सूची बनाउन लगाउने । | २५ |
| जनजीवन | -आफू बस्ने समुदायका मानिसले अपनाएका संस्कार र संस्कृतिबारे परिचित हुन -आफ्नो समुदायमा बसोबास गर्ने जनजाति, | -आफू बस्ने वरपरका मानिसहरूको जन्म, मृत्यु, संस्कार आदि -राई, लिम्बू, मगर, गुरुङ, तामाङ, परियार, विश्वकर्मा, चर्मकार, | -आफ्नो घर र छरछिमेकका मानिसले अपनाउने संस्कारबाहेक अरू के के संस्कार र संस्कृति (जन्म, विवाह र मृत्यु) का बारेमा सुनेका छौ भनी प्रश्न गर्दै आफ्ना समुदायका मानिसले अपनाएका संस्कार र संस्कृतिका बारेमा जानकारी गराउने । -समुदायमा रहेका मानिसहरूको जातजाति तिनको भाषा र भेषभूषा बारे के के जानकारी छ भनी | -समुदायका मानिसहरूले मनाउने मुख्य संस्कार उल्लेख गर्न लगाउने -आफू गएको मेला र मेलामा भएका धार्मिक तथा सांस्कृतिक क्रियाकलापकाबारेमा कक्षामा सुनाउन लगाउने । | २२ |

| विषयवस्तु | सिकाइ | विषयवस्तुको | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | आदिबासी तथा अरू जातजाति, तिनले बोल्ने भाषा र भेषभूषाबारे परिचित हुन<br>-आफ्नो समुदायमा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरूका बारे परिचित हुन ।<br>-आफ्नो समुदाय वरपर लाग्ने मेलाहरूसँग परिचित हुन | ब्राह्मण, क्षेत्री, नेवार जातिले बोल्ने भाषा र परम्परागत पोसाकहरू<br>-आफू र आफ्नो समुदायमा मनाइने दशैं, तिहार, चण्डी पूर्णिमा, जनै पूर्णिमा, माघे सङ्क्रान्ति जस्ता धार्मिक तथा सांस्कृतिक चाडपर्वहरू ।<br>-आफ्नो समुदाय वरपर लाग्ने मेला, जात्रा तथा हाट वजारहरू | प्रश्न गर्ने र आएका उत्तरलाई पाटीमा उल्लेख गर्ने ।<br>-सान्दर्भिक चित्र, तालिका तथा अन्य सामग्रीहरू प्रस्तुति तथा छलफल गराउने ।<br>-हाटबजार तथा मेला जात्रामा को को गएका छौ ? आफ्नो गाउँघरमा के के मेला कहिले कहिले लाग्छ ? मेलामा के के हुन्छ ? आदि प्रश्न गर्दै गाँउघरमा मनाइने प्रमुख धार्मिक तथा सांस्कृतिक पर्व र गरिने क्रियाकलापका बारेमा निष्कर्ष प्रस्तुत गर्ने गराउने । | -सांस्कृतिक पर्वका अवसरमा लगाइने पहिरन तथा जातजातिको पहिचान गराउने, विशिष्ट पहिरनका बारेमा उल्लेख गर्न लगाउने<br>-परियोजना कार्यका माध्यमबाट समुदायमा अपनाइने मृत्यु संस्कारका विभिन्न तरिकाका बारेमा प्रस्तुत गर्न लगाउने । | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन<br>-घर परिवारको पेसामा सहयोग गर्न<br>-कृषि कार्यमा सहभागी हुन<br>-स्थानीय खाद्य | -स्थानीय पर्यटकीय स्थलहरूको नाम ।<br>-घर परिवारको पेसामा सामान्य सहयोग ।<br>-धान, मकै, कोदो, गहुँ, | -समूह विभाजन गरी तोकिदिएको पर्यटकीय स्थलको बारेमा छलफल गर्न लगाउने र समूह नेतालाई बयान गर्न लगाउने।<br>-तिम्रो परिवारको पेसा के हो भनी सोध्ने । तिमी के के कुरामा सहयोग गर्छौ भनी सोध्ने।<br>-घर तथा छिमेकीहरूले लगाउने बालीहरू के के हुन् भनी सोध्ने र पाटीमा टिप्ने र यो समूहको | -स्थानीय पर्यटकीय स्थलहरूको सामान्य वर्णन गर्न लगाउने<br>-घर परिवारको पेसाबारे बताउन लगाउने ।<br>-आफूले गर्न सक्ने सहयोगको सूची बनाउन लगाउने ।<br>-खाद्य तथा नगदे | २२ |

| विषयवस्तु | सिकाइ | विषयवस्तुको | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | तथा नगदे बालीको पहिचान गर्न। -कामको आधारमा मानिसहरूको पेसा व्यवसायको वर्गीकरण गर्न | फापर जस्ता खाद्य बाली तथा जुट , कपास, चिया, तोरी, सुर्ती आदि नगदे बाली -किसान, शिक्षक, व्यापारी, प्रहरी, डाक्टर, कर्मचारी, नर्स, ड्राइभर आदि | बालीलाई खाद्य बाली कि नगदे बाली भनिन्छ भनी सोध्ने र निष्कर्ष दिने । -तिमीले के कस्ता काम गर्ने मानिस देखे सुनेका छौ भनी सोध्ने र पाटीमा लेख्ने र निष्कर्ष दिने । -गाउँघरमा बस्ने मानिसहरू के-के काम गर्छन् भनी समूहमा छलफल गराउने र समूह नेताबाट बताउन लगाउने । | बालीको सूची बनाउन लगाउने । | |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय क्षेत्रमा पाइने महत्त्वपूर्ण बोटविरुवा, जनाबर, पन्छी, पहाड, ताल, झरना, खोला/नदी, आदिको सूची बनाउन । -स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको नाम लेखी चित्र बनाउन | -स्थानीय क्षेत्रमा पाइने साल, खयर, सिसौ, सिमल, क्यामुना, चिलाउने, ऐसेलु, चुत्रो, चिउरी आदि -कुलुङ झरना, चुली पोखरी आदि । -चिल, कालिज, गडुर, चिभे, भँगेरा आदि -मृग, खरायो, दुम्सी, बँदेल आदि । | -स्थानीय क्षेत्रमा पाइने महत्त्वपूर्ण विरुवाहरूको अवलोकन गराई तिनको सूची बनाउन लगाउने, आवश्यक छलफल गराउने -चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीयस्तरमा पाइने चराचुरुङ्गी, जनाबर, झरना, पोखरी, वनस्पतिहरूको पहिचान गराई पढ्न र लेख्न लगाउने, प्रश्नोत्तर गराउने, सूची तयार गर्न लगाउने, समूहकार्य गराउने -समूह बनाई विद्यालय वरिपरिबाट पाँचप्रकारका विरुवाको नमुना (पात) सङ्कलन गर्न लगाउने । | -स्थानीय क्षेत्रमा पाइने कुनै पाँचओटा वनस्पतिको नाम लेख्न लगाउने । -स्थानीय क्षेत्रमा पाइने पन्छीको चित्र बनाई नाम लेख्न लगाउने -स्थानीय क्षेत्रमा पाइने कुनै जनाबरको चित्र बनाई नाम लेख्न लगाउने । -स्थानीय क्षेत्रमा पाइने जनाबरहरूको सूची बनाउन लगाउने । | २६ |
| सङ्घसंस्था | - विद्यालयमा हुने | -विद्यालयमा गठन हुने | -विद्यालयमा भएका समूह वा क्लबहरू (बालक्लब, सदन, | -बालक्लब, सदन, स्काउट, रेडक्रस) | २२ |

| विषयवस्तु | सिकाइ | विषयवस्तुको | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | समूहहरूको काम सामान्य रूपमा बताउन। - आफ्नो गाउँटोलमा भएका विभिन्न सङ्घसंस्था र समूहहरूको नाम बताउन -छिमेकी विद्यालयहरूको नाम बताउन | सदन, बालक्लब रेडक्रस, स्काउट आदिको काम -गाउँटोलमा भएका विभिन्न आमा समूह, बचत समूह, क्लब । -छिमेकी विद्यालयहरू को नाम । | स्काउट, रेडक्रस) जस्ता समूहहरूले गर्ने कामहरू छुट्टाछुट्टै बताउन लगाउने र प्रत्येक समूहले गर्ने कामहरूको बारेमा स्पष्ट धारणा दिने । -समाजमा भएका समूहहरू: आमा, भजनकीर्तन, बचत आदि जस्ता प्रत्येक समूहको बैठक र ती समूहले गर्ने कामहरू छुट्टाछुट्टै बनाउन लगाई पाटीमा टिपोट गरेर सबै समूहका कामको बारेमा छलफल र वर्णन गरी प्रस्ट गरिदिने । -आफ्नो विद्यालयको वरिपरि वा नजिक भएका छिमेकी विद्यालयको नाम के हो ? जस्ता प्रश्नहरू गरी छिमेकी विद्यालयहरूको सङ्ख्या र नाम समेत प्रस्ट गरिदिने । | जस्ता समूह र संस्थाले गर्ने कार्यको छुट्टाछुट्टै सूची बनाउन लगाउने । -आफ्नो गाउँ समाजमा भएका समूहहरू: आमा, भजनकीर्तन, बचत जस्ता समूह कतिओटा छन् बताउन लगाई ती समूहहरूले गर्ने कामको सूची बनाएर प्रस्तुत गर्न लगाउने -आफ्नो विद्यालयको वरिपरि छिमेकमा भएका विद्यालयहरूको नाम र स्थानको विवरण तयार गर्न लगाउने। | |
| आचरण | -छिमेकी, अतिथि आदिको स्वागत सत्कार गर्न -आफूले दैनिक प्रयोग गर्ने सामानको हिफाजत गर्न -आफूभन्दा ठुलालाई आदर सत्कार र सानालाई | -छिमेकी तथा अतिथिको स्वागत, सत्कार, शिष्टाचार, सामानको हिफाजत, ठूलालाई आदर सत्कार र सानालाई माया । -सबै साथीहरूसँग | -छमेकी तथा अतिथिहरूको स्वागत, सत्कार, शिष्टाचार तथा आदर गर्ने तरिका सिकाइ पटक पटक अभ्यास गराउने । -आफ्नो सामानको हिफाजत, जतन गर्नुपर्ने तरिका बताएर प्रस्ट गरिदिने । -आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्नुपर्ने कुरा बताएर अभ्यास समेत गराउने । -सबै साथीहरूसँग मिलेर बस्न, बोल्न, एक अर्काबाट सिक्न, असल व्यवहार गर्ने तरिका | -स्वागत, सत्कार, शिष्टाचार तथा आदर गर्न सिके नसिकेको अवलोकन गर्ने । -आफ्नो सामानको हिफाजत, जतन कसरी गर्नुपर्दछ भनी प्रश्नोत्तर गर्ने । -आफूसँग मिल्ने साथीहरू र घरका परिवारको नाम लेख्न लगाएर कसलाई | २२ |

| विषयवस्तु | सिकाइ | विषयवस्तुको | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | माया गर्न । -कक्षाका सबै साथीहरूसँग मिलेर बस्न र असल व्यवहार गर्न | मिलेर बस्न, सिक्न र व्यवहार | बताएर अभ्यास समेत गराउने । | आदर र कसलाई माया गर्नुपर्छ लेख्न लगाउने । | |
| स्वास्थ्य | -आफू सुत्ने कोठा र कक्षा कोठाको सरसफाइ गर्न -स्वस्थकर र अस्वस्थकर खानेकुराहरू छुट्याउन । -स्थानीय खेलहरूको सूची बनाउन र खेल्न -पलेटी कसेर बस्न र लामो श्वास लिई केहीबेर रोकेर छाड्ने अभ्यास गर्न । | -आफू सुत्ने कोठा र कक्षा कोठाको सरसफाइ । -स्वस्थकर खानेकुराः दाल, भात, तरकारी, दुध, दही, घिउ, रोटी, माछा, मासु, फलफूल, साग आदि । -कक्षा ३ का विद्यार्थीले खेल्न सक्ने विभिन्न खेलहरूः टोपी लुकाइ, तातो आलु, म्युजिकल चेयर, भित्र बाहिर, सिन्को लुकाइ आदि -कुम्भक प्राणायामका | -विद्यार्थीलाई आफ्नो कक्षाकोठा सफा गर्न लगाउने र तिमी सुत्नेकोठा पनि यसरी नै सफा गर्नुपर्छ भनी निर्देशन दिने । -मानिसहरूले खाने गरेका खानेकुराहरू के कस्ता देखे सुनेका छौ भनी सोध्ने र पाटीमा टिप्ने । कुन कुन खाँदा हानी गर्छ र कुन कुन खानेकुरा खाँदा राम्रो गर्छ भनी सोधेर शिक्षकले नै पाटीमा वर्गीकरण गर्ने । -टोपी लुकाइ, तातो आलु, म्युजिकल चेयर, भित्र बाहिर, सिन्को लुकाइ जस्ता खेलहरूको नियम बताई खेल्न लगाउने । -पलेटी कसेर लामो सास लिन लगाई कति समयसम्म रोक्न सक्छौ रोक भन्ने । त्यस्तै सास छोडिसकेपछि पनि जतिखेरसम्म सक्छौ त्यतिखेरसम्म सास नलिनू भनी सरल तरिकाबाट कुम्भक प्राणायाममा अभ्यास गराउने । सही तरिकाले श्वास लिएर रोक्ने र श्वास छोडेर रोक्ने काम गरेका छन् छैनन् अवलोकन गर्ने र सही र सरल तरिकाले कुम्भक | -कक्षाकोठा सफा गरेको र फोहोर व्यवस्थापन गरेको अवलोकन गर्ने । -तिमीले आफू सुत्ने कोठा सफा कसरी गर्‍यौ भनी सोध्ने । -खाँदा हानी गर्ने खानेकुरा कुन कुन हुन् भनी सोध्ने र लेख्न लगाउने । -खेल खेल्ने तरिका बताउन लगाउने। -कुम्भक प्राणायाम कसरी गरिन्छ गरेर देखाउन लगाउने । | २१ |

| विषयवस्तु | सिकाइ | विषयवस्तुको | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | चित्र र अभ्यास । | प्राणायाम गर्ने र गर्न सिकाउने । | | |

<u>कक्षा ४</u>

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -आफ्नो वडाभित्र रहेका सडकहरूको नाम लेख्न ।<br>-आफ्नो वडाभित्र रहेका महत्त्वपूर्ण स्थानहरूको महत्त्व बताउन ।<br>-आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरूको पहिचान गरी तिनको महत्त्व बताउन । | -आफ्नो वडाभित्र रहेका सडकहरू<br>-आफ्नो वडाभित्र रहेका महत्त्वपूर्ण स्थलहरू (ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, धार्मिक र प्रशासनिक) ।<br>-आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरू (सिमसार, वन, खोला, पोखरी, डाँडा आदि) ।<br>-स्थानीय मेला तथा हाटबजार | -समूह बनाई आफ्नो वडाभित्रका मुख्य मुख्य सडकहरूको सूची तयार गर्न लगाउने ।<br>-समूह निर्माण गरी आफ्नो वडाभित्रका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, धार्मिक तथा प्रशासनिक स्थलहरूको विवरण तयार गर्न लगाई समूह नेताबाट प्रस्तुत गर्न लगाउने ।<br>-आफ्नो वडाभित्रका सिमसार, वन, खोला, पोखरी, डाँडा आदिको सूची तयार गर्न लगाई तिनको महत्त्व बताउन लगाउने ।<br>-स्थानीय मेला तथा हाटबजारमा लघु शैक्षिक भ्रमण गराई तिनको महत्त्वका बारेमा विवरण तयार गर्न लगाउने । | -वडाभित्रका मुख्य मुख्य सडकहरूको सूची तयार गर्न लगाउने ।<br>-वडाभित्रका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, धार्मिक तथा प्रशासनिक स्थलहरूको महत्त्व उल्लेख गर्न लगाउने ।<br>-वडाभित्रका महत्त्वपूर्ण सिमसार, वन, खोला, पोखरी, डाँडा आदिको सूची तयार गर्न लगाई तिनको महत्त्व उल्लेख गर्न लगाउने ।<br>-स्थानीय मेला तथा हाटबजारको महत्त्व उल्लेख गर्न लगाउने । | १८ |
| जनजीवन | -आफ्नो वडामा बसोबास गर्ने विभिन्न | -आफ्नो वडामा बसोबास गर्ने | -के सबै मानिसको जात, भाषा र धर्म एउटै | -भाषा, धर्म तथा जातजातिको | २१ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | जातजातिको सांस्कृतिक एवम् धार्मिक परम्परा र रीतिरिवाजका बारेमा बताउन ।<br>-आफ्नो वडामा बोलिने विभिन्न भाषा र जातिगत भेषभूषाका विशेषता बताउन ।<br>-स्थानीय चाडपर्व, जात्रा, मेला, उत्सव आदिका बारेमा बताउन । | जातजातिको विभिन्न सांस्कृतिक र धार्मिक परम्परा, रितिरिवाज (जन्म, विवाह, अन्न प्रासन्न, छेवर, देउसी भैलो, धान नाच, साकेला नाच, हुर्रा नाच, मृत्यु संस्कार आदि) ।<br>-आफ्नो वडामा बोलिने राई, लिम्बू, मगर, तामाङ, नेपाल, आदि भाषा ।<br>-स्थानीय चाडपर्व, जात्रा, मेला उत्सव आदि । | हुनसक्छ भन्दै प्रश्न सोधी जातजातिअनुसारका भाषा र धर्म भिन्न भिन्न भए जस्तै आफ्ना आफ्ना वडामा बसोबास गर्ने मानिसहरूमा भएको विविधता र सोका आधारमा सांस्कृतिक एवं धार्मिक परम्परा र रीतिरिवाज पनि भिन्न भिन्न हुनसक्ने तथ्य प्रस्तुत गर्दै आफ्ना वडाका बासिन्दाहरूको रीतिरिवाजका बारेमा जानकारी गराउने।<br>-वडाको जातजातिको विवरण चार्ट प्रस्तुत गर्दै छलफल गराउने र सोका आधारमा भाषा तथा भेषभूषाको विशेषता (कसले, कहिले, कुन, कहाँ लगाउँदछन्) बताई छलफल गरी निष्कर्ष दिने<br>-क-कसलाई कुन कुन चाडपर्व तथा मेला उत्सव मन पर्छ भन्ने प्रश्न सोध्ने, टिपोट गर्ने र त्यसबेला के के कसरी कसरी गरिन्छ भनी छलफल गराई कक्षामा प्रस्तुत गराउने ।<br>-श्रव्यदृश्य सामग्री देखाउँदै | पहिचान झल्कने कुनै ४ ओटा विशेषता लेख्न लगाउने ।<br>-कुनै तीनओटा चाडपर्वको नाम, बनाइने परिकार र गरिने क्रियाकलापको तालिका बनाउन लगाउने ।<br>-स्थानीय कुनै मेला, जात्राको नाम, लाग्ने स्थान र समयको सूची बनाउन लगाउने | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | स्थानीय चाडपर्व, जात्रा, मेला, उत्सवका बारेमा छुटेका कुरा स्पष्ट पारिदिने । | | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र भ्रमण गर्न।<br>-कृषि उपजको पहिचान गरी खेतीपातीको तरिकाबारे बताउन ।<br>-पशुपालनबाट हुने फाइदा बताउन ।<br>-स्थानीय पेसा व्यवसाय र सिपहरूको सूची बनाई प्रस्तुत गर्न ।<br>-छरछिमेकका बिच हुने ऐचोपैचो र अर्मपर्मको महत्त्व बताउन । | -स्थानीय पर्यटकीय स्थलहरूको सूची ।<br>-कृषि उपज जस्तैः अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहन आदि।<br>-बाली लगाउने तरिका।<br>-गाई, भैसी, बाख्रा, सुगुर, खरायो आदि पशुहरूबाट हुने फाइदाहरू ।<br>-स्थानीय पेसा व्यवसाय जस्तैः व्यापार, खेतीपाती, कुटानी पिसानी मिल, समिल, डालो, नाङ्लो, कुचो, डोरी, चित्रकला, हस्तकला, | -समूह विभाजन गरी तोकिएको पर्यटकीय स्थलको महत्त्वबारे लेखी प्रस्तुत गर्न लगाउने ।<br>-नजिकको पपर्यटकीय स्थलको लघु शैक्षिक भ्रमण अवलोकन गराउने।<br>-समूह विभाजन गरी अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहन वर्गका बालीहरूको सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>-खेती गर्ने तरिकाबारे छलफल गराउने ।<br>-मौसमअनुसार खेती लगाउने तरिकाबारे अध्ययन अवलोकन गर्न लघु शैक्षिक भ्रमण गराउने<br>-आफू र छरछिमेकमा के कस्ता पशुहरू पाल्ने गरेको छ भनी सोध्ने र किन पालेका होलान् भनी अन्तरक्रिया गर्ने ।<br>-स्थानीय पेसा, व्यवसाय र व्यावसायिक सिपहरूका बारेमा समूह विभाजन | -स्थानीय पर्यटकीय स्थलको महत्त्वबारे लेख्न लगाउने ।<br>-लघु शैक्षिक भ्रमणको प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहनको सूची बनाउन लगाउने<br>-कुनै ५ प्रकारका बाली लगाउने तरिका लेख्न लगाउने ।<br>-लघु शैक्षिक भ्रमणको प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-पशुपालन गर्दा हुने फाइदाहरू बताउन लगाउने ।<br>-स्थानीय पेसा तथा व्यावसायिक सिपको सूची तयार | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | मूर्तिकला आदि पेसा व्यवसाय र सिपहरू (सिकर्मी, डकर्मी) । -छरछिमेकका बिच हुने अर्मपर्म तथा ऐँचोपैँचो। | गरी, तयार गर्न लगाई, प्रस्तुत गर्न लगाउने । -ऐँचोपैँचो, अर्मपर्म भनेको के हो ? छरछिमेकमा ऐँचोपैँचो, अर्मपर्म हुन्छ हुँदैन ? भनी छलफल गराउने र त्यसको महत्त्व बताउन लगाउने | गर्न लगाउने । -ऐँचोपैँचो र अर्मपर्मको महत्त्व लेख्न लगाउने । | |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिको महत्त्व बताउन । -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोत संरक्षणका उपाय बताउन । | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति, पन्छी आदि । -वनजङ्गल तथा पानीका स्रोतहरू । | -ताल/पोखरी, भरना, खोला, पहाड, वनस्पति, जीवजन्तु, पन्छी आदिको महत्त्वबारे छलफल, प्रश्नोत्तर गराउने, यसको महत्त्वबारे चार्ट, सूची, तस्वीर, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी बताउने -स्थानीय क्षेत्रमा रहेका कटुस, चिलाउने, उत्तिस, साल, खयर जस्ता मुख्य बोटविरुवाहरूको सूची, चार्ट, तस्वीर, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी बताउने । -स्थानीय क्षेत्रमा रहेका खोला, पोखरी, झरना, जीवजन्तु, पन्छी आदिको भ्रमण/अवलोकन गरी त्यसका बारेमा कक्षामा प्रस्तुत गर्न लगाउने । | -ताल, पोखरी, झरना, खोला, पहाड आदिका बारेमा छोटो उत्तरात्मक प्रश्न सोध्ने । -ठीकबेठीक छुट्याउन र खालीठाउँ भर्न लगाउने । -जीवजन्तु, पन्छी आदिको महत्त्व लेख्न लगाउने । -स्थानीय क्षेत्रमा पाइने प्रमुख बोटविरुवाहरूको सूची बनाउन लगाउने । | २० |
| सङ्घसंस्था | -आफ्नो वडामा भएका | -आफ्नो | -आफ्नो वडाभित्र र | -आफ्नो वडाभित्र र | १४ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | विद्यालयहरूको नाम बताउन ।<br>-आफ्नो वडाभित्र रहेका मन्दिर, गुम्बा, सामुदायिक भवनको गतिविधि बताउन<br>-विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउटको गतिविधि बताउन । | वडाभित्रका विद्यालयहरूको नाम ।<br>-आफ्नो वडाभित्र रहेका सामुदायिक भवन, मन्दिर, गुम्वा आदि ।<br>-विद्यालयका सदन, बालक्लब, रेडक्रस, स्काउट | छिमेकमा रहेका विद्यालयहरू कतिओटा छन् ? ती विद्यालयहरूको नामसमेत लेख्न लगाई सबै विद्यालयको विवरण तयार गर्न सहजीकरण गर्ने<br>-आफ्नो वडाभित्र र छिमेकमा रहेका सामुदायिक भवन, मठ, मन्दिर, गुम्वा, साकेला थान आदि जस्ता धार्मिक र सामाजिक सङ्घसंस्थाको अवलोकन भ्रमण गराई ती संस्थाले गर्ने कामहरू (गतिविधि)का बारेमा छुट्टाछुट्टै बताउन लगाई पाटीमा टिपोट गरी अन्तरक्रिया र छलफल गरी प्रस्ट गरिदिने।<br>-विद्यालयमा भएका संस्थाहरूः सदन, बालक्लब, रेडक्रस, स्काउट जस्ता संस्थाले के कस्ता गतिविधिहरू गर्ने गरेका छन् ? प्रत्येकका छुट्टा छुट्टै विवरण तयार गर्न लगाएर आवश्यकता अनुसार सहजीकरण गर्ने । | छिमेकमा भएका सबै विद्यालयहरूको नामसहितको विवरण तयार गर्न लगाउने ।<br>-आफ्नो वडाभित्र र छिमेकमा भएका आफूले अवलोकन गरेका धार्मिक र सामाजिक संस्थाको सूची बनाउन लगाएर ती संस्थाले गर्ने प्रमुख कामहरूको विवरण तयार गर्न लगाउने।<br>-विद्यालयमा भएका कुन कुन समूह वा संस्थामा सहभागी भएका छौ ? जस्ता प्रश्न गरी प्रत्येक संस्थाले गर्ने छुट्टा छुट्टै गतिविधिहरूको सूची तयार गर्न लगाउने । | |
| आचरण | -आफ्नोधर्म/सम्प्रदायको मूल ग्रन्थको नाम | -आफ्नो सम्प्रदायको | -विद्यार्थीहरूलाई आआफ्नो धर्म सम्प्रदाय के हो भनी | -आआफ्नो धर्म सम्प्रदायको नाम र | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | बताउन ।<br>-आफ्नो काम आफैं गर्ने बानीको विकास गर्न ।<br>-सामूहिक काममा सहभागी हुन ।<br>-क्षमा माग्न र दिन । | मूल ग्रन्थ (वेद, मुन्दुम, त्रिपिटक, कुरान आदि)<br>-आफ्नो काम आफै गर्न, सामुहिक काममा सहभागिता, क्षमा माग्ने र दिने । | सोधेर त्यो धर्म सम्प्रदायका मूल ग्रन्थहरूका बारेमा छलफल अन्तरक्रिया गराउने र वेद, मुन्धुम, त्रिपिटक, कुरान, आदिको बारेमा प्रस्ट गरिदिने ।<br>-सामूहिक काममा सहभागिता जनाउने तरिका र आफ्नो काम आफैं गर्नका लागि गर्न सकिने क्रियाकलापको बारेमा छलफल, अन्तरक्रिया, प्रश्नोत्तर गरी निष्कर्ष बताइदिने ।<br>-आफूले केही काम गर्दा गल्ती भयो भने क्षमा माग्ने र अरूले गल्ती गरे भने पनि क्षमा दिने अवस्था के कस्तो अवस्थामा गरिन्छ छलफल, अन्तरक्रिया, प्रश्नोत्तर र चित्र प्रदर्शन गरी प्रस्ट गरिदिने । | त्यो धर्मका मूल ग्रन्थहरूको सूची बनाउन लगाउने<br>-आफ्नो काम आफैं गर्दा र सामूहिक काममा सहभागता जनाउँदा हुने फाइदाका बारेमा लेख्न लगाउने ।<br>-कस्तो गल्तीलाई सामान्य मान्ने र सामान्य गल्तीमा कसरी क्षमा माग्ने र दिने आदि कुराको अभिनय गर्न लगाउने र शिक्षकले अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| स्वास्थ्य | -आफ्नो शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने गाउँघरमा पाइने खाद्य वस्तुको जानकारी लिई खाने बानी बसाल्न । | -शरीरलाई शक्ति दिनेः भात, खिर, रोटी आदि, वृद्धि गर्नेः मासु, दाल, घिउ, अण्डा माछा, | -पोसिला खानेकुरा विद्यार्थीलाई भन्न लगाउने र सेतोपाटीमा लेख्ने। लेख्दा अन्न, फलफूल, हरियो साग, दूध, माछामासु वर्ग छुट्याई लेख्ने र अन्तमा शरीरलाई | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खानेकुराहरूको सूची बनाउन लगाउने ।<br>-विद्यालय वरिपरि | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | -आफ्नो घर र विद्यालय वरिपरिको सरसफाइ गर्न ।<br>-व्यक्तिगत सरसफाइको फाइदा बताई सरसफाइ गर्न।<br>-योगको सामान्य परिचय दिई सवासनको अभ्यास गर्न । | आदि र सुरक्षा दिनेः साग, फलफूल आदि खानेकुराहरू ।<br>-घर र विद्यालयको सरसफाइ ।<br>-व्यक्तिगत सरसफाइः नुहाउन, नङ काट्न, कपाल कोर्न, लुगा धुन आदि ।<br>-सवासनको चित्र र अभ्यास । | शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा गर्ने  खानेकुरा यी यी हुन् भनी छुट्याइदिने । सन्तुलित आहारको चित्रचार्ट देखाउने र सो बारे अन्तरक्रिया गर्ने । यसरी वर्गीकरण गरे पनि केही न केही सबै खानेकुराले तीनैखाले कार्य गर्छ भन्ने कुरा बताउने । जस्तैः हरियो भटमास, बदाम, चना, एभोकाडो, अन्डा आदिले शक्ति दिने काम गर्छ ।उपलब्ध सन्तुलित आहार मिलाएर खाने गर्नुपर्छ भन्ने निष्कर्ष दिने ।<br>-विद्यालय वरिपरि सरसफाइ गर्न अभिप्रेरित गर्ने र यसरी नै घर वरपर सरसफाइ गर्नुपर्छ भनी निर्देशन दिने ।<br>-व्यक्तिगत सरसफाइको सूची बनाउन लगाउने र त्यसबाट के के फाइदा हुन्छ समूह बनाई छलफल गर्न लगाउने र प्रस्तुत गर्न लगाउने ।<br>-यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि | सरसफाइ गरेको अवलोकन गरी अभिलेख राख्ने ।<br>-तिम्रो घर वरपर कसरी सरसफाइ गऱ्यौ भनी सोध्ने<br>-शवासन सही ढङ्गले गरे नगरेको अवलोकन गर्ने । | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | गरी आठ प्रकारका योग भएपनि आसन प्राणायाम र ध्यानका बारेमा मात्र हामी अभ्यास गर्छौं भन्ने । शारीरिक र मानसिक विकार हटाउन योग गरिन्छ । (शरीरका स्थुल र शूक्ष्म अङ्गहरूलाई चलायमान गराउने आसन, श्वासप्रश्वासका माध्यमबाट विकार हटाउन प्राणायाम र मन नियन्त्रणका लागि ध्यानको प्रयोग गरिन्छ।)<br>-समतल स्थानमा उत्तानो परेर हातलाई शरीरसँग समानान्तर राखी मरेको मानिस झै सुन्ने प्रक्रिया शवासन हो भनी बुझाउने र अभ्यास गर्ने गराउने । | | |

**कक्षा ५**

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -गाउँपालिकाभित्रका वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफल बताउन ।<br>-वडाभित्रका चार किल्ला सिमाना | -आफ्नो पालिकाको नाम अवस्थिति र क्षेत्रफल।<br>-आफ्नो वडाको सिमाना, अवस्थिति र | -पालिकाको नक्सा देखाई विद्यार्थीहरूलाई आफू बसेको आफ्नो विद्यालय रहेको र सिमाना जोडिएका पालिकाहरू र वडाहरूको भौगोलिक अवस्था तथा क्षेत्रफलसम्बन्धी छलफल गराउने । | -आफ्नो पालिकाका छिमेकी पालिकाहरूको नाम बतान लगाउने ।<br>-आफ्नो वडाले | १८ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | आफ्नो र छिमिकी वडाको भौगोलिक अवस्था क्षेत्रफल र सिमानाबारे बताउन ।<br>-वडाभित्रको जनसङ्ख्या, क्षेत्रफल बताउन<br>-वडाभित्र रहेका प्राकृतिक स्रोतहरू र सम्पदाहरूको पहिचान गरी फाइदा उल्लेख गर्न ।<br>-वडाहरूभित्रका मुख्य मुख्य धार्मिक स्थल तथा मठ मन्दिर नदीनाला तथा अन्य ऐतिहासिक स्थलको नाम र ठेगानाको सूची बनाउन ।<br>-वडाभित्र रहेका मुख्य-मुख्य सडकहरूको नाम बताउन र नक्साङ्कन गर्न | क्षेत्रफल।<br>-वडाभित्रको जनसङ्ख्या र क्षेत्रफल ।<br>-पालिकाभित्र रहेका ऐतिहासिक नदीनाला मठमन्दिर आदि<br>-वडाभित्र रहेका प्राकृतिक स्रोत सम्पदा<br>-वडाभित्र रहेका मुख्य मुख्य सडकहरू र नक्साङ्कन । | -राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनअनुसारका सङ्केतहरूको प्रयोग गरी आफ्नो वडा र छिमेकी वडाहरूको नक्सा अध्ययन गर्न लगाई भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना अध्ययन गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी आफ्नो टोलछिमेक नजिकमा रहेका वडाहरूको नाम र त्यहाँ पर्ने मुख्य मुख्य ऐतिहासिक मठमन्दिर, खोलानाला, धार्मिक स्थलहरू आदिको बारेमा समूहमा छलफल गराउने ।<br>-लघु शैक्षिक भ्रमण गराई विद्यार्थीहरूलाई पालिकाको र वडाको पहिचान गराउने ।<br>-लघु शैक्षिक भ्रमण गराई वडाभित्रका मुख्य मुख्य सडकहरूको नाम र नक्साङ्कन गर्न लगाउने । | छुने वडाहरूको सङ्ख्या र वडाहरूको नाम बताउन लगाउने।<br>-आफ्नो वडामा पर्ने ऐतिहासिक स्थलहरूको सूची बनाउन लगाउने<br>-आफ्नो वडाले छुने कुनै दुई ओटा प्रमुख खोलाहरूको नाम लेख्न लगाउने।<br>-वडाभित्रका मुख्य मुख्य सडकहरूको सूची तयार गरी कुनै एक सडकको नक्साङ्कन गर्न लगाउने । | |
| जनजीवन | -आफ्नो वडामा प्रचलनमा रहेका स्थानीय जातिगत | -प्रचलनमा रहेका लोक कथाः | -हाम्रा गाउँघर तथा विद्यालयमा के कस्ता बाजागाजा, सांस्कृतिक झाँकी, नृत्य, गीत तथा लोक | -आफ्नो गाउँघर तथा विद्यालयमा मनाइने र | २१ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | लोककथा, लोकगीत, लोकबाजा तथा स्थानीय कलाहरू उल्लेख गर्न ।<br>-आफ्नो वडामा बसोबास गर्ने विभिन्न जातजाति र भाषाको महत्त्व बताउन ।<br>-स्थानीयस्तरमा मनाइने विभिन्न चाडपर्व, लाग्ने मेला, उत्सव तथा जात्राको आवश्यकता र महत्त्व बताउन । | सुनकेशरा रानी, मधुमालती आदि ।<br>-लोक गीतः वारी तुवाँलो बरै पारी तुवाँलो आदि।<br>-लोकबाजाः पञ्चे बाजा, बिनायो, चम्मर, डम्फू, मुर्चुङ्गा, ढोल, मादल, ढ्याङ्ग्रो, सारङ्गी झ्याम्टा, आदि।<br>-आदिबासी, जनजाति र विभिन्न जातजातिका भाषा, चाडपर्व, मेला, बजार, उत्सव, जात्रा | कथा सुनेका देखेका छौ ? त्यस्ता कला संस्कृतिको जातिगत सम्बन्ध रहेको थाहा छ ? जस्ता प्रश्न सोधी स्थानीय कला संस्कृति झल्कने श्रव्यदृश्य सामग्री देखाउँदै स्पष्ट पारिदिने<br>-लघु शैक्षिक भ्रमण गराई स्थानीय कला साहित्य बाजा आदिको अवलोकन गराउने ।<br>-आफ्नो आफ्नो मातृभाषाले दैनिक जीवनमा पुऱ्याएको सहयोगको चर्चा गर्दा मातृभाषाको महत्त्व झल्कने सन्दर्भ, कथा, घटना आदि प्रस्तुत गराइदिने ।<br>-स्थानीयस्तरमा लाग्ने मेला, उत्सव, जात्रा र चाडपर्वको सन्दर्भ (पहिचान, आर्थिक, सांस्कृतिक, मनोरञ्जनात्मक पक्ष आदि) को बारेमा छलफल गराई निष्कर्ष बताइदिने । | बजाइने बाजागाजा, सांस्कृतिक झाँकी, नृत्य, गीत तथा लोक कथा आदिको सूची बनाउन लगाउने।<br>-लघु शैक्षिक भ्रमण र अवलोकनबाट देखिएका कुराहरूको सारांश प्रस्तुत गर्न लगाउने।<br>-मातृभाषाको महत्त्वबारे वर्णन गर्न लगाउने ।<br>-स्थानीयस्तरमा लाग्ने मेला, उत्सव, जात्रा र चाडपर्वहरूको विवरण प्रस्तुत गर्न लगाउने । | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र संरक्षण गर्न<br>-स्थानीय बालीनालीको परिचय दिन र | -स्थानीय पर्यटकीय स्थलको महत्त्व र संरक्षण ।<br>-स्थानीय बालीनाली, अन्न, फलफूल, | -समूह बनाई तोकिएका स्थलहरूको महत्त्व लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>-नजिकको पर्यटकीय स्थलको लघु शैक्षिक भ्रमण गराई त्यहाँ गर्न सकिने संरक्षण, सरसफाइ, प्रचारप्रसार आदि पक्षहरूको | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व लेख्न लगाउने ।<br>-स्थानीय पर्यटकीय | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | कृषियोग्य | सागसब्जी, | अवलोकन गर्न लगाई प्रतिवेदन | स्थलको संरक्षण | |
| | जमिनको पहिचान | तेलहन, दलहन | लेख्न लगाएर कक्षामा प्रस्तुत | गर्न सकिने | |
| | -पशुपालनको | र ती बाली | गर्न लगाउने । | पक्षहरू उल्लेख | |
| | महत्त्व बताउन र | लगाउने पकेट | -बालीनालीको सूची बनाउन | गर्न लगाउने । | |
| | समस्याहरूको | क्षेत्र । | लगाउने । | -स्थानीय | |
| | पहिचान गर्न । | -पशुपालनको | -ती बलीनाली के कस्ता जमिनमा | बालीनालीको | |
| | -पेसा व्यवसाय, | महत्त्व | लगाइन्छ समूह बनाई छलफल | सूची बनाउन | |
| | सिप तथा | -पशुमा लाग्ने | गर्न लगाई प्रस्तुत गर्न लगाउने | लगाउने । | |
| | अर्मपर्मको महत्त्व | रोगहरू र अन्य | -पशुपालनबाट हुने फाइदाहरू | -अन्न, फलफूल, | |
| | बताउन र संलग्न | जोखिमहरू । | भन्न लगाई पाटीमा लेख्ने र | सागसब्जी, | |
| | हुन | -स्थानीय कला | निष्कर्ष दिने । | तेलहन, | |
| | | (नाङ्लो, | -पशुमा लाग्न सक्ने रोग र | दलहनको | |
| | | टोपी,तान, | जोखिमबारे पशु शाखामा लघु | वर्गीकरण गर्न | |
| | | डालो, कुचो, | शैक्षिक भ्रमण गराई टिपोट गर्न | लगाउने । | |
| | | डोरी, | लगाई कक्षामा प्रस्तुत गर्न | -पशुपालनको | |
| | | चित्रकला, | लगाउने । | महत्त्व लेख्न | |
| | | हस्तकला, | -स्थानीय पेसा तथा व्यावसायिक | लगाउने । | |
| | | मूर्तिकला, | सिप भन्नाले के बुझिन्छ भनी | -लघु शैक्षिक | |
| | | वास्तुकला), | अन्तरक्रिया गर्ने र निष्कर्ष दिने | भ्रमणको | |
| | | निर्माणः | -ती पेसा तथा व्यावसायिक | प्रतिवेदनबारे | |
| | | (सिकर्मी तथा | सिपको के कस्तो महत्त्व छ | कक्षामा छलफल | |
| | | डकर्मी) खेती | भनी छलफल गराउने । | गराई रोग र | |
| | | किसानी, | -गाउँघरमा गरिने ऐंचोपैंचो तथा | जोखिमबारे लेख्न | |
| | | व्यापार, कुटानी, | अर्मपर्मको महत्त्वबारे छलफल | लगाउने । | |
| | | पिसानी मिल, | गराउने । | -स्थानीय पेसा | |
| | | सःमिल, आदि | | तथा व्यावसायिक | |
| | | । | | सिपहरूको सूची | |
| | | | | बनाउन लगाउने | |
| | | | | -ती पेसा तथा | |
| | | | | व्यावसायिक | |
| | | | | सिपको | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | | परम्परागत र आर्थिक महत्त्व बारे लेख्न लगाउने ।<br>-गाउँघरमा गरिने ऐँचोपैँचो तथा अर्मपर्मको महत्त्व लेख्न लगाउने । | |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोत संरक्षणका उपाय तथा महत्त्व बताउन।<br>-स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिटी, बालुवा, माटो जस्ता प्राकृतिक वस्तुहरू पाइने स्थलको सूची बनाउन | -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोतहरू ।<br>-स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, वालुवा, माटो जस्ता प्राकृतिक वस्तुहरूको स्रोत । | -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोतको फाइदा तथा महत्त्वबारे छलफल, प्रश्नोत्तर गराउने । यसको महत्त्वबारे चार्ट, सूची, तस्वीर, श्रव्यदृश्य सामग्री प्रदर्शन गरी बताउने ।<br>-वनजङ्गल तथा पानीका स्रोत संरक्षणका उपायबारे छलफल, प्रश्नोत्तर गराउने, यसको महत्त्वबारे चार्ट, सूची, तस्वीर, श्रव्यदृश्य सामग्री प्रदर्शन गरी बताउने ।<br>-स्थानीय क्षेत्रमा रहेका खोला, ढुङ्गा, गिट्टी, वालुवाका स्रोत आदिको भ्रमण/अवलोकन गरी त्यसका बारेमा कक्षामा बताउन वा लेख्न लगाउने । | -स्थानीय क्षेत्रमा रहेका वनजङ्गल तथा पानीका स्रोतहरूको फाइदा बताउन लगाउने ।<br>-वनजङ्गल तथा पानीका स्रोतको महत्त्व लेख्न लगाउने ।<br>-वनजङ्गल वा पानीका स्रोत संरक्षणका उपाय लेख्न लगाउने ।<br>-स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, वालुवा, माटो जस्ता प्राकृतिक वस्तुहरूको स्रोत लेख्न लगाउने । | २० |
| सङ्घसंस्था | - आफ्नो वडाको वडा कार्यालयले | -वडा कार्यालयले प्रदान गर्ने | -आफ्नो वडामा भएको वडा कार्यालयको अवलोकन भ्रमण | -वडा कार्यालयबाट | १४ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | प्रदान गर्ने सेवाहरूको बारेमा बताउन ।<br>-आफ्नो वडाभित्र रहेका स्वास्थ्य संस्था र कृषि तथा बचत सहकारी संस्थाहरूको गतिविधि उल्लेख गर्न ।<br>-विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउटको गतिविधि उल्लेख गर्न । | सेवाहरू: सिफारिस, पञ्जीकरण, राजस्व सङ्कलन, विकास निर्माण आदि ।<br>-स्वास्थ्य संस्था, कृषि तथा बचत सहकारी संस्थाहरूको गतिविधि।<br>-बालक्लब, रेडक्रस, सदन र स्काउटको गतिविधि । | गराई त्यहाँबाट प्राप्त गरिने सेवाहरूको विवरण लिएर प्रस्तुतीकरण गर्न लगाउने ।<br>-वडा कार्यालयबाट प्रदान गर्ने सेवाहरू: सिफारिस, पञ्जीकरण, राजश्व संकलन, विकास निर्माणका कार्यहरू आदि जस्ता सबै कार्यहरू(सेवाहरू)का बारेमा अन्तरक्रिया, प्रश्नोत्तर र छलफल गरी सबै प्रकारका सेवाहरूको विवरण तयार गराउने ।<br>-आफ्नो वडामा भएका स्वास्थ्य संस्था, कृषि, पशु, बचत तथा सहकारी संस्था जस्ता निकायले गर्ने कार्यहरू के के होलान् ? जस्ता प्रश्न गरी सबै संस्थाहरूले गर्ने गतिविधिको छुट्टा-छुट्टै विवरण समूहगतरूपमा प्रस्तुत गर्न लगाउने।<br>-विद्यार्थीहरूले प्रस्तुत गरेका गतिविधिका साथै थप सहयोग, रोपकार सेवाका साथै अन्य क्रियाकलापका बारेमा पनि अन्तरक्रिया, छलफल र प्रश्नोत्तर गराई प्रस्ट गरिदिने ।<br>-विद्यालयमा भएका संस्थाहरू: सदन, बालक्लब, रेडक्रस र स्काउटले गर्ने प्रमुख गतिविधिहरू समूहगतरूपमा प्रस्तुत गर्न लगाउने र ती | प्रदान गरिने सेवाहरूको सूची तयार गर्न लगाउने।<br>-अवलोकन भ्रमणबाट प्राप्त अनुभवहरू समूहगतरूपमा प्रस्तुत गर्न लगाउने<br>-आफ्नो वडामा भएका संस्थाहरू कृषि, स्वास्थ्य, पशु, बचत, सहकारीका गतिविधि अर्थात् ती संस्थाले गर्ने महत्त्वपूर्ण कार्य र सहयोग तथा सेवाको विवरण तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>-बालक्लब, सदन,रेडक्रस र स्काउटले गर्ने प्रत्येक संस्थाका गतिविधि र सहयोग, परोपकार तथा सेवाको सूची तयार गर्न | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | संस्थाहरूले गर्ने एक अर्कामा सहयोग, परोपकार तथा सेवाका कुराहरूका बारेमा अन्तरक्रिया, छलफल र प्रश्नोत्तर गरी प्रस्ट गरिदिने । | लगाउने। | |
| आचरण | -आआफ्नो इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना गर्न<br>-घरमा आएका आफन्तहरूसँग नाता पहिचान गरी व्यवहार गर्न ।<br>-वस्तु आदानप्रदान गर्दा शिष्टाचार प्रदर्शन गर्न<br>-धैर्यपूर्वक अरूको कुरा सुन्न र आफ्नो कुरा भन्न<br>-शिष्ट र नम्र बोल्न । | -इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना ।<br>-आफन्तहरूसँग नाता पहिचान गरी व्यवहार।<br>-वस्तु आदानप्रदान गर्दा शिष्टाचार प्रदर्शन ।<br>-अरूको कुरा सुन्ने र आफ्नो कुरा भन्ने । | -इष्ट देवता भनेको के हो भनी कक्षामा छलफल, प्रश्नोत्तर गर्ने र इष्ट देवताको स्तुति, प्रार्थना र उपासना गर्ने तरिकाहरू अन्तरक्रियाद्वारा प्रस्ट गरी निष्कर्ष बताइदिने।<br>-घरमा आएका आफन्तहरूसँग सम्पर्क, समन्वय गरी उनीहरूसँगको नाता पहिचान गर्न र कस्तो नाता सम्बन्धका व्यक्तिसँग कस्तो व्यवहार गर्नुपर्दछ भनी कक्षामा अभिनय गराई प्रस्ट पारिदिने।<br>-कुनै पनि वस्तु वा सामान एक अर्कामा आदान प्रदान, लेनदेन गर्दा नम्र र शिष्ट भाषाको प्रयोग गराउने अभ्यास गराई कुनै वस्तु वा सामानको आदानप्रदान र एक अर्कामा सहयोगको अभ्यास गराउने ।<br>-अरूको कुरा सुन्ने र आफ्नो कुरा बताउने कुरामा अरूले भनेको कुराहरू ध्यानपूर्वक सुन्ने र आफूलाई लागेको कुरा अरूलाई बताउन बारम्बार अभ्यास गराउने । यसो गर्दा | -इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना गर्ने तरिका लेख्न लगाउने।<br>-कस्तो कस्तो नाता पर्ने व्यक्तिहरू आफन्त हुन्छन् ? सबै नाताको सूची बनाउन लगाएर व्यवहार गर्ने तरिका पनि बताउन लगाउने<br>-कुनैपनि वस्तु वा सामानको लेनदेन वा आदान प्रदान गर्दा शिष्टाचारको व्यवहार गर्दा हुने ५ ओटा फाइदाहरू उल्लेख गर्न लगाउने ।<br>-अरूले भनेको कुरा ध्यानपूर्वक सुन्न र आफ्नो | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | हुने फाइदाको बारेमा छलफल, प्रश्नोत्तर र अन्तरक्रिया गरी प्रस्ट गरिदिने । | कुरा बताउन, शिष्ट र नम्र बोल्न लगाएर अवलोकन गरी पृष्ठपोषण समेत दिने। | |
| स्वास्थ्य | -आफ्ना वरपर पाइने आफ्नो शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खाद्य वस्तुहरूको सूची बनाउन ।<br>-शरीरलाई अहित हुने खाद्य वस्तुहरू नखाने बानी बसाल्न ।<br>-आफ्नो घर र विद्यालय वरिपरिको सरसफाइको फाइदा बताई सरसफाइ गर्न।<br>-फोहोर व्यवस्थापन गर्ने बानी बसाल्न ।<br>-पद्मासनमा बसी भस्त्रिका प्राणायामको अभ्यास गर्न । | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खाद्यवस्तुहरूको सूची।<br>-घर र विद्यालयको सरसफाइ र फाइदा।<br>-फोहोर व्यवस्थापन ।<br>-पद्मासन र भस्त्रिका प्राणायामको चित्रहरू, श्रव्यदृश्य सामग्री र अभ्यास । | -समूह बनाई शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खाद्यवस्तुहरूको सूची बनाउन लगाउने र प्रस्तुत गर्न लगाउने<br>-शरीरलाई अहित हुने खानेकुरा विद्यार्थीहरूलाई भन्न लगाई सेतोपाटीमा लेख्ने र किन खान नहुने भन्ने बारेमा अन्तरक्रिया गर्ने ।<br>-समूह बनाई घर र विद्यालय वरपर सरसफाइ गर्दा हुने फाइदा तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>-फोहोर व्यवस्थापन कसरी गर्छौं भन्ने बारेमा व्यक्तिगत लेख्न लगाई समूहमा प्रस्तुत गर्न लगाउने ।<br>-पद्मासनमा बस्ने अभ्यास गर्ने गराउने ।<br>-भस्त्रिका प्राणायामको चित्र वा भिडियो देखाई सही तरिकाले भस्त्रिका प्राणायाम गर्न लगाउने । | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खाद्यवस्तुहरूको सूची बनाउन लगाउने ।<br>-शरीरलाई अहित हुने खाद्य वस्तुहरू किन खान हुँदैन लेख्न लगाउने ।<br>-घर र विद्यालय वरपर सरसफाइ गर्दा हुने फाइदाहरू लेख्न लगाउने ।<br>-फोहोर व्यवस्थापन गर्ने तरिकाहरू बताउन लगाउने<br>-सही तरिकाले पद्मासनमा बसे नबसेको अवलोकन गर्ने<br>-सही तरिकाले | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | | भस्त्रिका प्राणायाम गरे नगरेको अवलोकन गर्ने | |

<u>कक्षा ६</u>

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -गाउँपालिकाभित्रका वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफल उल्लेख गर्न ।<br>-पालिकाभित्रका चार किल्ला, सिमाना आफ्नो र छिमेकी वडाको भौगोलिक अवस्था, क्षेत्रफल र सिमानाको सामान्य विवरण तयार गर्न ।<br>-पालिकाभित्रको जनसङ्ख्या, क्षेत्रफल उल्लेख गर्न ।<br>-पालिकाभित्र रहेका प्राकृतिक स्रोत र सम्पदाहरूको पहिचान गरी तिनको महत्त्व र फाइदा उल्लेख | -आफ्नो पालिकाको नक्सा, अवस्थिति र क्षेत्रफल।<br>-आफ्नो पालिकाको वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफल।<br>-आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको सामान्य जातिगत विवरण र क्षेत्रफल ।<br>-पालिकाभित्र रहेका प्राकृतिक स्रोत र सम्पदा । | -पालिकाको नक्सा देखाई विद्यार्थीहरूलाई आफू बसेको आफ्नो विद्यालय रहेको र सिमाना जोडिएका पालिकाहरू र वडाहरूको भौगोलिक अवस्था तथा क्षेत्रफलसम्बन्धी छलफल गराउने ।<br>-राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनअनुसारका सङ्केतहरूको प्रयोग गरी विभिन्न वडाहरूको सिमाना, क्षेत्रफल, र अवस्थितिसम्बन्धी छलफल र अन्तरक्रिया गराउने ।<br>-मिक्लाजुङ गाउँपालिकाको क्षेत्रफल बताई विभिन्न जातजातिगत जनसङ्ख्याको बारेमा छलफल र अन्तरक्रिया गरी निष्कर्ष बताइदिने ।<br>-विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी आफ्नो पालिकाभित्र रहेका | -आफ्नो पालिकासँग सिमाना जोडिका पालिकाहरूको नाम उल्लेख गर्न लगाउने ।<br>-आफ्नो पालिकाभित्रका वडाहरूको सिमाना, अवस्थिति र क्षेत्रफको विवरण तयार गर्न लगाउने ।<br>-गाउँपालिकाको क्षेत्रफल र जातिगत जनसङ्ख्याको विवरण तयार गर्न लगाउने ।<br>-पालिकाभित्र रहेका मुख्य मुख्य प्राकृतिक स्रोत र | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | गर्न। | | प्राकृतिक स्रोत र सम्पदा आदिका (मुख्य मुख्य ऐतिहासिक मठमन्दिर, खोलानाला, झरना, वनजङ्गल, सिमसार, पोखरी, चुली, धार्मिक स्थलहरू) बारेमा समूहमा छलफल गराउने र निष्कर्ष दिने । | सम्पदाहरूको सूची बनाउन लगाउने । | |
| जनजीवन | -स्थानीयस्तरमा प्रचलित लिपि, लोककथा, लोकगीत, लोकसाहित्य, लोकबाजा तथा स्थानीय कलाबारे परिचित हुन ।<br>-स्थानीयस्तरमा प्रचलित धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाजबारे परिचित हुन ।<br>-स्थानीयस्तरमा प्रचलित कलाको व्यावहारिक प्रयोगका लागि आधारभूत सिप विकास गर्न । | -स्थानीय लोकसाहित्य, लोककथा, लोकगीत, लोकबाजा, लिपि श्रीजङ्घा, देवनागरी आदि) तथा स्थानीय कला।<br>-स्थानीय धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाज ।<br>-स्थानीय कलाको अभ्यास (डोको, नाम्लो, डोरी, थुन्से, नाङ्लो, चित्र, वास्तु, हस्तकला) आदि । | -देवनागरी लिपि भनेको कस्तो लिपि हो ? हामीले हाम्रो कक्षामा प्रयोग गर्दै आएका लिपिहरू के-के छन् ? कथा र गीत कस्ता कस्ता किसिमका हुन्छन् ? गाउँघरमा परम्परागत देखि नै गाइने लोकगीत क-कसले सुनेका छौ? जस्ता प्रश्न गर्दै स्थानीयस्तरमा प्रचलित भएका श्रीजङ्घा, लिपिका बारेमा जानकारी गराउने ।<br>-कुन लिपि कुन जातिसँग सम्बन्धित छ आदिबारेमा उक्त लिपिमा छापिएका पुस्तकहरू आदि देखाउने ।<br>-लोक गीत, कथा, कला र बाजा चिनाउन श्रव्यदृश्य सामग्री तथा सन्दर्भ सामग्रीको प्रदर्शन गर्दै छलफल चलाउने । | -स्थानीय लिपि र बाजाको सूची बनाउन लगाउने ।<br>-लोक गीत प्रस्तुत गर्न लगाउने ।<br>-आफ्नो धर्म, भेषभूषा, रीतिरिवाजका बारेमा कक्षामा प्रस्तुत गर्न लगाउने।<br>-स्थानीय सन्दर्भलाई आधार मानी कुनै १ कला प्रस्तुत गर्न लगाउने ।<br>-आफ्नो रीतिरिवाजबाहेक आफ्नो एक जना | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | -स्थानीयस्तरमा र आफ्ना घरमा मानिने धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाजका बारेमा कक्षामा छलफल चलाउने । -स्थानीयस्तरमा प्रचलित कला (हस्त, चित्र, वास्तुकला) को आधारभूत सिप विकासका लागि प्रदर्शनी र अभ्यास गराउने । | साथी/ शिक्षक/ छरछिमेकको रहनसहन, रीतिरिवाज तथा भेषभूषाका बारेमा प्रस्तुत गर्न लगाउने । | |
| आर्थिक क्रियाकलाप | -पर्यटनको परिभाषा दिन तथा स्थानीय पर्यटकीय स्थलहरूको संरक्षण र संवर्द्धन गर्न -स्थानीय कृषि तथा पशुपालनका समस्याबारे सचेत भई समाधानका उपायहरू खोजी गर्न । -स्थानीय परम्परागत पेसा र सिपको खोजी र संरक्षण गर्न । -विभिन्न व्यावसायिक क्रियाकलापहरूको वर्गीकरण गरी तिनको महत्त्व | -पर्यटनको परिभाषा । स्थानीय पर्यटकीय स्थलहरू चुली पोखरी, कोलुङ झरना, मिक्लाजुङ, रानीटार, डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसार। -स्थानीय कृषि तथा पशुपालनका समस्या, समाधानका उपायहरू। --स्थानीय परम्परागत पेसा र सीपः लुगा सिलाउने, माटाका भाँडा बनाउने, जुत्ता सिलाउने, हँसिया, खुकुरी बनाउने, केश काट्ने, कपडा, | -पर्यटन भनेको के हो जस्ता प्रश्नमा छलफल, अन्तरक्रिया गर्ने -समूह निर्माण गरी पर्यटकीय स्थलहरूको महत्त्वबारे छलफल गराई समूह नेताबाट प्रस्तुत गर्न लगाउने । -स्थानीय कृषि तथा पशुपालन गर्दा लाग्ने रोगहरूका बारेमा तथा अन्य समस्याबारे सम्बन्धित विज्ञहरूसँग अन्तरक्रिया गर्न लघु शैक्षिक भ्रमण गराउने । -उल्लिखित स्थानीय परम्परागत पेसा र सिपको बारेमा समूह बनाई परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने । | -पर्यटन भनेको के हो भनी सोधी उत्तर लेख्न लगाउने । -पर्यटकीय स्थलहरूको महत्त्व उल्लेख गर्न लगाउने । -कृषि तथा पशुमा लाग्ने रोगहरू र समस्या समाधानका उपायहरू लेख्न लगाउने । -स्थानीय परम्परागत पेसा र सिपको संरक्षणका उपायहरू उल्लेख गर्न लगाउने । | २० |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | बताउन । | डोको, नाङ्लो, कुचो, भकारी बुन्ने आदि ।<br>-विभिन्न व्यावसायिक क्रियाकलापहरू खेती, व्यापार, डेरी फर्म, पशु, पन्छी तथा मौरी पालन, फर्निचर, क्रसर उद्योग आदि । | -विभिन्न व्यावसायिक क्रियाकलापहरूका बारेमा कक्षामा अन्तरक्रिया गरी निष्कर्ष दिने ।<br>-उल्लिखित व्यावसायिक क्रियाकलापक वर्गीकरण गर्न र महत्त्व उल्लेख गर्न लगाउने । | -विभिन्न व्यावसायिक क्रियाकलापहरू को वर्गीकरण गर्न लगाउने ।<br>-ती व्यवसायको महत्त्व उल्लेख गर्न लगाउने । | |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय क्षेत्रमा रहेका चुली पोखरी, कोलुङ झरना, मिक्लु, मावा, लावा, बक्राहा खोला, रानीटार (Queen Tar),मिक्लाजुङ, डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसार जस्ता स्थलहरूको परिचय, महत्त्व तथा विशेषता बताउन ।<br>-स्थानीय क्षेत्रमा पाइने जडीबुटीको पहिचान गर्न । | -स्थानीय चुली पोखरी, कोलुङ झरना, मिक्लु, मावा, लावा, बक्राहा खोला, मिक्लाजुङ, रानीटार(Queen Tar), डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसारको परिचय, महत्त्व र विशेषता<br>-स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरू (भूमिराज, पाखनवेत, ठूलो ओखती, हाडजोडा, निम, तुलसी, सजिवन, कुरिलो, करिपत्ता) आदिको पहिचान, महत्त्व र | -चार्ट, सूची, तस्वीर, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी स्थानीय क्षेत्रमा रहेका चुली पोखरी, कोलुङ झरना, बेतेनी सिमसार, लावा/बक्रा खोला, तेली खोला, मिक्लु खोला, मिक्लाजुङ डाँडा जस्ता स्थल तथा स्रोतहरूको परिचय, विशेषताबारे छलफल, प्रश्नोत्तर गराउने, यसको महत्त्वबारे बताउने<br>-सम्भव भएसम्म त्यस्ता स्थल तथा स्रोतहरूको अवलोकन भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउने<br>-स्तानीय क्षेत्रमा पाइने जडीबुटी के के हुन सक्छन् ? घरेलु उपचारका लागि त्यस्ता जडीबुटीहरू प्रयोग गर्ने गरेका छौ ? भन्ने प्रश्न गरी जडीबुटीको बारेमा प्रस्ट | -वनजङ्गल तथा पानीका स्रोतको फाइदा र महत्त्व लेख्न लगाउने<br>-वनजङ्गल वा पानीका स्रोत संरक्षणका उपाय लेख्न लगाउने<br>-चुली पोखरी, कोलुङ भरना, बेतेनी सिमसार, लावा/बक्रा खोला, तेली खोला, मिक्लु खोला, मिक्लाजुङ डाँडा जस्ता स्थल तथा स्रोतहरूको परिचय र विशेषता लेख्न लगाउने । | २० |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | विशेषता । | गरिदिने । -व्यक्तिगत परियोजना कार्य दिई स्थानीय जडीबुटीको बारेमा प्रतिवेदन तयार गर्न लगाउने । | -स्थानीय क्षेत्रमा पाइने जडीबुटीको सूची तयार गर्न लगाउने । | |
| सङ्घसंस्था | -विद्यालयमा हुने सदन, बाल क्लब, रेडक्रस र स्काउट तथा समुदायको बचत सहकारीमा सहभागी हुन । -पालिकाका सामाजिक सङ्घसंस्था, वडा कार्यालय, स्वास्थ्य कार्यालय, हुलाक तथा क्लबका गतिविधिहरू उल्लेख गर्न । | -सदन, बाल क्लब, रेडक्रस, स्काउट तथा समुदायिक बचत सहकारी संस्थाहरू। -पालिकाभित्र सामाजिक संघसंस्थाःटोल संगठन, वन उपभोक्ता समिति, मेलमिलाप केन्द्र आदि -स्वास्थ्य संस्था, हुलाक, वडा कार्यालय, तथा विभिन्न क्लबहरू । | -विद्यालयमा भएका संस्थाहरू बालक्लब, सदन, रेडक्रस र स्काउट आदिले गर्ने गतिविधिमा सहभागी हुन तथा बचत र सहकारीमा कसरी सहभागी हुन सकिन्छ जस्ता प्रश्नोत्तर गरी बचत सहकारीमा सहभागी हुन सकिने माध्यम, तरिकाहरू तथा फाइदाका बारेमा अन्तरक्रिया र छलफल गरी प्रस्ट गरिदिने वा निष्कर्ष दिने । -पालिकाअन्तर्गत रहेका वडा कार्यालय, सामाजिक सङ्घसंस्था, स्वास्थ्य कार्यालय, हुलाक कार्यालय आदि जस्ता संस्थाहरूको छोटो अवलोकन भ्रमण गराई ती संस्थाको गतिविधिका बारेमा समूह बनाएर प्रत्येक समूहलाई १/१ ओटा संस्थाहरूका प्रमुख गतिविधिहरू प्रस्तुत गर्न गाउने र प्रत्येक समूहको प्रस्तुतीकरण पछि | -विद्यालयमा भएका संस्थाहरू बालक्लब, सदन, रेडक्रस र स्काउटका गतिविधिहरूको सारांश उल्लेख गर्न लगाउने । -बचत सहकारीमा सहभागिता गराउँदा हुने फाइदा र तरिकाहरू उल्लेख गर्न लगाउने । -पालिकाअन्तर्गत रहेका वडा कार्यालय, सामाजिक सङ्घसंस्था, स्वास्थ्य कार्यालय, हुलाक कार्यालय जस्ता संस्थाहरूका प्रत्येकका | १८ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | सबै संस्थाको गतिविधिको सारांश बताएर निष्कर्ष दिने<br>-टोल संगठन, वन उपभोक्ता समिति, मेलमिलाप केन्द्र तथा विभिन्न क्लबहरूका गतिविधि सम्बन्धमा भएका जानकारी सम्बन्धी प्रश्नोत्तर गरी अन्तरक्रिया र छलफलको माध्यमबाट प्रत्येक संस्थाका गतिविधि तथा प्रत्येकका प्रमुख कार्यहरूको निष्कर्ष दिएर प्रस्ट गरिदिने । | गतिविधि तथा कार्यहरू उल्लेख गर्न लगाउने ।<br>-पालिकाअन्तर्गत रहेका टोल संगठन, वन उपभोक्ता समिति, मेलमिलाप केन्द्र तथा विभिन्न क्लबहरूको विवरणसहित प्रमुख कार्य वा गतिविधहरूको छुट्टाछुट्टै विवरण तयार गर्न लगाउने । | |
| आचरण | -अनुशासित हुन र सकारात्मक सोचाइको विकास गराउन ।<br>-असल चारित्रिक गुणहरूको विकास गर्न<br>-सामाजिक सम्बन्ध र असल आचरणका विशेषताहरू उल्लेख गर्न ।<br>-सामाजिक मूल्यमान्यतालाई पालना गर्न तथा | -अनुशासन, सकारात्मक सोच।<br>-असल चारित्रिक गुणः परोपकार, सहयोग, सेवा, सहकार्य आदि ।<br>-सामाजिक सम्बन्ध र असल आचरणः मेलमिलाप, सहयोग आदानप्रदान, सामाजिक सेवा तथा वस्तुहरूको संरक्षण विकास ।<br>-सामाजिक मूल्य मान्यताको पालनाः | -सकारात्मक सोचको विकास गरी अनुशासन, असल चारित्रिक गुण, परोपकार, सहयोग, सेवा, सहकार्य गर्नका लागि कक्षामा समूह निर्माण गरी अभ्यास गराउने । यसो गर्दा हुने फाइदाको र सद्व्यवहारको बारेमा पनि प्रस्ट गरी अभ्यास गराउने<br>-सामाजिक सम्बन्ध, मूल्य र मान्यताको पालना, आचरण, समझदारी, सदाचार, मित्रता, मेलमिला, सहयोग आदानप्रदानका तरिका उल्लेख गरी एक अर्कामा | -अनुशासन, असल चारित्रिक गुण, परोपकार, सहयोग र सहकार्यबाट एक अर्कालाई हुने फाइदाको सूची तयार गर्न लगाउने ।<br>-सामाजिक सम्बन्ध मूल्य मान्यताको पालना, आचरण, समझदारी, सदाचार, | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | सांस्कृतिक कार्यहरूमा पहिचानसहित सहभागी हुन। | सदाचार, समझदारी, मित्रता, सत्कार आदि।<br>-सांस्कृतिक कार्यहरूः विवाह, व्रतवन्ध, पूजा, नाचगान, वार्षिकोत्सव आदिमा सहभागिता । | सत्कार गर्न समेत पर्याप्त अभ्यास, अन्तरक्रिया गरी गराई कक्षामा नाटकीकरण समेत गर्ने गराउने र स्पष्ट पार्ने ।<br>-गाउँघरमा हुने सांस्कृतिक कार्यहरू जस्तैः- विवाह, व्रतबन्ध, पास्नी, पूजा, नाचगानका साथै विद्यालयको वार्षिकोत्सव कार्यक्रममा हालसम्म कसरी सहभागिता जनाउने गरेका छौ ? भनी छलफल, अन्तरक्रिया गर्ने<br>-सहभागिताको लागि समूह निर्माण गरी समूहमा छलफल गरेर प्रतिवेदन तयार गरी निष्कर्ष सुनाउन लगाउने ।<br>-त्यस्ता कार्यक्रममा पहिचानसहित सहभागी हुने तरिका र उपायहरूको खोजी गर्न समूह निर्माण गरी समूह छलफल गरेर प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने । | मेलमिला र सहयोग आदान प्रदानको व्यवहारमा परिवर्तन भए नभएको अवलोकन गरी मूल्याङकन गर्ने<br>-सामाजिक, धार्मिक कार्यक्रमका साथै विद्यालयको वार्षिकोत्सव कार्यक्रममा सहभागी हुँदा आफूलाई फाइदा हुने कुनै ५ ओटा कुराहरूको विवरण तयार पार्न लगाउने । | |
| स्वास्थ्य | -दैनिक जीवनमा शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने सन्तुलित आहारको | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने खानेकुरा (सन्तुलित आहार)को वर्गीकरण। | -सन्तुलित आहार र पोसिलो खानेकुरा शीर्षकमा वादविवाद प्रतियोगिता गराउने । तीनैखाले खानाको सन्तुलन मिलाएर खाएमात्र सन्तुलित आहार | -दैनिक जीवनमा शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने सन्तुलित आहारको | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | वर्गीकरण गर्न । -आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्ने आवश्यकता उल्लेख गर्न । -बज्रासन, मण्डुकासन तथा अनुलोमविलोम प्राणायामको अभ्यास गर्न । | -आफ्नो घर, परिवार, विद्यालय, समुदायको वरिपरिको वातावरणको स्वच्छता । -बज्रासन,अनुलोमविलोम मण्डुकासन,प्राणायामको अभ्यास । | हुन्छ भन्ने निष्कर्ष दिने । -पुस्तकालयको प्रयोग गरी (जान्ने स्रोतव्यक्ति, च्याट जिपिटि, गुगलसमेत प्रयोग गर्न पाइने) तीनैखाले आहारको वर्गीकरण गर्न परियोजना कार्य दिने । -आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्ने आवश्यकता किन छ ? शीर्षकमा लेख लेख्न लगाउने । -बज्रासन र मण्डुकासनको अभ्यास गर्ने गराउने । -अनुलोमविलोम प्राणायामको अभ्यास गर्ने गर्न लगाउने । | वर्गीकरण गर्न लगाउने। -आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नुपर्ने आवश्यकताका बारेमा बुँदा टिपोट गर्न लगाउने । -बज्रासन र मण्डुकासनको अभ्यास गराउने र अवलोकन गर्ने। -अनुलोमविलोम प्राणायामको अभ्यास गर्न लगाउने र अवलोकन गर्ने। | |

<u>कक्षा ७</u>

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिको जानकारी | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि । -मधुमल्ला | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिबारे जानकार स्रोतव्यक्तिसँग भेट गरी जानकारी लिनका लागि विद्यार्थीहरूलाई परियोजना कार्य दिने । | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिको विवरण तयार गरी प्रस्तुत | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | गराउन । -मधुमल्ला लगायतका यस गाउँपालिकामा अन्य ऐतिहासिक हाटबजारको परिचय उल्लेख गर्न -मिक्लाजुङ गाउँपालिकाको भौगोलिक अवस्थितिको सिमाङ्कन, रेखाङ्कन र नक्साङ्कनको सिप प्रदर्शन गर्न । -गाउँपालिकाको जनसङ्ख्या, जातजाति, ऐतिहासिक तथा धार्मिक स्थलहरूको विश्लेषण गर्न | लगायतका ऐतिहासिक बजारको परिचय । -मिक्लाजुङ गाउँपालिकाको भौगोलिक अवस्थिति, सिमाङ्कन, रेखाङ्कन र नक्साङ्कन । -गाउँपालिकाको जनसङ्ख्या, जातजाति, ऐतिहासिक तथा धार्मिक स्थलहरू | -मधुमल्लालगायतका ऐतिहासिक बजारबारे जानकार स्रोतव्यक्तिसँग अन्तर्वार्ता लिन लघु शैक्षिक भ्रमण गराई प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने । -मिक्लाजुङ गाउँपालिकाको नक्सा अध्ययन गर्न लगाई त्यसको भौगोलिक अवस्थिति, सिमाङ्कनबारे अन्तरक्रिया गरी निष्कर्ष बताइदिने । -मिक्लाजुङ गाउँपालिकाको नक्सा तयार गर्न अभ्यास गराउने । -जातिगत, लैङ्गिक तथा जनसङ्ख्या वितरणको विवरण तयार गर्न लगाउने । -मिक्लाजुङ गाउँपालिकाभित्र रहेका ऐतिहासिक तथा धार्मिक स्थलहरूका बारेमा अन्तरक्रिया तथा छलफल गरी विश्लेषण गराउने । | गर्न लगाउने । -मधुमल्ला लगायतका बजारलाई किन ऐतिहासिक बजार भनिएको हो भनी विवरण तयार गर्न लगाउने । -मिक्लाजुङ गाउँपालिकाको वडागत विवरणसहितको नक्सा तयार गर्न लगाउने। -मिक्लाजुङ गाउँपालिकाभित्र बसोबास गर्ने मानिसहरूको जातिगत तथा लैङ्गिक विवरण तयार गरी प्रस्तुत गर्न लगाउने । -मिक्लाजुङ गाउँपालिकाभित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको विश्लेषणात्मक विवरण तयार गर्न लगाउने । | |
| जनजीवन | -यस क्षेत्रमा प्रचलनमा | -स्थानीय जातिगत | -जाति, धर्म, भाषा, संस्कार फरक भए जस्तै लोक कथा, नृत्य, लोक | -लोक बाजा, नृत्य र कलाको सूची | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | रहेका स्थानीय जातिगत लोककथा, लोकनृत्य, लोक बाजा तथा स्थानीय कलाको महत्त्व र उपयोगिता उल्लेख गर्न र तिनको संरक्षण र संवर्द्धन गर्न<br>-यस क्षेत्रमा बसोबास गर्ने विविध जातजाति एवम् भाषा तथा भेषभूषाको सामाजिक तथा सांस्कृतिक महत्त्व र आवश्यकताबारे बताउन र समभाव विकास गर्न<br>-स्थानीयस्तरमा प्रचलित विभिन्न | लोककथा, लोकनृत्य, लोक बाजा तथा स्थानीय कलाको महत्त्व, उपयोगिता, संरक्षण र संवर्द्धन ।<br>-विभिन्न जातजाति एवम् भाषा तथा भेषभूषाको सामाजिक, सांस्कृतिक महत्त्व, आवश्यकता र समभाव विकास ।<br>-विभिन्न चाडपर्व, जात्रा, उत्सव तथा मेलाका सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व र जगेर्ना। | बाजा तथा कला पनि फरक हुन सक्ने सन्दर्भ प्रस्तुत गर्दै यी पक्षहरूबाट दैनिक जीवन निर्वाह गर्न र आफ्नो पहिचानका लागि हुने सहयोग र प्रयोगबाट हुने प्राप्तिका बारेमा छलफल गराउने ।<br>-यसको संरक्षण र संवर्द्धनको आवश्यकताबारे अन्तरक्रिया गराउने ।<br>-भिन्न समुदायप्रति समभावको विकास गराउन आवश्यक तरिका/उपायहरूका बारेमा छलफल गराउने ।<br>-स्थानीय चाडपर्व, जात्रा, उत्सव र मेलाको परिचयका साथ सामाजिक, सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमिको सन्दर्भबारे छलफल गर्दै जगेर्नाबारे सचेत गराउन सकारात्मक धारणाको विकाससम्बन्धी छलफल गराउने ।<br>-श्रव्यदृश्य सामग्री तथा सन्दर्भ सामग्रीको प्रयोग गर्ने ।<br>-जगेर्नाको उपायहरूका बारेमा वक्तृत्वकला चलाउने । | बनाउन लगाउने ।<br>-यसको जगेर्नाका उपायहरू उल्लेख गर्न लगाउने ।<br>-चाडपर्व, जात्राको सामाजिक र सांस्कृतिक महत्त्वका बारे उल्लेख गर्न लगाउने । | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | चाडपर्व, जात्रा, उत्सव तथा मेलाका सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बुझी तिनको जगेर्ना गर्न । | | | | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटनको विकास र सम्भावना बारेमा उल्लेख गर्न ।<br>-स्थानीय कृषिजन्य उद्योगको अवस्था बताउन र संभाव्यताको खोजी गर्न ।<br>-स्थानीय कृषि प्रणालीका विशेषताहरू भन्न र आधुनिक कृषि विकासको सम्भावना उल्लेख गर्न | -स्थानीय पर्यटनको विकास र सम्भावना (चुली पोखरी, कोलुङ झरना, मिक्लाजुङ, रानीटार, डब्लुहिल, निसेलुङ डाँडा, बेतिनी र पञ्चमी सिमसार) ।<br>-स्थानीय कृषिजन्य उद्योगको अवस्था र सम्भावनाको खोजी (डेरी फर्म, मौरी, कुखुरा, | -तोकिएका पर्यटकीय स्थलहरूको लघु शैक्षिक अवलोकन भ्रमण गराउने र तिनको विकासको र सम्भावनाबारे छलफल र अन्तरक्रिया गर्ने गराउने ।<br>-समूह बनाई पालिकाभित्र रहेका कृषिजन्य उद्योगहरूको अवस्था अध्ययन गर्नका लागि अध्ययन, अवलोकन र तथ्याङ्क भर्न परियोजना कार्य लगाउने ।<br>-पालिकाभित्र कृषिजन्य उद्योगको सम्भावनाको खोजीबारे छलफल गराउने ।<br>-स्थानीय खेती गर्ने तरिकाबारे छलफल अन्तरक्रिया गराउने ।<br>-आधुनिक तरिकाबाट खेती गर्न अवलम्बन गरिने विधिहरू समूहगत रूपमा छलफल गराई समूह नेताबाट प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>-विभिन्न व्यवसायीहरूले गर्ने | -अवलोकन भ्रमणको प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने<br>-अवलोकन अध्ययनको प्रतिवेदन तयार गर्न लगाउने ।<br>-स्थानीय परम्परागत खेती गर्ने तरिकाबारे उल्लेख गर्न लगाउने ।<br>-स्थानीय कृषिजन्य उद्योगहरूको सम्भावनाबारे उल्लेख गर्न लगाउने ।<br>-आधुनिक तरिकाबाट खेती गर्नका लागि अवलम्बन गरिने विधिहरूको विवरण | २० |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | -स्थानीय विभिन्न व्यवसायीसँग अनुभव र लगानीबारे छलफल गरी उल्लेख गर्न | वङ्गुरपालन आदि) । -स्थानीय कृषि प्रणालीका विशेषताहरू (अन्न, फलफूल, सागसब्जी, तेलहन, दलहन आदिको खेती गर्ने परम्परागत तरिका) तथा आधुनिक कृषि विकासको सम्भावना, उन्नत वीउ विजन, मल, सिंचाइ तथा औजार आदिको प्रयोग गरी व्यावसायिक खेती गर्ने सम्भावना । -स्थानीय विभिन्न व्यवसायी (खेती, व्यापार, परम्परागत सिप, उद्योग, पशुपन्छी) सँगको अनुभव | क्रियाकलापबारे कक्षामा छलफल र अन्तरक्रिया गर्ने । -विभिन्न व्यवसायीहरूसँग अनुभव र लगानीकाबारेमा छलफल गर्न समूह बनाई परियोजना कार्य दिने | तयार गर्न लगाउने -विभिन्न व्यवसायीहरूले गर्ने क्रियाकलापका बारेमा उल्लेख गर्न लगाउने । -परियोजना कार्यको प्रतिवेदन कक्षामा छलफल गर्न लगाउने । | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | र लगानी । | | | |
| प्राकृतिक स्रोत र सम्पदा | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिसँग मानिसको अन्तरसम्बन्ध प्रस्तुत गर्न । -स्थानीय क्षेत्रका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिको वर्तमान अवस्था बताउन । -स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व र विशेषता बताउन। | -स्थानीय ताल, पोखरी, झरना, खोला, पहाड, सिमसार, जीवजन्तु, वनस्पतिसँग मानिसको अन्तरसम्बन्ध तथा वर्तमान अवस्था । -स्थानीय क्षेत्रका प्राकृतिक स्रोत तथा जीवजन्तु, वनस्पति आदिको वर्तमान अवस्था । -स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरू । | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिको वर्तमान अवस्थाबारे तस्वीर, चार्ट, सूची, श्रव्यदृश्य सामग्री आदिको प्रयोग गरी छलफल, प्रश्नोत्तर आदि गराउने । -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिसँग मानिसको अन्तरसम्बन्धका बारेमा तस्वीर, चार्ट, सूची, श्रव्यदृश्य सामग्री आदिको प्रयोग गरी छलफल, प्रश्नोत्तर आदि गराउने । -आवश्यक समूहकार्य गराउने । -सम्भव भएसम्म त्यस्ता स्थल तथा स्रोतहरूको अवलोकन भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउने साथै कक्षामा प्रस्तुत गर्न समेत लगाउने । -स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरूको सूची बनाई तिनको महत्त्व र विशेषताका बारेमा छलफल, अन्तरक्रिया गराउने । | -स्थानीय तहका ताल/पोखरी, झरना, खोला, पहाड, जीवजन्तु, वनस्पति आदिको वर्तमान अवस्थाबारे लेख्न लगाउने । -वनजङ्गल वा पानीका स्रोत संरक्षणका उपाय लेख्न लगाउने । -चुली पोखरी, कोलुङ भरना, बेतेनी सिम्सार, लावा/बक्राहा खोला, तेली खोला, मिक्लु खोला, मिक्लाजुङ डाँडा जस्ता स्थल तथा स्रोतहरूको परिचय र विशेषता लेख्न लगाउने । -स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरूको महत्त्व र विशेषता उल्लेख गर्न लगाउने । | २० |
| सङ्घसंस्था | -विद्यालयमा हुने सदन, | -सदन, बालक्लब, | -विद्यालयमा भएका बालक्लब, सदन, रेडक्रस, स्काउट जस्ता | -विद्यालयमा भएका बालक्लब, सदन, | १८ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | बाल क्लब, रेडक्रस र स्काउट तथा समुदायको बचत सहकारीमा भूमिका निर्वाह गर्न ।<br>-पालिकाका सामाजिक सङ्घसंस्था, वडा कार्यालय, स्वास्थ्य कार्यालय, हुलाक तथा क्लबहरूको महत्त्व उल्लेख गर्न | रेडक्रस, स्काउट, समुदायका बचत सहकारी तथा सङ्घसंस्थाहरूमा संलग्नता।<br>-कृषि तथा बचत सहकारी, क्लबहरू, वन उपभोक्ता समिति, टोल संगठन, वडा कार्यालय, स्वास्थ्य संस्था, हुलाक आदिको वडापत्र अध्ययन र महत्त्व । | संस्थाहरूको महत्त्वका बारेमा प्रश्नोत्तर गर्ने ।<br>-विद्यार्थीबाट आएका जवाफहरूलाई पाटीमा टिपोट गर्दै जाने ।<br>-बचत सहकारीमा सहभागी हुन ती संस्थाहरूले निर्वाह गर्न सक्ने भूमिका, जिम्मेवारी, जवाफदेहिता सम्बन्धमा अन्तरक्रिया तथा छलफल चलाई प्रस्ट निष्कर्ष दिने<br>-पालिकाअन्तर्गत रहेका सामाजिक सङ्घसंस्थाहरू, वडा कार्यालय, स्वास्थ्य कार्यालय, हुलाक कार्यालयका साथै टोल संगठन, वन उपभोक्ता समिति, मेलमिलाप केन्द्र तथा विभिन्न क्लबहरूको प्रमुख भूमिका तथा ती संस्थाहरूको वडापत्र र महत्त्वको बारेमा स्पष्ट निष्कर्ष दिने । | रेडक्रस, स्काउटको महत्त्व उल्लेख गर्न लगाउने ।<br>-बचत सहकारीमा सहभागी हुन प्रत्येक संस्थाहरूले निर्वाह गर्नसक्ने भूमिकाको विवण तयार गर्न लगाउने।<br>-पालिकाअन्तर्गत रहेका सामाजिक सङ्घसंस्थाहरू, वडा कार्यालय, स्वास्थ्य कार्यालय, हुलाक कार्यालय, टोल संगठन, वन उपभोक्ता समिति, मेलमिलाप केन्द्र तथा विभिन्न क्लबहरूको महत्त्वका साथै प्रत्येक संस्थाले निर्वाह गर्ने प्रमुख भूमिकाहरू उल्लेख गर्न लगाउने । | |
| आचरण | -श्रमप्रति सम्मान गर्न र श्रम गर्ने बानीको विकास र | -श्रमप्रति सम्मान र अभ्यास ।<br>-सामाजिक सम्बन्ध र | -आफ्नो श्रमप्रति सम्मान र अभ्यासबाट आफूलाई हुने फाइदाको बारेमा छलफल र अन्तरक्रिया गरी गराई स्पष्ट धारणा दिने। | -श्रमप्रति सम्मान र अभ्यासबाट हुने फाइदा उल्लेख गर्न लगाउने ।<br>-असल आचरणको | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | अभ्यास गर्न -सामाजिक सम्बन्ध र असल आचरणको महत्त्व उल्लेख गर्न र संरक्षण गर्न -सामाजिक तथा परम्परागत मूल्यमान्यताको संरक्षणका लागि सामाजिक संस्थाहरूको भूमिका उल्लेख गर्न -चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र व्यवहारमा उतार्न । | असल आचरणको संरक्षण । -सामाजिक तथा परम्परागत मूल्य मान्यताको संरक्षणमा संस्थाहरूको भूमिका। -चरित्र विकासका विभिन्न नमुना र व्यवहार । | -सामाजिक सम्बन्ध र असल आचरणको संरक्षण कसरी गर्नुपर्छ भन्ने विषयमा छलफल र अन्तरक्रिया गरी निष्कर्ष बताइदिने। -सामाजिक तथा परम्परागत मूल्य मान्यताको संरक्षणमा विभिन्न सामाजिक, धार्मिक सङ्घसंस्थाहरूको के कस्तो भूमिका रहेको छ र हुनसक्छ भन्ने प्रश्नोत्तर, छलफल र अन्तरक्रिया गरी कक्षाका सबै विद्यार्थीको अनुभव समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । यसबाट समाजमा भएका सकारात्मक परिवर्तन र भूमिका निर्वाह गर्ने सङ्घसंस्थाहरूको सामान्य कार्य विवरण बनाउन लगाउने । -चरित्र विकासका विभिन्न नमुना र व्यवहार शिक्षण गर्नका लागि आफ्नो गाउँघर, वडा तथा पालिकामा रहेका विभिन्न सम्मानित तथा अनुकरणीय व्यक्तित्वहरूको व्यवहार अध्ययन गर्न लगाई राम्रो नमुना प्रस्तुत गर्नका लागि परियोजना कार्य गर्न लगाउने। | संरक्षण गरी सामाजिक सम्बन्ध बढाउने तरिका लेख्न लगाउने । -समाजमा के-कस्ता सामाजिक सङ्घसंस्थाहरू छन् ? ती संस्थाहरूले समाजमा सम्बन्ध, आचरण, परम्परागत मूल्य मान्यताको संरक्षणमा के कस्ता सकारात्मक परिवर्तन गराउने भूमिका खेलेका छन् ? सबै संस्थाहरूको कार्य विवरण बनाउन लगाउने । - आफ्नो गाउँ, घर, वडा, पालिकामा रहेकामा रहेका सम्मानित र अनुकरणीय व्यक्तित्वहरूको व्यवहार अध्ययन गरी उहाँहरूबाट सिक्नु पर्ने राम्रा गुणहरूको विवरण सहितको सूची | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | | बनाउन लगाउने । | |
| स्वास्थ्य | -दैनिक जीवनमा शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने सन्तुलित आहारको महत्त्व बताउन<br>-आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्ने उपायहरू उल्लेख गर्न<br>-उत्तानपादासन, त्रिकोणासन तथा कपालभाती प्राणायामको अभ्यास गर्न | -शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने सन्तुलित आहारको महत्त्व ।<br>-घर, परिवार, विद्यालय, समुदाय वरिपरिको वातावरण स्वस्थ राख्ने उपायहरू ।<br>-उत्तानपादासन, त्रिकोणासन तथा कपालभाती प्राणायामको अभ्यास । | -समूह बनाई दैनिक जीवनमा शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र सुरक्षा दिने सन्तुलित आहारको महत्त्वका बारेमा लेख्न लगाई समूहगत प्रस्तुति गर्न लगाई निष्कर्ष दिने ।<br>-आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्ने उपायहरूका बारेमा व्यक्तिगत रूपमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>-उत्तानपादासन र त्रिकोणासनको अभ्यास गर्ने र गर्न लगाउने ।<br>-कपालभाती प्राणायामको अभ्यास गर्ने र गर्न लगाउने। | -सन्तुलित आहार भनेको के हो उदाहरणसहित लेख्न लगाउने ।<br>-किन आफ्नो घर, परिवार, समुदाय र विद्यालय वरिपरिको वातावरण स्वस्थ राख्नु पर्छ लेख्न लगाउने ।<br>-उत्तानपादासन र त्रिकोणासनको अभ्यास गर्न लगाउने र अवलोकन गर्ने।<br>-कपालभाती प्राणायामको अभ्यास गर्न लगाउने र अवलोकन गर्ने। | १७ |

<u>कक्षा ८</u>

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| चिनारी | -मिक्लाजुङ गाउँपालिकाको ऐतिहासिक | -गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि। | -गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिबारे समूह समूहमा छलफल गराई समूह नेताबाट | -गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिबारे | १९ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | पृष्ठभूमिबारे विश्लेषणात्मक विवरण तयार गर्न ।<br>-मधुमल्लालगायतका यस गाउँपालिकामा रहेका अन्य ऐतिहासिक बजारको महत्त्व र भूमिका उल्लेख गर्न ।<br>-गाउँपालिकाको वडागत नक्सा तयार गरी महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा प्रशासनिक स्थलहरू सङ्केत गर्न<br>-गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको वितरण र जनसङ्ख्याको विश्लेषण गर्न । | -ऐतिहासिक बजारको महत्त्व र भूमिका ।<br>-गाउँपालिकाको वडागत नक्सा र महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा प्रशासनिक स्थलहरू ।<br>-गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिहरूको वितरण र जनसङ्ख्याको विश्लेषण । | प्रतिवेदन पेश गर्न लगाउने ।<br>-गाउँपालिकाको विकासमा मधुमल्लालगायत ऐतिहासिक बजारको योगदानका विषयमा विद्यार्थीहरू बिच वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने ।<br>-विद्यार्थीहरूलाई व्यक्तिगत परियोजना कार्यको रूपमा गाउँपालिकाको वडागत नक्सा र महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा प्रशासनिक स्थलहरू सङ्केत गरी कक्षामा प्रस्तुत गर्न लगाउने।<br>-गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू तथा लैङ्गिक वितरण र जनसङ्ख्याको विश्लेषण गरिएको चार्ट प्रस्तुत गरी विद्यार्थीहरूसँग अन्तरक्रिया गर्ने र अन्तमा निष्कर्ष दिने । | समूहगत प्रस्तुत प्रतिवेदनलाई एक अर्को समूहलाई टिप्पणी गर्न लगाउने<br>-विद्यार्थीहरूबाट गाउँपालिकाको विकासमा मधुमल्लालगायत ऐतिहासिक बजारको योगदान का विषयमा गराइएको वक्तृत्वकला प्रतियोगिताको मूल्याङ्कन गर्न लगाउने ।<br>-व्यक्तिगत परियोजना कार्यबाट तयार गरिएका गाउँपालिकाको नक्सा प्रदर्शन गर्न लगाउने।<br>-गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू तथा लैङ्गिक वितरण र जनसङ्ख्याको विश्लेषणको | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | | सारांश प्रस्तुत गर्न लगाउने । | |
| जनजीवन | -स्थानीय कला, भाषा, साहित्य तथा लिपि र त्यसको मानव जीवनसँगको सम्बन्धबारे उल्लेख गर्दै तिनको संरक्षण र संवर्द्धन गर्न ।<br>-स्थानीयस्तरमा प्रचलित जातिगत, धार्मिक तथा सामाजिक संस्कार, संस्कृति, चाडपर्व एवम् मूल्यमान्यताको सम्मान गर्दै सहिष्णुता र सहअस्तित्व कायम राखी जीवनशैली अपनाउन । | -स्थानीय कला, भाषा, साहित्य, लिपि र सोको मानव जीवनसँगको सम्बन्ध तथा संरक्षण र संवर्द्धन।<br>-जातिगत, धार्मिक, सामाजिक संस्कार, संस्कृति, चाडपर्व, मूल्यमान्यताको सम्मान, सहिष्णुता, सहअस्तित्त्व र जीवनशैली । | -२ मिनेट जति भाषा र लिपि नभएको अवस्थाको कल्पना गर्न लगाई त्यसलाई कपीमा टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-लिपि, भाषा, कला र साहित्यको प्रारम्भ र विकासको सम्बन्ध मानव जीवनसँग कसरी जोडिन्छ होला भनेर छलफल गराउने। यिनीहरूको संरक्षण र संवर्द्धनमा क-कस्ले कसरी के भूमिका निर्वाह गर्न सक्दछन् भनी छलफल गर्ने तथा निष्कर्ष निकाल्ने।<br>-विभिन्न संस्कार, संस्कृति, चाडपर्व र मान्यताको सम्मान कसरी गर्न सकिएला भन्ने प्रश्न गर्ने, प्राप्त उत्तरका आधारमा सम्मान, सहिष्णुता र सहअस्तित्त्व कायम राख्नुको औचित्य, तरिका तथा उपायहरू स्पष्ट पारिदिने ।<br>-विभिन्न सामाजिक सङ्घसंस्थाको भूमिका पहिल्याउने बारेमा छलफल चलाउने । | -संस्कृति र मानव जीवनमा भाषा र लिपिको प्रभाव विषयमा वक्तृत्त्वकला सञ्चालन गराउने र मूल्याङ्कन गर्ने<br>-कला र साहित्यले मानव सभ्यता र विकासमा दिने योगदानका बारेमा लेख तयार गर्न लगाउने।<br>-कुनै ३ जातिगत, धार्मिक तथा सामाजिक सङ्घसंस्थाले भाषा, लिपि, साहित्य, कला तथा संस्कार र संस्कृतिको संरक्षण र संवर्द्धनमा खेलेका/ खेल्नसक्ने भूमिकाका बारेमा परियोजना कार्य | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | | दिने र मूल्याङ्कन गर्ने। | |
| आर्थिक क्रियाकलाप | -स्थानीय पर्यटकीय स्थलहरूको भ्रमण गर्न र तिनको विकास, संरक्षण र संवर्द्धन गर्न<br>-कृषि तथा पशुपन्छी पालन व्यवसाय र स्थानीय जनजीवन बिच अन्तरसम्बन्ध उल्लेख गर्न र व्यावसायिक सम्भावना उल्लेख गर्न साथै विकासको खोजी गर्न।<br>-स्थानीय पेसा व्यावसायिक सिपको वर्तमान अवस्था र महत्त्व बताउन ।<br>-स्थानीय आर्थिक विकासका सम्भावना , रोजगारी सिर्जना र जिवीकोपार्जनका उपायहरूको खोजी गर्न । | -स्थानीय पर्यटकीय स्थलहरूः डाँडा, झरना, सिमसार, पोखरी आदि<br>-कृषि तथा पशुपन्छी पालन व्यवसाय र स्थानीय जनजीवन बिच अन्तरसम्बन्ध<br>-व्यावसायिक सम्भावना र विकासको खोजी ।<br>-स्थानीय पेसा व्यावसायिक सिप (कृषि, व्यापार, घरेलु उद्योग, सिलाइ, बुनाइ, चित्र, हस्त, वास्तुकला आदि) ।<br>-स्थानीय आर्थिक विकासका सम्भावना, | -स्थानीय पर्यटकीय स्थलहरूको लघु शैक्षिक भ्रमण गराई ती स्थलहरूको विकास, संरक्षण र सम्वर्द्धन गर्नका लागि गर्न सकिने कार्यहरूको विवरण तयार गर्न लगाउने ।<br>-कृषि तथा पशुपन्छी व्यवसायको जनजीवनसँग कस्तो सम्बन्ध रहेको छ भन्ने विषयमा कक्षामा छलफल र अन्तरक्रिया गर्ने गराउने र निष्कर्ष दिने ।<br>-अर्थोपार्जनका सम्भावना र रोजगार सिर्जना गर्न सकिने कार्यहरूका बारेमा छलफल र अन्तरक्रिया गरी विभिन्न सम्भावनाका साथै रोजगार सिर्जना गर्ने उपायहरू उल्लेख गर्न लगाई निष्कर्ष दिने ।<br>-स्थानीय रूपमा जिवीकोपार्जन गर्न सकिने पेसा, व्यवसायहरू के के हुन सक्छन् भनी छलफल र अन्तरक्रिया गरी जीविकोपार्जनका उपायहरू उल्लेख गर्न लगाउने र निष्कर्ष दिने। | -लघु शैक्षिक भ्रमणको प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>-कृषि तथा पशुपन्छी पालन व्यवसायले मानिसको जीवनमा पार्ने सकारात्मक प्रभावहरूको सूची तयार गर्न लगाउने<br>-व्यावसायिक रूपमा कृषि तथा पशुपन्छीपालन गर्न के कस्ता सम्भावनाहरू छन् र तिनको विकास गर्न कस्ता उपायहरू अपनाउन सकिन्छ उल्लेख गर्न लगाउने ।<br>-स्थानीय पेसा र सिपयुक्त व्यवसायको सूची | २० |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | रोजगारी सिर्जना र जीविकोपार्जन का उपायहरूको खोजी । | | तयार गर्न लगाउने ।<br>-स्थानीय पेसा तथा सिपयुक्त व्यवसायको वर्तमान अवस्था र महत्त्वबारे उल्लेख गर्न लगाउने ।<br>-अर्थोपार्जनका सम्भावना र रोजगार सिर्जना गर्ने उपायहरू उल्लेख गर्न लगाउने ।<br>-जीविकोपार्जन गर्न सकिने पेसा व्यवसायहरूको सूची तयार पार्न लगाउने। | |
| प्राकृतिक स्रोत र सम्पदा | -प्राकृतिक विविधताको परिचय र संरक्षणका उपाय बताउन ।<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति, जीवजन्तु तथा चराचुरुङ्गीको परिचय, महत्त्व र संरक्षणका उपाय बताउन । | -प्राकृतिक विविधताको परिचय र संरक्षण ।<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति, जीवजन्तु तथा चराचुरुङ्गीको परिचय, महत्त्व र संरक्षण । | -प्राकृतिक विविधता (पहाड र तराइका आधारमा) को परिचय दिन तस्वीर, चार्ट, सूची, श्रव्यदृश्य सामग्री, आदिको प्रयोग वा अवलोकन गराई छलफल गराउने ।<br>-प्राकृतिक विविधता संरक्षणका उपायबारे छलफल, प्रश्नोत्तर आदि गराउने ।<br>-आवश्यक मात्रामा समूह कार्य, परियोजना कार्य | -प्राकृतिक विविधताको परिचय लेख्न लगाउने ।<br>-वातावरण संरक्षणका उपाय लेख्न लगाउने ।<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति/ जडीबुटी, | २० |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | -प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्वर्धनमा योगदान दिन ।<br>-स्थानीय क्षेत्रका जडीबुटीको संरक्षण, प्रयोग र सम्भावनाको खोजी गर्न। | -प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्वर्धन ।<br>-स्थानीय क्षेत्रका जडीबुटीको संरक्षण, प्रयोग र सम्भावनाको खोजी । | गराउने, प्रतिवेदन तयार गर्न लगाउने ।<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति/जडीबुटी, जीवजन्तु तथा चराचुरुङ्गीको परिचय (तस्वीर, चार्ट, सूची, श्रव्यदृश्य सामग्री, आदिको प्रयोग वा अवलोकन गराई) गराउने ।<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति/जडीबुटी, जीवजन्तु तथा चराचुरुङ्गीको महत्त्व र संरक्षणका उपायबारे छलफल, प्रश्नोत्तर आदि गराउने ।<br>-स्थानीयस्तरमा पाइने दुर्लभ वनस्पति/जडीबुटी विद्यालयको फूलबारी वा बगैचामा रोप्न लगाउने । | जीवजन्तु तथा चराचुरुङ्गीको परिचय लेख्न लगाउने<br>-तिनको महत्त्व र संरक्षणका उपाय लेख्न लगाउने । | |
| सङ्घसंस्था | -सङ्घसंस्थाले प्रवाह गर्ने सेवा सुविधाहरूको जानकारी लिई अभ्यस्त हुन ।<br>-पालिकाका शैक्षिक, धार्मिक, सामाजिक तथा वित्तीय संस्थाहरूमा सहभागी भई योगदान र संरक्षणका उपायहरू उल्लेख गर्न ।<br>-पालिकाको शिक्षा शाखाका बारेमा | -पालिकाका शैक्षिक, धार्मिक, सामाजिक तथा वित्तीय संस्थाहरूमा सहभागिता, योगदान र संरक्षण ।<br>-पालिकाको शिक्षा शाखाको परिचय । | -पालिकाभित्र रहेका स्थानीय सङ्घसंस्थाहरूको अवलोकन भ्रमण गरी सबै सङ्घसंस्थाले प्रवाह गर्ने सेवा सुविधाहरूको विवरण सहित अवलोकन भ्रमणको समूहगत रूपमा प्रस्तुतीकरण गर्न लगाउने।<br>-सबै सङ्घसंस्थाले प्रवाह गर्ने सेवा सुविधाहरूको जानकारी प्राप्त भई सकेपछि उक्त सेवा सुविधा लिने तरिकाका बारेमा पनि अभ्यस्त गराउन कक्षामा प्रश्नोत्तर, अन्तरक्रिया, छलफल चलाएर प्रस्ट निष्कर्ष | -पालिकाभित्र रहेका सबै सङ्घसंस्थाहरूको सूची बनाउन लगाई ती सङ्घसंस्थाबाट प्राप्त हुने सेवा सुविधा र सेवा लिने तरिकासमेतको विवरण तयार गर्न लगाउने।<br>-पालिकाभित्र रहेका शैक्षिक, | १८ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | बताउन । | | बताइदिने । -पालिकाभित्र रहेका शैक्षिक, धार्मिक, सांस्कृतिक, सामाजिक, प्रशासनिक, जातीय, भाषिक तथा वित्तीय संस्थाहरूमा कसरी सहभागिता जनाउन सकिन्छ ? जस्ता प्रश्नहरू गरी ती सङ्घसंस्थामा आफू सहभागी भएर के कस्तो योगदान दिन सकिन्छ ? भन्ने विषयमा प्रश्नोत्तर, छलफल तथा अन्तरक्रिया गरी सबै संस्थामा सहभागिता र गर्न सकिने योगदानका बारेमा व्यापक अन्तरक्रिया गरी अन्तमा निष्कर्ष दिने । -गाउँ पालिका अन्तरगत रहेको शिक्षा शाखाको परिचय, यस शाखाले गर्ने प्रमुख कार्यहरू, त्यस शाखामा रहने कर्मचारीहरूको बारेमासमेत प्रश्नोत्तर, अन्तरक्रिया तथा छलफल गरी निष्कर्ष बताइदिने । | धार्मिक, सांस्कृतिक, सामाजिक, प्रशासनिक, जातीय, भाषिक तथा वित्तीय आदि सङ्घ-संस्थाहरूमा सहभागी हुने तरिका र सहभागी भई सकेपछि आफूले दिन सकिने योगदानको छुट्टाछुट्टै विवरण तयार गर्न लगाउने। -गाउँ पालिका अन्तर्गत रहेको शिक्षा शाखाको परिचय, शिक्षा शाखाले गर्ने प्रमुख कार्यहरूको सूची तथा जनशक्तिको विवरण तयार गर्न लगाउने। | |
| आचरण | -घरायसी तथा सामाजिक कार्यहरूमा सहभागिता जनाउन । | -घरायसी, सामाजिक कार्यहरू, सामाजिक | -घरायसी र सामाजिक कुन कुन कार्यमा सहभागिता जनाउने गरेको छ ? विद्यार्थीहरूसँग प्रश्नोत्तर र | -घरायसी र सामाजिक कार्यहरूको सूची तयार गर्न | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | -सामाजिक सम्बन्ध र असल आचरणको अवलम्बन, आचरण सुधारमा नयाँ सम्भावनाको खोजी र स्वःविकासमा योगदान दिन । -आपसी सहयोग र सहकार्य गर्न, अन्तरवैयक्तिक सम्बन्ध स्थापना गर्न साथै विवाद सिर्जना हुँदा समझदारी कायम गर्न । -अनुशासनका प्रभावका बारेमा बताउन । -आफूमा मानवीय आचरण र विशेषताहरू भए नभएको खोजी गर्न | सम्बन्ध, असल आचरणको अवलम्बन, सम्भावनाको खोजी, सहभागिता र स्वःविकासमा योगदान । -आपसी सहयोग, सहकार्य, अन्तरवैयक्तिक सम्बन्ध, समझदारीको विकास र अनुशासनको पालना। -मानवीय आचरण र विशेषताहरू (दया, माया, सहयोग, सद्भाव, सहानुभूति, क्षमा, परोपकार आदि) । | अन्तरक्रिया गरेर कार्यहरूको विवरण तयार गर्ने । -असल आचरणको अवलम्बन गरी सामाजिक सम्बन्ध बढाउनका लागि गर्न सकिने क्रियाकलापहरू बारेमा टिपोट गर्न लगाउने। -असल आचरणको स्वःविकासमा योगदान गर्नका लागि कस्ता कस्ता सम्भावनाहरू रहन्छन् सो को खोजी गर्न अभ्यास गराउने । -आपसी सहयोग, सहकार्य र अन्तरवैयक्तिक सम्बन्ध स्थापना गर्नुका साथै विवाद सिर्जना हुँदा मिलाएर समझदारी कायम गर्न के कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ? भनी कक्षालाई विभिन्न समूहमा विभाजन गरी सहयोग समझदारी र विवाद मिलाउने अभ्यास गराई निष्कर्ष दिने । -अनुशासनले कस्तो प्रभाव पार्दछ ? विद्यार्थी जीवन र घरायसी जीवनमा अनुशासनले पार्ने प्रभावबारेमा बुँदागतरूपमा उल्लेख गर्न लगाउने । -मानवीय आचरण र विशेषताहरूको सूची बनाएर छलफल तथा अन्तरक्रिया | लगाउने । -सामाजिक सम्बन्ध बढाउनका लागि गर्न सकिने क्रियाकलापहरू र कस्तो आचरणको अवलम्बन गर्नु पर्दछ ५ ओटा बुँदामा उल्लेख गर्न लगाउने । -असल आचरणको स्वःविकासका सम्भावनाहरू र सो कार्यमा विद्यार्थीले गर्न सक्ने योगदानका बारेमा सूची बनाउन लगाउने -विवाद सिर्जना हुँदा समझदारी कायम गर्नका लागि गर्न सकिने कुनै तीनओटा क्रियाकलापहरू लेख्न लगाउने । -विद्यार्थी जीवन र अनुशासनको सम्बन्ध र प्रभावका बारेमा | |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | गराई सो अनुसारको विशेषता आफूमा भए नभएको परीक्षण गरी आत्ममूल्याङ्कन गराउने अभ्यास गर्ने । | छोटो टिप्पणी लेख्न लगाउने ।<br>-मानवीय विशेषता र असल आचरणहरूमध्ये आफूमा भएका कुनै तीनओटा विशेषता र आचरणहरू उल्लेख गर्न लगाउने । | |
| स्वास्थ्य | -खाद्य सुरक्षाका उपायहरू उल्लेख गर्न।<br>-स्थानीय पर्यायवरणको सुरक्षामा योगदान दिन<br>-सूर्यनमस्कार,नौकासन र भ्रामरी प्राणायामको अभ्यास गर्न । | -खाद्य सुरक्षाका उपायहरू ।<br>-स्थानीय पर्यायवरणको सुरक्षामा योगदान ।<br>-सूर्यनमस्कार, नौकासन र भ्रामरी प्राणायामको अभ्यास । | -समूह बनाई खाद्य सामग्रीको गुणस्तर के के कारणले घट्छ र त्यसलाई संरक्षण गर्न के कस्ता उपायहरू अवलम्वन गर्नुपर्छ भनी छलफल गर्न दिने र प्रस्तुत गर्न लगाउने ।<br>-स्थानीय पर्यायवरण जोगाउन के के गर्नुपर्छ भनी व्यक्तिगत लेख्न लगाउने र समूह बनाइदिने अनि प्रस्तुत गर्न लगाउने ।<br>-स्थानीय पर्यावरण जोगाउन तिमी के के काम गर्न सक्छौ भनी सोध्ने र कपीमा टिपोट गरी देखाउन लगाउने ।<br>-स्थानीय पर्यावरण अवलोकन गर्न विद्यार्थीहरूलाई लघु शैक्षिक भ्रमण लैजाने र प्रतिवेदन लेख्न लगाई प्रस्तुत गर्न लगाउने । | -खाद्य सामग्रीको गुणस्तर घट्ने कारणहरू उल्लेख गर्न लगाउने ।<br>-खाद्य सुरक्षाका उपायहरू उल्लेख गर्न लगाउने।<br>-लघु शैक्षिक भ्रमणको प्रतिवेदनको ढाँचा लेख्न लगाउने ।<br>-सूर्य नमस्कार तथा नौकासनको अभ्यास गर्न लगाउने र अवलोकन गर्ने।<br>-भ्रामरी प्राणायामको | १७ |

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| | | | -सूर्य नमस्कार तथा नौकासनको अभ्यास गर्ने र गर्न लगाउने ।<br>-भ्रामरी प्राणायामको अभ्यास गर्ने र गर्न लगाउने । | अभ्यास गर्न लगाउने र अवलोकन गर्ने | |

**११. सिकाइ सहजीकरण प्रक्रियाः**

मिक्लाजुङ दर्पण विषयको शिक्षण गर्दा शिक्षकहरूले स्थलगत भ्रमण विधिमा विशेष जोड दिनुपर्ने हुन्छ। यस विषयमा विद्यार्थीहरूले देखेका सुनेका र परिचित भइसकेका विषयवस्तुहरूलाई कक्षा कोठामा छलफल, प्रश्नोत्तर जस्ता विधिहरूको माध्यमबाट बालबालिकाहरूमा स्थायी धारणा बनाउन सहयोग गर्नु पर्दछ । यस विषयमा स्थलगत भ्रमण, चित्र छलफल, अन्तरक्रिया, सामूहिक छलफल, प्रश्नोत्तर, प्रदर्शन, खोज तथा अनुसन्धान, परियोजना कार्य आदि शिक्षण विधिहरूको धेरै प्रयोग गर्नुपर्ने हुन्छ। आवश्यकता र अवस्था अनुसार अडियो भिडियो प्रदर्शन, अभिनय, खेल विधि, सफल कथाहरू प्रस्तुत गर्ने गराउने, इ-पुस्तकालयको प्रयोग, स्थानीय स्रोतव्यक्तिको प्रयोग, प्रयोगात्मक अभ्यास जस्ता शिक्षण विधि एवम् तौर र तरिकाहरू प्रयोग गरी सिकाइ सहजीकरण गर्नु पर्दछ। यो विषय उनीहरूको चिरपरिचित विषयवस्तुहरूलाई समेटेर तयार गरिएकोले उनीहरूलाई रोचक र मनोरञ्जनपूर्ण तरिकाले स्थायी धारणा बसाउन सहयोग गर्नु पर्दछ ।

**१२. विद्यार्थी मूल्याङ्कन प्रक्रियाः**

**१. विद्यार्थी मूल्याङ्कन**

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ। यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ।कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ। यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी

मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भएपनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ।

## २. मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्नसके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्छ । कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका )Portfolio व्यवस्थित गरी ( यिका फायललाई विद्यार्थीको कक्षाकार्यराखिनुपर्छ।कार्यसञ्च, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन।विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य )Authentic task समावेश गर्नु उपयुक्त हुने छ। कक्षा (१-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छः

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ।

२ र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव सिकाइ उपलब्धि .्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ।

३ दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई . सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ।

४ विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ।

५ विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ।

६ मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ।

७ मूल्याङ्कनपश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ। पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीलाई उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ।

८ मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ।विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका )Portfolio व्यवस्थित गरेर (राख्नुपर्छ।

९ मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

१० विद्यार्थीलाई स्व मूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

## ३. मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ। मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरक फरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ। मूल्याङ्कनका साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो। यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ। पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका )Portfolioतयार गरी विद्यार (्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ। कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन्ः

**विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजु सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६. | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७. | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछः

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै

विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ। निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ। यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखीकरण गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ।

### ४. स्तरीकृत औसत अङ्क निकाल्ने तरिका:

### ४.१. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमअनुसार उपलब्धि प्रतिशत निकाल्ने तरिका

आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक विषयको क्षेत्रगत (Thematic) उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइपश्चात् र थप सहायतापश्चात् गरी दुईपटक निकाल्नुपर्छ र उक्त थिमगतरूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छः

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{थिमअन्तर्गतका सबै सिकाइ उपलब्धिमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड}}{४ \times \text{थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

स्थानीय विषयको समग्र वार्षिक उपलब्धि निकाल्दा भने प्रत्येक थिममा थप सहायतापश्चात विद्यार्थीले प्राप्त गरेको अङ्कको योग निकाल्नुपर्छ । उदाहरणका लागि मिक्लाजुङ दर्पण विषयको कक्षा १ मा रहेको पहिलो थिम चिनारीमा जम्मा ३ ओटा सिकाइ उपलब्धि रहेका छन् । यदि एकजना विद्यार्थीले थप सहायतापश्चात् प्राप्त गरेको थिमगत उपलब्धिको अङ्क १० रहेछ भने माथिको सूत्रअनुसार यस थिममा उक्त विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत $\frac{१०}{४\times३} \times १०० = ८३.३\%$ हुन्छ । यसैअनुसार प्रत्येक थिममा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत निकालेर थिमगत र जम्मा सिकाइ उपलब्धि प्रतिशत निकाल्नुपर्छ ।

मिक्लाजुङ दर्पण विषयको जम्मा उपलब्धि प्रतिशत =

$$\frac{\text{थप सहायतापछिको मूल्याङ्कन पश्चात् सबै थिममा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको जोड}}{४\times\text{सबै थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$ हुन्छ ।

उदाहरणका लागि यदि कक्षा १ का कुनै विद्यार्थीले मिक्लाजुङ दर्पणमा प्राप्त गरेको जम्मा थिमगत उपलब्धि ७८ रहेछ भने उपलब्धि प्रतिशत $\frac{७८}{४\times२३} \times १०० = ८४.७८$ हुन जान्छ । जहाँ २३ ले कक्षा १ मा मिक्लाजुङ दर्पण विषयमा भएका जम्मा मुख्य सिकाइ उपलब्धि जनाउँछ । यो उपलब्धि प्रतिशतका आधारमा उक्त विद्यार्थीको ग्रेड A (८४.७८) हुन जान्छ ।

स्थानीय विषयको कक्षा १ मा एक जना विद्यार्थीले थप सहायतापश्चात् प्राप्त गरेको थिमगत तथा कुल उपलब्धि विवरणलाई उदाहरणको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

| क्र.सं. | थिमको नाम | थिमअन्तर्गत रहेका मुख्य सिकाइ उपलब्धि सङ्ख्या | थप सहायता पछिको प्राप्त अङ्क विवरण | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | चिनारी | ३ | १० | ८३.३ | |
| २. | जनजीवन | ४ | १४ | ८७.५ | |
| ३. | आर्थिक क्रियाकलाप | ३ | १० | ८३.३ | |
| ४. | प्राकृतिक स्रोत सम्पदा | २ | ६ | ७५.० | |
| ५. | सङ्घसंस्था | ३ | ९ | ७५.० | |
| ६. | आचरण | ४ | १५ | ९३.८ | |
| ७. | स्वास्थ्य | ४ | १४ | ८७.५ | |
| **जम्मा** | | **२३** | **७८** | $\frac{७८}{४ \times २३} \times १०० = ८४.७८$ | **A** |

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छः

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सो भन्दा माथि | ४.० | $A^+$ | सर्वोत्तम (Outstanding) |
| २. | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | $B^+$ | उत्कृष्ट (Very Good) |
| ४. | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | $C^+$ | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

**द्रष्टव्यः**

- कक्षा १ देखि ३ सम्मको विद्यार्थी मूल्याङ्कन सिकाइका लागि र सिकाइ उपलब्धिमा आधारित भएकाले विद्यार्थीको सिकाइ उपलब्धिस्तर १ वा २ प्राप्त भएको प्रत्येक सिकाइ उपलब्धिमा अनिवार्य रूपमा उपचारात्मक शिक्षण (Remedial Teaching) गरी सिकाइ सुधार गर्नपर्ने भएकाले सबै विद्यार्थीको उपलब्धिस्तर शिक्षकले कक्षा शिक्षणकै क्रममा प्रवीण (Proficient) वा सुदृढ (Advanced) भएको सुनिश्चित गर्नुपर्ने छ । तसर्थ कक्षा १ देखि ३ सम्म ग्रेड उल्लेख नभएका (Not Graded) विद्यार्थी रहने अवस्था नरहने हुँदा यस तहमा ग्रेड वृद्धि परीक्षाको आवश्यकता पर्दैन ।

४.२. <u>मूल्याङ्कन आधारभूत तह (कक्षा ४ देखि ८)</u>

<u>निर्माणात्मक मूल्याङ्कनः (क)</u>

निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो। यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ। विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ। यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ। विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाइ मूल्याङ्कन गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ। प्रामाणिक मूल्याङ्कन) Authentic assessment एक अनौपचारिक ( मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्ने छ। विषयगत रेकर्ड )Anecdotal recordर्थीको प्रगतिका बारेको लिखित तथा रेकविद्या (र्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ। आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ।

निर्माणत्मक मूल्याङ्कनका लागि त्रैमासिक परीक्षा दुई पटक लिइने छ । त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा निम्नअनुसार कार्य गर्नुपर्छः

- आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिताबापत ४, प्रयोगात्मक तथा परियोजना कार्यबापत ३६ र त्रैमासिक परीक्षाबाट प्राप्त १० अङ्कभारमा विद्यार्थीले पाएको अङ्कभार लेख्ने
- त्रैमासिक परीक्षाको लागि ५० अङ्कभारमा परीक्षा सञ्चालन गरी १० अङ्कभारमा रूपान्तरण गर्ने
- वर्गान्तर तालिकाअनुसार विद्यार्थीले पाएको जम्मा अङ्कभारलाई ग्रेडमा उल्लेख गर्ने । जस्तैः

| क्र.सं. | विषय | सहभागिता | प्रयोगात्मक तथा परियोजना कार्य | त्रैमासिक परीक्षा | जम्मा | ग्रेड |
|---|---|---|---|---|---|---|
| | **जम्मा अङ्कभार** | **४** | **३६** | **१०** | **५०** | |
| १. | मिक्लाजुङ दर्पण | ३ | ३१ | ८ | ४२ | A |

**(ख) आधारभूत तह (८देखि ४कक्षा )सम्म निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छः**

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन भार ५० प्रतिशत

आन्तरिक मूल्याङ्कनको अङ्कभारः

- वर्षभरिको सहभागिताबापतको ४ अङ्कमा विद्यार्थीले पाएको अङ्कभार राख्ने
- वर्षभरिको प्रयोगात्मक तथा परियोजना कार्यबापतको ३६ अङ्कमा विद्यार्थीले पाएको अङ्कभार राख्ने
- वर्षभरिको त्रैमासिक परीक्षाबापतको १० अङ्कभारका लागि दुईओटा त्रैमासिक परीक्षामा पाएको १०।१० अङ्कभारलाई ५।५ अङ्कभारमा रूपान्तरण गरी विद्यार्थीले पाएको जम्मा अङ्कभार राख्ने

(आ) निर्णयात्मक मूल्याङ्कनः निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ।

वाह्य मूल्याङ्कनको अङ्कभारः

- विशिष्टीकरण तालिकाअनुसार ५० पूर्णाङ्कको परीक्षामा विद्यार्थीले पाएको अङ्क उल्लेख गर्ने । यसको लागि यहाँ आन्तरिक र बाह्य मूल्याङ्कन गर्दाको नमुना यहाँ दिइएको छः

| क्र. सं. | विषय | आन्तरिक मूल्याङ्कनको अङ्कभार | | | | | बाह्य मूल्याङ्कनको अङ्कभार |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता | प्रयोगात्मक तथा परियोजना कार्य | त्रैमासिक परीक्षा | | जम्मा | |
| | | | | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | | |
| जम्मा अङ्कभार | | ४ | ३६ | ५ | ५ | ५० | ५० |
| १. | मिक्लाजुङ दर्पण | ३ | ३१ | ४ | ४ | ४२ | ४४ |

त्रैमासिक परीक्षा सञ्चालन गर्दा पहिलो त्रैमासिक अवधिमा पठनपाठन भएका विषयवस्तुलाई पहिलो त्रैमासिकमा, पहिलो र दोस्रो त्रैमासिक अवधिमा पठनपाठन भएका विषयवस्तुलाई दोस्रो त्रैमासिकमा र वर्षभरि पठनपाठन भएका विषयवस्तुलाई वार्षिक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ । आन्तरिकतर्फ हाजिरी तथा सिकाइमा सक्रियता र प्रयोगात्मक तथा परियोजना कार्य सबै त्रैमासिकमा छुट्टाछुट्टै तोकिएको जम्मा अङ्कभारमा गराउनु पर्ने छ । निरन्तर र सुधारात्मक मूल्याङ्कन भएकाले यो खण्डको सिकाइ उपलब्धि वार्षिक मूल्याङ्कनसँग जोडिँदैन । त्रैमासिक परीक्षाको अङ्क वार्षिक परीक्षामा समावेश गर्दा पहिलो त्रैमासिकमा लिखित परीक्षामा प्राप्त अङ्कलाई १० अङ्कमा रूपान्तर गरी ग्रेड सिटमा आन्तरिकतर्फ चढाउनुपर्छ । यसै गरी दोस्रो त्रैमासिकमा प्राप्त अङ्कलाई पनि १० अङ्कमा रूपान्तर गरी ग्रेड सिटमा आन्तरिकतर्फ चढाउनुपर्छ । आन्तरिकतर्फ वार्षिक नतिजा तयार गर्दा दुई त्रैमासिकमा प्राप्त अङ्कलाई ५/५ मा रूपान्तरण गरी पुनः १० अङ्क आन्तरिकतर्फ चढाउनुपर्छ ।

(इ) औसत ग्रेड पोइन्ट र विषयको अन्तिम ग्रेड निकाल्ने तरिकाः

- ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कनको भार भएकाले पाठ्यघण्टा पनि सोहीअनुसार आधा गर्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनमा विद्यार्थीले पाएको अङ्कभार छुट्टाछुट्टै राख्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनमा विद्यार्थीले पाएको अङ्कभारको आधारमा ग्रेड निर्धारण तालिकाअनुसार ग्रेड पोइन्ट लेख्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनको पाठ्यघण्टाले GRADE POINT लाई छुट्टाछुट्टै गुणन गरी WGP निकाल्ने
- आन्तरिक र बाह्य मूल्याङ्कनमा आएको WGP (Weighted Grade Point)लाई जोडेर विषयको पाठ्यघण्टाले भाग गरी विषयगत अन्तिम ग्रेड निकाल्ने
- यसरी भाग गर्दा निस्केको अङ्कलाई तलको विषयगत अन्तिम ग्रेड रेन्जअनुसार अन्तिम ग्रेड दिने

| क्र.सं. | विषयगत Final Grade Range | Final Grade |
|---|---|---|
| १. | ३.६१ देखि ४.० सम्म | $A^+$ |
| २. | ३.२१ देखि ३.६ सम्म | A |
| ३. | २.८१ देखि ३.२ सम्म | $B^+$ |

| | | |
|---|---|---|
| ४. | २.४१ देखि २.८ सम्म | B |
| ५. | २.०१ देखि २.४ सम्म | $C^+$ |
| ६. | १.६१ देखि २.० सम्म | C |
| ७. | १.६ | D |
| ८. | १.६ भन्दा कम | Not Graded |

माथिको तालिकामा दिइएको वर्गान्तरअनुसार विषयको अन्तिम ग्रेड निम्नानुसार निकाल्नेः

| SUBJECTS | CREDIT HOUR (CH) | MARKS | GRADE POINT | WEIGHTED GRADE POINT(WGP): (CHXGP) | FINAL GRADE |
|---|---|---|---|---|---|
| LOCAL SUBJECT (TH) | 2 | 44 | 3.6 | 7.2 | A |
| LOCAL SUBJECT (IN) | 2 | 42 | 3.6 | 7.2 | |

TH = Theoretical	IN = Internal

**द्रष्टव्यः**

- आवधिक परीक्षामा (सैद्धान्तिक) ३५ प्रतिशतभन्दा कम आएमा तथा आन्तरिक मूल्याङ्कनमा ४० प्रतिशतभन्दा कम आएमा ग्रेड सिटमा Not graded (NG) उल्लेख गरिने छ । उक्त NG आएका विद्यार्थीले माथिल्लो कक्षामा अध्ययन गर्न पाउने छैनन् ।
- सैद्धान्तिक परीक्षामा ३५ भन्दा कम प्रतिशत अङ्कभार र आन्तरिक मूल्याङ्कनमा ४० भन्दा कम प्रतिशत अङ्कभार आएमा ग्रेड सिटमा Not Graded (*) लेखिने छ ।
- दुई विषयसम्म NG ल्याएका वा दुई विषयमा अनुपस्थित भई अन्य सबै विषयमा ३५ र सोभन्दा बढी प्रतिशत ल्याएका विद्यार्थीले ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् भने दुईभन्दा बढी विषयमा NG प्राप्त गरेका वा अनुपस्थित भएका विद्यार्थीले पुनः सोही कक्षाको नियमित पठनपाठन क्रियाकलापमा सहभागी हुनुपर्ने छ ।
- आन्तरिक/प्रयोगात्मक परीक्षामा कम्तिमा C ग्रेड र सैद्धान्तिक परीक्षामा कम्तीमा D ग्रेड ल्याएकामा मात्र स्तरीकृत औसत (Grade Point Average -GPA) सहितको ग्रेड सिट दिइने छ ।

प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ।

एक शैक्षिक वर्षमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ ।

- अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई परीक्षामा केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ। विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ ।

अनुसूचीः १

## विशिष्टिकरण तालिका

कक्षाः ८ विषयः स्थानीय विषय

| विषय क्षेत्र | अति छोटो | | | छोटो | | | लामो | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| चिनारी | | १ | | | | १ | १ | | |
| जनजीवन | | | १ | १ | | | | १ | |
| आर्थिक क्रियाकलाप | १ | १ | | | | १ | | | |
| प्राकृतिक स्रोत र सम्पदा | १ | | | | १ | | | | १ |
| सङ्घसंस्था | १ | | १ | | १ | | | | |
| आचरण | | | १ | १ | | | | १ | |
| स्वास्थ्य | | १ | | | | १ | | | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क भार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ × ५ = २० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ × ३ = २१ |
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ × १ = ९ |

अनुसूचीः २

## स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार

| क्र.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री बबिकुमार राई | अध्यक्ष | मिक्लाजुङ गाउँपालिका |
| २. | श्री दिनेश पौडेल | उपाध्यक्ष | मिक्लाजुङ गाउँपालिका |
| ३. | श्री डम्मरु बल्लभ बराल | प्रमुख प्रशासकीय अधिकृत | मिक्लाजुङ गाउँपालिका |

## स्थानीय पाठ्यक्रम निर्माण मस्यौदा समिति

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री काशिनाथ खनाल | संयोजक | शिक्षा शाखा प्रमुख, मिक्लाजुङ गाउँपालिका। |
| २. | श्री मानबहादुर राई | सदस्य | कार्यपालिका सदस्य, मिक्लाजुङ गाउँपालिका। |
| ३. | श्री लेनिन राई | सदस्य | विव्यस अध्यक्ष, श्री सरस्वती मावि, मिक्लाजुङ। |
| ४. | श्री महावीर राई | सदस्य | गाउँ शिक्षा समिति सदस्य मिक्लाजुङ। |
| ५. | श्री तीर्थराज आचार्य | सदस्य | क्याम्पस प्रमुख, श्री मिक्लाजुङ क्याम्पस। |
| ६. | श्री मातृकाप्रसाद न्यौपाने | सदस्य | प्रअ, श्री कालिका सा. मावि, मिक्लाजुङ। |
| ७. | श्री प्रेमप्रकाश कोइराला | सदस्य | प्रअ, श्री भगवती मावि, मिक्लाजुङ। |
| ८. | श्री लोकनाथ रिमाल | सदस्य | प्रअ, श्री जलेश्वरी आवि, मिक्लाजुङ । |
| ९. | श्री विश्व राई | सदस्य | शिक्षक, श्री चन्द्रोदय आवि, मिक्लाजुङ। |
| १०. | श्री नवराज दवाडी | सदस्य | अध्यक्ष, श्री मिक्लाजुङ प्याब्सन । |
| ११. | श्री रूद्रबहादुर भण्डारी | सदस्य | उपाध्यक्ष, श्री मिक्लाजुङ साहित्य समाज । |
| १२. | श्री आरती बराल | सदस्य | शिक्षाप्रेमी, मिक्लाजुङ–७ |
| १३. | श्री गोपाल नेपाली | सदस्य | शिक्षाप्रेमी, मिक्लाजुङ–९ |
| १४. | श्री प्राणनाथ दाहाल | सदस्य सचिव | प्राविधिक सहायक, मिक्लाजुङ गाउँपालिका। |

## प्राविधिक तथा विज्ञता सहयोगः

१. श्री अशोककुमार कालाखेती (निवृत्त उपसचिव, शिक्षा सेवा)
२. श्री तुलसीनारायण अधिकारी (निवृत्त अधिकृत दशौं तह, शिक्षा सेवा)
३. श्री बोलराज खनाल (निवृत्त उपसचिव, शिक्षा सेवा)
४. श्री शम्भुप्रसाद भट्टराई (निवृत्त अधिकृत दशौं तह, शिक्षा सेवा)

# SCHOOLS OF MIKLAJUNG

## Miklajung Rural Municipality

### Madhumalla, Morang

### Koshi Province, Nepal

